# गण्डकी प्रदेश ऐन सङ्ग्रह

# खण्ड ३

# २०८३

(उद्योग, वाणिज्य, पर्यटन, वन, वातावरण, विज्ञान प्रविधि, खाद्य, कृषि, सहकारी, भूमिसँग सम्बन्धित ऐनमा २०८३ जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)

प्रकाशक

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

पोखरा, नेपाल ।

प्रकाशित प्रतिः २५०

२०८३ साल असार ।

मूल्य रु. २१०/-

# विषय सूची


| क्र.सं. | | पेज नं. |
| --- | --- | --- |
| १ | गण्डकी प्रदेश सहकारी ऐन, २०७५ | १ |
| २ | गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ | ५७ |
| ३ | गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ | ६९ |
| ४ | गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ | १०७ |
| ५ | गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ | ११६ |
| ६ | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ | १२९ |
| ७ | गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ | १३५ |
| ८ | गण्डकी प्रदेश वन ऐन, २०८० | १५२ |
| ९ | गण्डकी प्रदेश बीउ बिजन ऐन, २०८० | २१० |
| १० | गण्डकी प्रदेश साझेदारी फर्म ऐन, २०८१ | २२१ |
| ११ | गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ | २४६ |
| १२ | गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२ | २६८ |
| १३ | गण्डकी प्रदेश खानी तथा खनिज पदार्थ अन्वेषण र व्यवस्थापन ऐन, २०८२ | २८८ |

# गण्डकी प्रदेश सहकारी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।१०।२७

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७५ सालको ऐन नं २०

**सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सर्वसाधारण वा समुदायमा छरिएर रहेको पुँजी, प्रविधि, ज्ञान, सीप, श्रम तथा प्रतिभालाई स्वावलम्बन तथा पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन एवं समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनका रूपमा सहकारी सङ्घ, संस्थाको दर्ता, सञ्चालन, नियमन तथा प्रवर्धन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "✪गण्डकी प्रदेश सहकारी ऐन, २०७५" रहे को छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा २५ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(ख) "कसूर" भन्नाले दफा ८४ बमोजिमको कसूर सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दर्ता अधिकारी" भन्नाले दफा ७४ बमोजिमको दर्ता अधिकारी सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

✣(ङ१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(च) "प्राथमिक पुँजी कोष" भन्नाले शेयर पुँजी र जगेडा कोष भन्ने सम्झनु पर्छ ।

(छ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(झ) "मुख्य कारोबार" भन्नाले संस्था वा सङ्घले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।

---

✣ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको ।

(ञ) "लेखा सुपरिवेक्षण समिति" भन्नाले दफा ४५ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्छ।

(ट) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाले दफा २४ बमोजिम बनाएको विनियम सम्झनु पर्छ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पुँजीको विभाजित अंश सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

(ढ) "सन्दर्भ ब्याज दर" भन्नाले दफा ४८ बमोजिम निर्धारण गरिएको ब्याज दर सम्झनु पर्छ।

(ण) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको पदाधिकारीलाई समेत जनाउँछ।

(त) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(थ) "समिति" भन्नाले दफा ३८ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(द) "सहकारी संस्था" भन्नाले संस्था, सङ्घ र प्रदेश सहकारी बैंकलाई सम्झनु पर्छ।

(ध) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ।

(न) "सङ्घ" भन्नाले दफा १३ बमोजिम दर्ता भएका जिल्ला विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ र प्रदेश सहकारी सङ्घलाई सम्झनु पर्छ।

(प) "सहकारी बैंक" भन्नाले दफा १० बमोजिम दर्ता

भएको प्रदेश सहकारी बैंकलाई सम्झनु पर्छ।

(फ) "सहकारी मूल्य" भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, इमानदारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह गर्ने लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनु पर्छ।

(ब) "सहकारी मान्यता" भन्नाले सामाजिक उत्तरदायित्व वहन गर्ने, गैर सदस्यसँग कारोबार नगर्ने, सकारात्मक कार्य गर्ने लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मान्यता सम्झनु पर्छ।

(भ) "सहकारी सिद्धान्त" भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्धारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीबिच पारस्परिक सहयोग र समुदायसँगको सरोकार लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनु पर्छ।

(म) "संस्थाको व्यवसाय" भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यावसायिक क्रियाकलाप सम्झनु पर्छ।

(य) "साधारण सभा" भन्नाले सहकारी संस्था, सङ्घ र प्रदेश सहकारी बैंकको साधारण सभा सम्झनु पर्छ।

परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** (१) कम्तीमा उनान्तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक,

युवा, महिला, अपाङ्गता भएका व्यक्ति लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय एक जना नेपाली नागरिकहरूको सहभागिता हुनु पर्नेछ ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१), (२) वा (३) मा उल्लिखित सङ्ख्या पुगेको हुनु पर्नेछ ।

तर दफा १३ बमोजिम संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सय एक जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेसागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका सर्त, बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एक सय एक जनाभन्दा कम सङ्ख्या रहेको एउटै कार्यालय, विश्वविद्यालय, विद्यालय वा सङ्गठित संस्थामा कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका सर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

४. **जिल्ला विषयगत सहकारी सङ्घको गठन**: सहकारी व्यवसायको विकास, प्रवर्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १३ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा एघारवटा संस्थाहरूले आपसमा मिली आफ्नो

विषयको जिल्ला विषयगत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर नेपाल सरकारले “क” वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छवटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

५. <u>**जिल्ला सहकारी सङ्घको गठनः**</u> सहकारी व्यवसायको विकास, प्रवर्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पन्ध्रवटा संस्था वा जिल्ला विषयगत सहकारी सङ्घहरू आपसमा मिली जिल्ला सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर,

(१) नेपाल सरकारले “क” वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा सातवटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

(२) यसरी सङ्घ गठन गर्दा दर्ता भएका जिल्ला भरिका पचास प्रतिशतभन्दा बढी विषयगत सहकारी सङ्घहरू समावेश गरिएको हुनु पर्नेछ ।

६. <u>**प्रदेश विषयगत सहकारी सङ्घ गठनः**</u> सहकारी व्यवसायको विकास, प्रवर्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका पच्चीसवटा विषयगत सहकारी संस्थाहरू वा जिल्ला विषयगत सहकारी सङ्घहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर यसरी सङ्घ गठन गर्दा दर्ता भएका प्रदेशभरिका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी सङ्घहरू समावेश गरिएको हुनु पर्नेछ ।

७. <u>**प्रदेश सहकारी सङ्घ गठनः**</u> सहकारी व्यवसायको विकास, प्रवर्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका एकतीस वटा संस्थाहरू वा जिल्ला विषयगत सहकारी सङ्घहरू वा जिल्ला सहकारी सङ्घहरू वा प्रदेश विषयगत सहकारी सङ्घहरू आपसमा मिली प्रदेश सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

तर यसरी सङ्घ गठन गर्दा प्रदेशमा दर्ता भएका जिल्ला विषयगत

सहकारी सङ्घहरू, जिल्ला सहकारी सङ्घहरू र प्रदेश विषयगत सहकारी सङ्घहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी सङ्घहरू समावेश गरिएको हुनु पर्नेछ।

८. **विशिष्टीकृत सहकारी सङ्घ गठनः** (१) दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पच्चीसवटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल वा जैविक मल कारखाना, फोहोरमैला व्यवस्थापन, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडीबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला, अत्याधुनिक पशुबधशाला, दुग्ध प्रशोधन केन्द्र जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टीकृत सङ्घ गठन गर्न सक्नेछन् । यो पूर्णरूपले व्यावसायिक संस्था हुनेछ र यसलाई कुनै सङ्घ, महासङ्घमा चुन्ने र चुनिने अधिकार रहने छैन।

(२) उपदफा (१) बमोजिमको विशिष्टीकृत सहकारी सङ्घको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **सङ्घ गठन गर्न नसकिनेः** दफा ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला विषयगत सहकारी सङ्घ वा जिल्ला सहकारी सङ्घ, प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी सङ्घ वा प्रदेश सहकारी सङ्घ गठन गर्न सकिने छैन।

१०. **प्रदेश सहकारी बैंक गठन र सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) गण्डकी प्रदेशमा ✂........प्रदेश सहकारी बैंक गठन गर्न सकिनेछ।

(२ ) प्रदेश सहकारी बैंकको गठन, सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुनेः** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन।

१२. **दर्ताको लागि दरखास्त दिनु पर्नेः** (१) यस ऐन बमोजिम गठन भएका देहाय

---

✂ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

बमोजिमका सहकारी संस्थाले दर्ताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछः-

(क) जिल्ला विषयगत सहकारी सङ्घ,

(ख) जिल्ला सहकारी सङ्घ,

(ग) प्रदेश विषयगत सहकारी सङ्घ,

(घ) प्रदेश सहकारी सङ्घ,

(ङ) प्रदेश सहकारी बैंक,

(च) एक स्थानीय तहभन्दा बढी तर प्रदेशभित्र कार्यक्षेत्र हुने विशिष्टीकृत सहकारी सङ्घ,

(छ) एकभन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थाहरू,

(ज) एकभन्दा बढी जिल्ला तर प्रदेशभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरू।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर सङ्ख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

(३) उपदफा (१) बमोजिमको प्रदेश सहकारी बैंक दर्ताका लागि दरखास्तका साथमा उपदफा (२) मा उल्लिखित कागजातहरूका अतिरिक्त नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति पत्र समेत संलग्न गर्नु पर्नेछ।

१३. <u>**दर्ता गर्नु पर्नेः**</u> (१) दफा १२ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरू छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछः-

(क) दरखास्त साथ पेस भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको।

(घ) तोकिए बमोजिमका अन्य आधारहरू पूरा भएको।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरा संशोधन गर्नु पर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो संशोधन गर्नु पर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एकभन्दा बढी स्थानीय तह तर प्रदेशभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्ता सहकारी संस्थाले यस ऐन बमोजिम दर्ता अधिकारी समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण सहित अनुसूची-१ को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन पेस गरी अद्यावधिक गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी अन्य कुनै सर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(६) सहकारी संस्थाले प्रदेश सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ तथा प्रदेश सहकारी बैंक वा साना किसान बैंकको सदस्यता लिन सक्नेछ।

१४. **दर्ता गर्न अस्वीकार गर्न सक्नेः** (१) दफा १२ को उपदफा (२) र दफा

१३ को उपदफा (१) बमोजिमका अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

१५. **सहकारी संस्था सङ्गठित संस्था हुने:** (१) सहकारी संस्था अविच्छिन्न, उत्तराधिकारवाला, एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

१६. **सहकारी संस्थाको कार्यक्षेत्र:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन बमोजिम कायम भएको मानिनेछ।

तर यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले एक वर्षभित्र देहायका विवरण खोली दर्ता अधिकारीसमक्ष यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेस गर्नु पर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता विस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यावसायिक सेवा सञ्चालनको अवस्था र

(ग) तोकिए बमोजिमका अन्य विवरण।

(२) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी व्यवसाय सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन र तोकिए बमोजिम कार्यक्षेत्र विस्तार गर्न निवेदन दिन सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यावसायिक क्षेत्र एवं सदस्यहरूको सहभागिता विस्तारका कारण प्रारम्भ मै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्य क्षेत्र दर्ता गर्दाका बखत नै प्रचलित कानून बमोजिम तोकिएको आधारमा कायम गर्न सकिने छ।

(४) उपदफा (१) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेस भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लिखित सदस्यता विस्तार नभएको वा तोकिएको सङ्ख्या भन्दा कम सदस्यता विस्तार भएको वा भौगोलिक निरन्तरता नभएको, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "भौगोलिक निरन्तरता" भन्नाले एक प्रशासकीय इकाइसँग अर्को प्रशासकीय इकाइको सीमा जोडिएको अवस्थिति सम्झनु पर्छ।

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यावसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यावसायिक एवं प्रवर्धनात्मक सेवाका लागि जिल्ला विषयगत सहकारी सङ्घ वा जिल्ला सहकारी सङ्घको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने ।

(५) उपदफा (४) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुनःनिर्धारण गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दर्ता अधिकारीले कार्यक्षेत्र पुनःनिर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनःनिर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरी सक्नु पर्नेछ । मन्त्रालयले पुनरावलोकन गरी गरेको निर्णय अन्तिम हुनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(१०) सङ्घ र  प्रदेश सहकारी बैंकको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला विषयगत सहकारी सङ्घ र जिल्ला सहकारी सङ्घको हकमा एक जिल्ला,

(ख) प्रदेश विषयगत सहकारी सङ्घ र प्रदेश सहकारी सङ्घको हकमा गण्डकी प्रदेश,

(ग) प्रदेश सहकारी बैंकको हकमा गण्डकी प्रदेश।

(११) कार्यक्षेत्र विस्तार तथा कार्यक्षेत्र पुनःनिर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **जानकारी दिनु पर्नेः** एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र राखी दर्ता भएका वा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले स्थानीय तहमा सेवा सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहलाई सञ्चालित सेवाको विवरण जानकारी दिनु पर्नेछ।

१८. **विषयगत आधारमा वर्गीकरणः** (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) **उत्पादक सहकारी संस्थाः** कृषि (अन्नबाली, तेलहनबाली, मसलाबाली, दुग्ध र दुग्ध पदार्थजन्य, चिया, कफी, उखु, फलफूल, तरकारी, पशु/पन्छीपालन, माछा, दुध, मौरीपालन आदि) जडिवुटी उद्योग, खानी, ऊर्जा, वन पैदावार आदि सम्बन्धी कार्य गर्ने संस्था।

(ख) **सेवा सहकारी संस्थाः** यातायात, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, एम्वुलेन्स सेवा, आवास, होटल, रेष्टुराँ, ट्राभल, साहसिक खेल, मनोरञ्जन, पार्क तथा उद्यान, सभास्थल, व्यायामशाला, सिँचाइ, विद्युत वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन लगायतका कार्य गर्ने संस्था।

(ग) **वित्तीय सहकारी संस्थाः** सहकारी बैंक, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बीमा कारोबार गर्ने संस्था।

(घ) **उपभोक्ता सहकारी संस्थाः** थोक तथा खुद्रा, बजार, भण्डारण, ढुवानी, खरिद, बिक्री, कवाडी सामग्री सङ्कलन तथा बिक्री लगायतका कार्य गर्ने संस्था।

(ङ) **बहुउद्देश्यीय सहकारी संस्थाः** दुई वा दुई भन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था।

(२) उपदफा (१) मा उल्लिखित सहकारी संस्थाहरूको अतिरिक्त अन्य संस्थाहरू गठन गर्न बाधा पर्ने छैन।

१९. **कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः** (१) दफा १३ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि सहकारी संस्थाले दफा २२ बमोजिमको उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नु पर्ने छैन।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सहकारी संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ।

(४) दुई वा दुईभन्दा बढी सहकारी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा

रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री बितरण गर्न सक्नेछन् ।

तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनु पर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(७) सहकारी संस्थाले उत्पादन गरेको वस्तुहरूको उत्पत्तिको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार सङ्घीय कानून बमोजिम हुनेछ ।

२०. **दायित्व सीमित हुनेः** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा “सहकारी” र नामको अन्त्यमा “लिमिटेड” भन्ने शब्द राख्नु पर्नेछ ।

२१. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्नेः** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

परिच्छेद-३

## संस्था वा सङ्घको उद्देश्य तथा कार्य

२२. **संस्था वा सङ्घको उद्देश्यः** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई लोकतान्त्रिक नियन्त्रणका आधारमा आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्था वा सङ्घको मुख्य उद्देश्य हुनेछ ।

२३. **संस्था वा सङ्घको कार्यः** संस्था वा सङ्घका कार्यहरू देहाय बमोजिम हुनेछन्ः-

(क) सहकारीका मूल्य,मान्यता र सिद्धान्तहरूको पालना गर्ने, गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्धन तथा सोको बजारीकरण गर्ने,गराउने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने, गराउने,

(घ) सहकारी संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने, गराउने,

(च) संस्था वा सङ्घको व्यावसायिक प्रवर्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,गराउने,

(छ) मन्त्रालय तथा दर्ता अधिकारीको निर्देशन पालना गर्ने, गराउने,

(ज) सदस्य, संस्था वा सङ्घमा सुशासन प्रवर्धन गर्ने, गराउने,

(झ) संस्था वा सङ्घ बिचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ञ) सहकारी संस्था वा सङ्घको लगानीलाई कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, गराउने,

(ट) एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ठ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद-४

## विनियम तथा आन्तरिक कार्यविधि

२४. **विनियम बनाउनु पर्नेः** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो

कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सहकारी बैंकको विनियम स्वीकृत गर्नु अघि दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकको परामर्श लिनु पर्नेछ।

२५. **आन्तरिक कार्यविधि बनाउन सक्ने:** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागु हुनेछ।

२६. **विनियम र आन्तरिक कार्यविधिमा संशोधन:** (१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य सङ्ख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।

## परिच्छेद-५

## सदस्यता

२७. **संस्थाको सदस्यता:** (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्:-

(क) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित सर्तहरू पालना गर्न मञ्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकायहरू, स्थानीय तह, संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले अर्को कुनै सहकारी संस्थाको सदस्यता लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर दर्ता अधिकारी समक्ष उजुर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ।

२९. **सदस्य हुन नपाउनेः** (१) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा

बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा दफा २७ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको स्वास्थ्य र शिक्षा सहकारी संस्थाको हकमा सङ्घीय कानून बमोजिम हुनेछ ।

३०. **सदस्य हुन सक्नेः** (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी सङ्घमा जिल्लाभित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन् ।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी सङ्घमा जिल्लाभित्रका संस्था र जिल्ला विषयगत सहकारी सङ्घहरू सदस्य हुन सक्नेछन् ।

(३) दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी सङ्घमा प्रदेशभित्रका विषयगत संस्था र जिल्ला विषयगत सहकारी सङ्घहरू सदस्य हुन सक्नेछन् ।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी सङ्घमा प्रदेशभित्रका संस्था, जिल्ला विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ र प्रदेश विषयगत सहकारी सङ्घ सदस्य हुन सक्नेछन् ।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

३१. **सदस्यताको समाप्तिः** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) वार्षिक साधारण सभामा विना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नु पर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २७ बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

३२. **सुविधा प्राप्त गर्न नसक्नेः** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नु पर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद -६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

३३. **साधारण सभाः** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा रहनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

३४. **सहकारी संस्थाको प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** सहकारी संस्थाको प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको

काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३५. **सहकारी संस्थाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार**

सहकारी संस्थाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३६. **साधारण सभाको बैठकः** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने भएमा,

(ख) दफा ४६ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिले सिफारिस गरेमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेस गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(ङ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(च) दफा ३७ को उपदफा (१) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएमा,

(छ) दफा ३९ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

(५) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक सङ्ख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपूरक सङ्ख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य सङ्ख्याको आधारमा स्थानीय तह वा वडामा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्ने र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न सोही सभाबाट प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन वा गठन दफा ३९ र दफा ४५ बमोजिम हुनेछ ।

३७. **विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने**: (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीतको कार्य गरेमा,

(ग) दर्ता अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) प्रदेश सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षणका क्रममा गम्भीर कैफियत देखिएमा,

(ङ) दफा ३९ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ।

(४) सहकारी संस्थाको विशेष साधारण सभाको लागि गणपूरक सङ्ख्या दफा ३६ को उपदफा (४) र (५) बमोजिम हुनेछ।

३८. **सञ्चालक समितिः** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ।

(२) कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ।

(३) सञ्चालक समितिमा एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन।

(४) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।

(५) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

(६) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन।

तर वार्षिक दुई करोड रूपैयाँभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम

गर्न बाधा पर्ने छैन। वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गर्नु पर्नेछ। यसरी पदत्याग गरेमा संस्थाले तत्काल अर्को कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

(७) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।

(८) समितिको कार्यावधि चार वर्षको हुनेछ।

(९) बहालवाला सरकारी कर्मचारी, शिक्षक, बैंक, फाइनान्स, वित्तीय संस्थाका सञ्चालक र कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनीत हुन पाउने छैन। यो ऐन प्रारम्भ हुँदाका बखत त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनीत भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ।

तर पेसागत आधारमा गठन हुने सहकारी संस्थामा सञ्चालक हुन बाधा पर्ने छैन।

(१०) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता अधिकारीलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो सङ्घ भए सो सङ्घको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

४०. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभामा पेस गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित सङ्घको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेस गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ट) संस्थाको लगानीलाई कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, गराउने

(ठ) एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

४१. **पदमा बहाल नरहने**: देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ४२ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को सहकारी संस्थाको सञ्चालक भएमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएमा, तर दफा ३८ को उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा ।

४२. **पदबाट हटाउन सक्ने**: (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछः-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनीयता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग

प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाइ पेस नगरेमा वा निजले पेस गरेको सफाइ सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

४३. **निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुनेः** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी

हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असुल उपर गरिनेछ।

४४. **समितिको विघटनः** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नु पर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित सर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३७ को उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदन समेतको आधारमा दर्ता अधिकारीले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भीर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ।

(५) प्रदेश सहकारी बैंकको समिति विघटन गर्नु पूर्व दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकको परामर्श लिनु पर्नेछ र नेपाल राष्ट्र बैंकको परामर्श बमोजिम तदर्थ समिति गठन गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

४५. **लेखा सुपरिवेक्षण समिति गठनः** (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

४६. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखा परीक्षण गर्दा लेखा परीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेस गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन

नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद-७
## बचत तथा ऋण परिचालन

४७. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने:** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्थाहरूले मुख्य कारोबार गर्नु पर्नेछ ।

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा दर्ता अधिकारीले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नवीकरण शुल्क

सम्बन्धित संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ।

(४) नियमित बचतको ब्याज र ऋणको ब्याजदरको अन्तर पाँच प्रतिशतभन्दा बढी हुने छैन।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन।

(६) सहकारी संस्थाले बचत रकम सदस्य बिच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्न बाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैंक (सहकारी बैंक बाहेक) को शेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन।

(७) सहकारी संस्थाले प्राथमिक पुँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ।

(८) संस्था वा सङ्घले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतीत नभई ऋण लगानी गर्न सक्ने छैन।

(९) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले आफ्नो ऋण लगानीको तीस प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्नेछ।

४८. **<u>सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्था</u>ः** (१) दर्ता अधिकारीले सहकारी संस्थाको प्रयोजनका लागि बचत ऋणको सन्दर्भ ब्याजदर (रेफरेन्स इन्ट्रेष्ट रेट) सङ्घीय कानून बमोजिम र दफा ३८ को उपदफा (६) को कारोबारको अधिकतम सीमा तोक्न सक्नेछ।

✪(२) उपदफा (१) बमोजिमको सन्दर्भ ब्याजदर तोक्ने सम्बन्धमा देहाय बमोजिमको समितिको सिफारिस लिनु पर्नेछः-

(क) दर्ता अधिकारी - संयोजक

(ख) प्रतिनिधि, मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(घ) प्रतिनिधि, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) प्रतिनिधि, नेपाल राष्ट्र बैंक - सदस्य

(छ) प्रतिनिधि, प्रदेश सहकारी सङ्घ - सदस्य

(ज) प्रतिनिधि, प्रदेश सहकारी बैंक - सदस्य

(झ) प्रतिनिधि, प्रदेश विषयगत सहकारी सङ्घबाट दुई जना - सदस्य

(ञ) सहायक दर्ता अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाको लागि निर्देशक ब्याजदर हुनेछ।

(३) सन्दर्भ ब्याजदर निर्धारणका आधार र प्रकृया तोकिए बमोजिम हुनेछ।

४९. **व्यक्तिगत बचतको सीमाः** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -८

## आर्थिक स्रोत परिचालन

५०. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पुँजीको दश प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुने छैन।

(३) सहकारी संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रूपैयाँ हुनेछ।

(४) सहकारी संस्थाको शेयर पुँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ।

(५) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन।

(६) सहकारी संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व बापत लिलाम बिक्री गरिने छैन।

५१. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तीन महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(३) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले बचत खाताहरू सञ्चालन गर्न सक्नेछ।

५२. **ऋण वा अनुदान लिन सक्नेः** (१) सहकारी संस्थाले बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिनु अघि प्रदेश सरकारको सिफारिसमा सङ्घीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

५३. **नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः** (१) सहकारी संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा त्यसको लागि प्रदेश सरकार मार्फत सङ्घीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा नेपाल सरकारले आवश्यक सर्त तोक्न सक्नेछ।

परिच्छेद -९

## सहकारी संस्थाको कोष

५४. **सहकारी संस्थाको कोषः** (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(छ) व्यवसायबाट आर्जित रकम,

(ज) सदस्यता प्रवेश शुल्क,

(झ) सहकारी संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

५५. **जगेडा कोषः** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, सङ्घ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम,

(ग) अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ।

५६. **संरक्षित पुँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पुँजी फिर्ता कोष रहनेछ।

(२) दफा ५५ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

५७. **सहकारी प्रवर्धन कोषः** (१) सहकारी संस्थामा एक सहकारी प्रवर्धन कोष रहनेछ।

(२) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्धन गर्नको लागि दफा ५५ बमोजिमको जगेडा कोषमा सोही दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सङ्घीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोष परिचालन सङ्घीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

५८. **अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेदमा अन्यत्र उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा शेयर लाभांश कोष, सहकारी शिक्षा कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ।

(३) प्रदेश सहकारी बैंकको कूल सम्पत्ति र अन्य कारोबारको दायित्वको आधारमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमका अन्य कोषहरू समेत रहनेछन्।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पुँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन।

## परिच्छेद -१०

## अभिलेख र सूचना

५९. **अभिलेख राख्नु पर्नेः** (१) सहकारी संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारहरूको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित राख्नु पर्नेछ।

६०. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरू सहितको प्रतिवेदन तोकिएको समयभित्र दर्ता अधिकारी समक्ष पेस गर्नु पर्नेछः-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य सङ्ख्या र शेयर पुँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण, तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता अधिकारीले समय समयमा तोकिदिएका अन्य विवरण।

(२) दर्ता अधिकारीले उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ।

(३) प्रदेश सहकारी बैंकले उपदफा (१) बमोजिमको प्रतिवेदन तोकिएको अवधिभित्र नेपाल राष्ट्र बैंकमा समेत पेस गर्नु पर्नेछ।

## परिच्छेद - ११

## लेखा र लेखा परीक्षण

६१. **कारोबारको लेखाः** सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी सङ्घीय कानून बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नु पर्ने अन्य सर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

६२. **लेखा परीक्षणः** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सङ्घीय कानून बमोजिम इजाजतपत्र प्राप्त लेखा परीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखा परीक्षण नगराएको पाइएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखा परीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखा परीक्षण गराउँदा लेखा परीक्षकलाई दिनु पर्ने पारिश्रमिक तथा सुविधा सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखा परीक्षकले गरेको लेखा परीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभामा पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेस भएको लेखा परीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखा परीक्षणको लागि साधारण सभाले दफा ६३ को अधीनमा रही अर्को लेखा परीक्षक नियुक्त गर्नेछ।

(६) प्रदेश सहकारी बैंकले आफ्नो लेखा परीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकमा समेत पेस गर्नु पर्नेछ।

६३. **लेखा परीक्षकको नियुक्तिः** (१) सहकारी संस्थाको लेखा परीक्षण सम्बन्धी कार्य गर्न सङ्घीय कानून बमोजिम इजाजतपत्र प्राप्त लेखा परीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखा परीक्षक नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखा परीक्षकको पारिश्रमिक

तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखा परीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार दुई आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्ति गर्न सकिने छैन ।

६४. **लेखा परीक्षकमा नियुक्त हुन नसक्ने**: (१) देहायका व्यक्ति लेखा परीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैनः-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखा परीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) दफा ६३ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा सङ्घसँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखा परीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

(३) कुनै लेखा परीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखा परीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखा परीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखा परीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा सहकारी संस्थालाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कुनै परिस्थिति उत्पन्न भएमा

सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिबाट नयाँ लेखा परीक्षकको नियुक्ति गरी लेखा परीक्षण गराई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

तर साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखा परीक्षणको लागि साधारण सभाले दफा ६३ को अधीनमा रही अर्को लेखा परीक्षक नियुक्त गर्नेछ।

(५) यस दफाको व्यवस्था विपरीत हुने गरी नियुक्त भएको लेखा परीक्षकले गरेको लेखा परीक्षण मान्य हुने छैन।

## परिच्छेद–१२

## ऋण असुली तथा बाँकी बक्यौता

६५. **ऋण असुल गर्ने:** (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा सर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिँदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जना असुल उपर गर्न सकिनेछ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जाना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित सहकारी संस्थालाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

(८) ऋण असूली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६६. **बाँकी बक्यौता असुल उपर गर्ने:** कसैले सहकारी संस्थालाई तिर्नु, बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत सहकारी संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ।

६७. **रोक्का राख्न लेखी पठाउने:** (१) सहकारी संस्थाले दफा ६५ र ६६ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ।

६८. **अग्राधिकार रहने**: कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ।

६९. **कारबाही गर्न बाधा नपर्ने**: कुनै सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद-१३

## एकीकरण, विघटन तथा दर्ता खारेज

७०. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था**: (१) यस ऐनको अधीनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभिई एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य सङ्ख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका सर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

(४) एकीकरण गर्ने सहकारी संस्थालाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

(५) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७१. **विघटन र दर्ता खारेज**: (१) कुनै सहकारी संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ :-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानबिन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ :-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको पाइएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकेको सीमाभन्दा बढी रकम अनुदान प्राप्त गरेको संस्था वा सङ्घको दर्ता खारेज गर्नु अघि सम्बन्धित मन्त्रालय वा विभागको स्वीकृति लिनु पर्नेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारी संस्था वा सङ्घको दर्ता खारेजी भएमा त्यस्तो संस्था वा सङ्घको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

(८) प्रदेश सहकारी बैंकले तिर्नु पर्ने ऋण तथा बाह्य दायित्व

भुक्तान गर्न नसकिने देखिएमा त्यस्तो बैंकलाई खारेज गर्नका लागि दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकसँग परामर्श गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको राष्ट्र बैंकको परामर्श अनुरुप दर्ता अधिकारीले प्रदेश सहकारी बैंक खारेज गरी लिक्वीडेटर नियुक्त गर्न सक्नेछ।

७२. **लिक्वीडेटरको नियुक्तिः** (१) दफा ७१ बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा दर्ता अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा दर्ता अधिकारीले कुनै अधिकृतस्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्त गर्न सक्नेछ।

(३) लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. **लिक्वीडेसन पछिको सम्पत्तिको उपयोगः** कुनै सहकारी संस्थाको लिक्वीडेसन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग सङ्घीय कानून बमोजिम हुनेछ।

## परिच्छेद -१४
## दर्ता अधिकारी

७४. **दर्ता अधिकारीः** (१) यस ऐन अन्तर्गत सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्ने गरी मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत कर्मचारीलाई दर्ता अधिकारीको रूपमा तोक्नु पर्नेछ।

(२) दर्ता अधिकारीलाई कार्यसम्पादनमा सहयोग गर्न चाहिने सहायक दर्ता अधिकारी लगायतका आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ।

७५. **दर्ता अधिकारीको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता अधिकारीको काम,

कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीलाई प्राप्त अधिकार मध्ये केही अधिकार आफू मातहतको अधिकृतस्तरको सहायक दर्ता अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

परिच्छेद -१५

## निरीक्षण तथा अनुगमन

७६. **निरीक्षण तथा हिसाब किताब जाँच गर्ने:** (१) दर्ता अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता अधिकारीले माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको काम कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

(४) नेपाल राष्ट्र बैंकले सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्ने सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैंकले मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

७७. **छानबिन गर्न सक्ने:** (१) कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रूपमा दिनु पर्नेछ।

७८. **बचत तथा ऋणको कारोबार गर्ने संस्था वा सङ्घको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा सङ्घले अवलम्बन गर्ने अनुगमन प्रणाली र अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) दर्ता अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा सङ्घको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्था वा सङ्घको निरीक्षण तथा अनुगमन दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ।

७९. **मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्ने:** (१) दर्ता अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकोले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो संस्थाको निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(३) मन्त्रालयले यस दफा बमोजिम भएको निरीक्षण तथा अनुगमन र दिइएको निर्देशनको सम्बन्धमा दर्ता अधिकारीलाई समेत जानकारी दिनु पर्नेछ।

८०. **सङ्घले निरीक्षण तथा अनुगमन गर्नु पर्ने:** (१) सङ्घले आफ्ना सदस्यको काम कारबाहीको तोकिए बमोजिम निरीक्षण तथा अनुगमन गरी सोको वार्षिक प्रतिवेदन मन्त्रालय तथा दर्ता अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नु पर्नेछः-

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा सङ्घको विवरण,

(ख) संस्था वा सङ्घमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(घ) सदस्यहरूको सहभागिताको स्तर,

(ङ) संस्था वा सङ्घको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन,

(च) तोकिए बमोजिमका अन्य व्यवस्था।

(३) उपदफा (२) बमोजिम सङ्घले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा सङ्घको काम कारबाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याउन सम्बन्धित संस्था वा सङ्घलाई सुझाव वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा सङ्घको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा सङ्घले दर्ता अधिकारी समक्ष आवश्यक कारबाहीको लागि सिफारिस गर्नेछ।

(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय सङ्घको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ।

८१. **वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेः** (१) दर्ता अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन सङ्घीय मन्त्रालय, सहकारी विभाग र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः-

(क) सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको सङ्ख्या तथा

आर्थिक कारोबारको विवरण,

(ग) सहकारी संस्थामा सहकारी सिद्धान्त र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था तथा सोको उपयोगको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) सहकारी संस्थालाई प्रचलित कानून बमोजिम प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको उपयोगको अवस्था,

(छ) सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ट) सहकारी संरक्षित पुँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्था वा सङ्घले सञ्चालन गरेको दफा १९ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण।

परिच्छेद -१६

## समस्याग्रस्त संस्था वा सङ्घ

८२. **संस्था वा सङ्घ समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः** (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्था वा सङ्घमा देहायको अवस्था विद्यमान रहेको देखिएमा दर्ता अधिकारीले त्यस्तो संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा सङ्घले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तान गर्नु पर्ने दायित्व भुक्तान गर्न नसकेको वा भुक्तान गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित सर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा सङ्घ सञ्चालन भएको,

(ङ) संस्था वा सङ्घ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्था वा सङ्घले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा सङ्घका कम्तीमा पच्चीस जना सदस्यहरूले दर्ता अधिकारी समक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो

संस्था वा सङ्घलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्रदेश सरकारले गठन गरेको आयोगले कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी सङ्ख्या, औचित्य समेतको आधारमा मन्त्रालयले त्यस्तो संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सक्नेछ।

८३. **व्यवस्थापन समितिको गठनः** (१) यस ऐन बमोजिम कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गरिएकोमा त्यस्तो संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तान सम्बन्धी कार्य गर्न सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिम व्यवस्थापन समिति गठनको लागि मन्त्रालयले नेपाल सरकारको सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(२) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ।

## परिच्छेद-१७

## कसूर, दण्ड जरिबाना तथा पुनरावेदन

८४. **कसूर, दण्ड जरिबाना तथा पुनरावेदनः** कसूर, दण्ड जरिबाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिम हुनेछ।

८५ **अनुसन्धानको लागि लेखी पठाउन सक्नेः** दर्ता अधिकारी वा मन्त्रालयले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले सहकारी सम्बन्धी सङ्घीय कानून बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

## परिच्छेद-१८

## विविध

८६. **मताधिकारको प्रयोगः** (१) कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा बढी प्रतिनिधि पठाउन सकिनेछ र प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक संस्था वा सङ्घबाट सम्बन्धित सङ्घको समिति वा लेखा सुपरिवेक्षण समितिमा एकभन्दा बढी व्यक्ति निर्वाचित हुन सक्ने छैन।

८७. **सामाजिक परीक्षण गराउन सक्नेः** (१) सहकारी संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभामा पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले दर्ता अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

८८. **आर्थिक सहयोग गर्न नहुनेः** सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई आर्थिक सहयोग गर्न पाइने छैन तर सामाजिक कार्यमा भने त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "सामाजिक कार्य" भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् उद्धार तथा राहत, मानवीय सहायता र सहकारिता प्रवर्धन सम्बन्धी कार्यलाई जनाउँछ।

८९. **अन्तर सहकारी कारोबार गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन्।

(२) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९०. **ठेक्कापट्टा दिन नहुनेः** सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई सो सहकारी संस्थाको ठेक्कापट्टा दिन हुँदैन।

९१. **विवाद समाधानः** सहकारी संस्थाका बिच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ।

९२. **प्रोत्साहन गर्न सकिनेः** सहकारी क्षेत्रको प्रवर्धनको लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

९३. **विभागीय कारबाही हुनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ।

९४. **सरकारी बाँकी सरह असुल उपर हुनेः** कुनै सहकारी संस्था, सङ्घले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

९५. **कानून बमोजिम हुनेः** यस ऐनमा सङ्घीय कानून बमोजिम हुने भनी अन्यत्र उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायका विषयहरू सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछन्ः-

(क) सहकारी संस्थालाई प्राप्त हुने कर छुट, सुविधा र सहुलियत सम्बन्धी,

(ख) कालो सूचीमा राख्ने सम्बन्धी,

(ग) कर्जा सूचना केन्द्र सम्बन्धी,

(घ) संस्थाले आपसी सुरक्षण सेवा सञ्चालन गर्ने सम्बन्धी,

(ङ) स्थिरीकरण कोषमा सहभागी हुने सम्बन्धी।

(च) सहकारी मूल्य, मान्यता र सिद्धान्त सम्बन्धी।

९६. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागु नहुने**: यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागु हुने छैन।

९७. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने**: यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।

९८. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नु पर्ने**: सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सङ्घीय कानूनको व्यवस्थाका साथै तत्सम्बन्धमा सङ्घीय कानून बमोजिमका निकायले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ।

९९. **साझेदारी गर्न सक्ने**: सहकारी मार्फत आर्थिक समृद्धि प्राप्त गर्न प्रदेश सरकार र सहकारी संस्थाहरूले साझेदारीमा विकासका व्यावसायिक परियोजनाहरू सञ्चालन गर्न सक्नेछन्।

१००. **कार्यक्रम सञ्चालन गर्न सक्ने**: प्रदेश सरकारले सहकारी संस्थाको प्रवर्धन तथा क्षमता विकास गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन एवं प्रोत्साहन गर्न सक्नेछ।

१०१. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

१०२. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण, अनुगमन तथा प्रवर्धन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता

अनुसार मापदण्ड,  निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार दर्ता अधिकारी, नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायहरूको परामर्श लिन सकिनेछ।

अनुसूची-१

(दफा १२ को उपदफा (१)सँग सम्बन्धित)

**दर्ता दरखास्तको निवेदन**

श्री दर्ता अधिकारी ज्यू,                    मिति : ......../........./......

..........., .............

विषयः सहकारी संस्था दर्ता सम्बन्धमा ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायको सहकारी संस्था दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण तथा अन्य कागजात सहित सहकारी ऐन, २०७५ को दफा १२ को उपदफा (१) बमोजिम यो निवेदन पेस गरेका छौँ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौँ ।

(१) संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित सहकारी संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य सङ्ख्या :

(१) महिला :

(२) पुरुषः

(ज) शेयर पुँजीको रकमः

(अ) चुक्ता पुँजी :        (आ) कूल पुँजी :

(झ) प्रवेश शुल्क बापत प्राप्त रकमः

(२) यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारी संस्थाले यस ऐनको दफा १३ को उपदफा (३) बमोजिम अद्यावधिक हुनको लागि दिने निवेदनमा बुँदा नं (१) का कुराका अतिरिक्त देहायका विवरणहरू समावेश गर्नु पर्नेछः-

(क) दर्ताको प्रमाणपत्र

(ख) विनियम

(ग) अन्य आवश्यक विवरण

निवेदकः

अनुसूची-२

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**सहकारी संस्था दर्ता प्रमाण पत्रको नमूना**

गण्डकी प्रदेश

✪आर्थिक मामिला मन्त्रालय

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

दर्ता अधिकारीको कार्यालय

..........., ...............

**सहकारी संस्था दर्ता प्रमाण पत्र**

दर्ता नं. :                                  दर्ता मिति :

सहकारी ऐन, २०७५ को दफा १३ को उपदफा (१) बमोजिम श्री........................ .............सहकारी संस्था/सङ्घ लि लाई सीमित दायित्व भएको सहकारी संस्था/सङ्घ लि. दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण पत्र प्रदान गरिएको छ।

सहकारी संस्था/सङ्घ लि. को वर्गीकरण : ................................

सहकारी संस्था/सङ्घ लि. को कार्यक्षेत्र : .................................

सहकारी संस्था/सङ्घ लि. दर्ताको आधार : ..............................

दर्ता गर्ने अधिकारीको,

दस्तखत :

मिति :

नाम :

दर्जा :

कार्यालयको छाप :

नोट :- संस्था/सङ्घको विनियममा उल्लिखित कार्यहरू गर्न प्रचलित कानूनहरूले इजाजत लिनु पर्ने भएमा सम्बन्धित निकायवाट इजाजत लिनु पर्नेछ। साथै सम्झौता गरी कारोबार गर्नु पर्ने भएमा सम्झौता गरी सोको लिखित जानकारी गराए पछि मात्र कारोबार गर्न सकिनेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

# गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।१०।२७

<u>संशोधन गर्ने ऐन</u>

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

<u>२०७५ सालको ऐन नं २१</u>

**<u>वर, पिपल, शमी र चौतारो संरक्षण तथा व्यवस्थापन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय संरक्षण एंव प्राकृतिक प्रकोप न्यूनीकरणका हिसाबले महत्त्वपूर्ण वर, पिपल, शमी र चौतारो संरक्षण सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद - १

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "✪गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागु हुनेछ।

✪२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले दफा २ को खण्ड (छ) बमोजिमको योजना कार्यान्वयन गर्ने सम्बन्धित संस्था सम्झनु पर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

वन, वातावरण तथा जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित वर, पिपल, शमी र चौतारो संरक्षण समिति सम्झनु पर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले दफा २ को खण्ड (छ) बमोजिमको योजना सञ्चालनमा रहेका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।"

(च) "वर, पिपल, शमी र चौतारो" भन्नाले सार्वजनिक वा निजी वा जुनसुकै जग्गामा रोपिएको वा हुर्केको प्राकृतिक वा साँस्कृतिक महत्त्व भएका वर, पिपल, शमी, लाकुरी, कदम, आँप, नारेश्वर, धुपी आदि जस्ता रुख संरक्षण, संवर्धन गर्दै सुस्ताउने, आराम गर्ने, गाउँ वा टोलको भेला गर्ने उद्देश्यले बनाइएको चौतारो सम्झनु पर्छ र सो शब्दले वर, पिपल, शमी र चौतारो सँगै भएको कुवा, कुण्ड, पोखरी वा यस्तै अन्य प्राकृतिक वा साँस्कृतिक वा ऐतिहासिक महत्त्व भएको स्थल समेतलाई जनाउँछ ।

(छ) "योजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको प्राथमिकता प्राप्त योजनाको रुपमा स्वीकृत भएको सरकारी योजना वा निश्चित समयावधि पछि सरकारलाई हस्तान्तरण हुने गरी निजी क्षेत्रबाट वा सार्वजनिक-निजी साझेदारीमा निर्माण भएको पूर्वाधार सम्बन्धी योजना वा सार्वजनिक उपयोगको वस्तु वा सेवा सम्बन्धी सडक, खानेपानी, विद्युत, खनिज जस्ता पूर्वाधार सम्बन्धी योजना वा राष्ट्रिय वा प्रादेशिक गौरवका योजनाको रुपमा तोकेको योजना सम्झनु पर्छ र सो शब्दले कानूनी रुपमा स्थापना भई सञ्चालनमा रहेका अन्य

सामाजिक सङ्घ संस्थाले सञ्चालन गर्ने योजना समेतलाई जनाउँछ।

परिच्छेद - २

## वर, पिपल, शमी र चौतारोको दर्ता र अभिलेख

३. **सरकारको सम्पत्ति हुने**: (१) सार्वजनिक प्रयोगमा रहेको जुनसुकै स्थानको वर, पिपल, शमी र चौतारो ✪स्थानीय तहको सम्पत्ति हुनेछ।

(२) आफ्नो क्षेत्रभित्रको सबै वर, पिपल, शमी र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तहको हुनेछ।

(३) सार्वजनिक प्रयोगमा रहेको निजी स्वामित्वको वर, पिपल, शमी र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तह र स्वामित्वमा रहनेको हुनेछ।

४. **दर्ता गर्नु पर्ने**: (१) स्थानीय तहले यस ऐन बमोजिम आफ्नो क्षेत्रभित्रका वर, पिपल, शमी र चौतारोको दर्ता किताब बनाई दर्ता गर्नु पर्नेछ।

(२) दर्ता गर्दा वर, पिपल, शमी र चौतारोको ऐतिहासिकता, पत्ता लागे सम्म निर्माण गर्ने व्यक्ति वा संस्थाको नाम, ठेगाना, वर, पिपल, शमी र चौतारोको भौगोलिक सूचना प्रणाली बमोजिमको अवस्थिति सहितको विवरण अभिलेख राख्नु पर्नेछ।

(३) वर, पिपल, शमी र चौतारोसँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुनै ऐतिहासिक वा पूरातात्विक महत्त्वको स्थल भए चारकिल्ला क्षेत्रफल खुल्ने गरी सोको अभिलेख राख्नु पर्नेछ।

(४) दर्ता किताबको ढाँचा ✪अनुसूची मा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद -३

## वर, पिपल, शमी र चौतारो संरक्षण सम्बन्धी व्यवस्था

५. **संरक्षण सम्बन्धी व्यवस्था**: (१) स्थानीय तहले प्राकृतिक तथा ऐतिहासिक महत्त्वको कुनै वर, पिपल, शमी र चौतारोलाई बिगार्न, मास्न वा हटाउन नपाउने गरी तोक्न सक्नेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वर, पिपल, शमी र चौतारोको अवस्था हेरी हरेक वर्ष परीक्षण गरी काँटछाँट वा मर्मत वा वैज्ञानिक व्यवस्थापन वा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(३) स्थानीय तहले आफ्नो क्षेत्रभित्र सार्वजनिक सेवा प्रवाहमा वाधा पुगेका वा पुग्न सक्ने देखिएका वा जोखिमयुक्त अवस्थामा रहेका वर, पिपल, शमी र चौतारोको आवश्यक काँटछाँट तथा व्यवस्थापन गर्नु पर्नेछ।

(४) स्थानीय तहले वर, पिपल, शमी र चौतारोसँगै भएका कुवा, कुण्ड, पोखरीको समेत परम्परागत शैलीमा संरक्षण गर्नु पर्नेछ।

(५) कुनै व्यक्ति वा संस्थाले आफ्नै खर्चमा सार्वजनिक जग्गामा वर, पिपल, शमी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न चाहेमा स्थानीय तहले सोका लागि अनुमति दिन सक्नेछ।

(६) वर, पिपल, शमी र चौतारो सँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुनै ऐतिहासिक वा पूरातात्विक महत्त्वको सम्पदाको संरक्षण सो सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

६. **वर, पिपल, शमी र चौतारो नपर्ने गरी सम्भाव्यता अध्ययन गर्नु पर्ने**: (१) ✂……………आयोजनाले कुनै योजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भव भएसम्म वर, पिपल, शमी र चौतारो नपर्ने गरी सम्भाव्यता र विकल्पहरूको अध्ययन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा अति आवश्यक र न्यूनतम वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने विकल्पको छनौट गर्नु पर्नेछ।

✪७. **विकल्प नभए मात्र हटाउन सकिने**: (१) यस ऐन बमोजिम दर्ता भएका वर, पिपल, शमी र चौतारो काट्नु, मास्नु वा हटाउनु परेमा देहाय बमोजिमको अध्ययन तथा सिफारिस समितिको सिफारिसको आधारमा स्थानीय तहले स्वीकृति दिनेछः-

---

✂ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

| | | |
|---|---|---|
| (क) | स्थानीय तहको प्रमुख वा अध्यक्ष वा उपप्रमुख वा उपाध्यक्ष | -संयोजक |
| (ख) | डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ग) | स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| (घ) | सम्बन्धित आयोजनाको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ङ) | स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

(२) अध्ययन तथा सिफारिस समितिले स्थलगत निरीक्षण वा अध्ययन गरी प्रस्तावित योजनामा कुनै कुरा परिमार्जन गर्नु पर्ने भएमा सो व्यहोरा खुलाई आयोजनालाई लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएको विषय आयोजनाले परिमार्जन गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त र राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनामा सम्भाव्यता अध्ययन वा ड्रइङ्ग डिजाइन परिवर्तन गर्ने गरी अध्ययन तथा सिफारिस गरिने छैन।

(५) अध्ययन तथा सिफारिस समितिबाट सिफारिस भई आएमा स्थानीय तहले योजनाको कार्यान्वयन गर्न वर, पिपल, शमी र चौतारो काट्न, मास्न वा हटाउन स्वीकृति दिनुपर्नेछ र सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम स्वीकृति पाएपछि आयोजनाले उक्त वर, पिपल, शमी र चौतारो आफ्नै लागत खर्चमा हटाई वर, पिपल, शमी र चौतारोका बोटहरूको कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ।

(७) योजना कार्यान्वयन गर्दा वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा आयोजनाले स्थानीय तहले तोकेको स्थानमा वर, पिपल, शमी र चौतारो बनाई सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ।

(८) मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाको लागि वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा सोको पाँच गुणाको दरले नयाँ वर, पिपल, शमी लगाई पाँच वर्ष संरक्षण गरी हस्तान्तरण गर्नु पर्नेछ।

(९) स्थानीय तहले आयोजनासँग वर, पिपल, शमी र चौतारो हटाउँदा पालना गर्नु पर्ने सर्तहरू समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको सम्झौताका व्यवस्था आयोजनाले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(११) स्थानीय तहले सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउनेछ।

(१२) वर, पिपल, शमी र चौतारो हटाई नयाँ निर्माण गरे, नगरेको विषयमा मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्न र सुधारका लागि स्थानीय तह मार्फत आयोजनालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(१३) उपदफा (१२) बमोजिम दिएको निर्देशन पालना गराउनु स्थानीय तहको दायित्व र आयोजनाको कर्तव्य हुनेछ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय तथा प्रदेश प्राथमिकता प्राप्त पूर्वाधार निर्माणका आयोजना कार्यान्वयन गर्न वर, पिपल, शमी र चौतारो हटाउन पर्ने भएमा स्थानीय तहलाई जानकारी दिई आयोजनाले आफ्नै खर्चमा हटाउन सक्नेछ।

८. **उद्यान निर्माण गर्न सकिने**: (१) स्थानीय तहले वर, पिपल, शमी र चौतारोको संरक्षण र विकासका लागि सो स्थानमा उद्यान निर्माण गर्न वा उद्यान निर्माण गरी वर, पिपल, शमी तथा पोखरी सहितको चौतारोको निर्माण गर्न सक्नेछ।

(२) स्थानीय तहले उपदफा (१) अनुसारको उद्यान निर्माण गर्नका लागि इच्छुक कुनै व्यक्ति वा संस्थालाई अनुमति दिन सक्नेछ।

(३) स्थानीय तहले यस दफा बमोजिम स्थापित उद्यानमा सर्वसाधरण सबैले प्रवेश गर्न पाउने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

९. **वर, पिपल, शमी र चौतारो संरक्षण समितिः** (१) प्रत्येक स्थानीय तहमा वर, पिपल, शमी र चौतारो संरक्षणको व्यवस्था मिलाउन एक वर, पिपल, शमी र चौतारो संरक्षण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष -संयोजक

(ख) स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेका एक जना महिला सहित दुईजना वडा अध्यक्ष/सदस्य -सदस्य

(ग) स्थानीय समाजसेवीबाट एक जना महिला सहित दुई जना -सदस्य

(घ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(३) समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ।

(४) वर, पिपल, शमी र चौतारो संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक उद्देश्य वा पूर्वाधार निर्माणका आयोजनामा प्रयोग गर्ने बाहेक व्यक्तिगत प्रयोजनका लागि साबिकदेखि रही आएका वर, पिपल, शमी र चौतारो ✪मास्न, नास्न वा बिगार्न नदिइ संरक्षणको उचित व्यवस्था मिलाउने,

✄(ख) ................

✪(ग) वर, पिपल, शमी र चौतारोका रुखहरू बूढो वा पूरानो भएर जोखिमपूर्ण भएमा हाँगा काट्ने, मिलाउने वा

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✄ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

सो रुखलाई हटाई नयाँ सोही प्रजातिको विरुवा रोप्ने व्यवस्था मिलाउने,

(घ) वर, पिपल, शमी र चौतारोको आसपासका क्षेत्रमा नियमित सरसफाइको प्रबन्ध मिलाउने,

(ङ) सार्वजनिक स्थलमा वर, पिपल, शमीको रुख रोप्न वा चौतारो बनाउन प्रवर्धनात्मक कार्य गर्ने,

(च) संरक्षण र व्यवस्थापन सम्बन्धमा मन्त्रालयलाई राय, सल्लाह, सुझाव दिने,

(छ) वर, पिपल, शमी रोप्ने तथा चौतारो, पोखरी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिको नाम उल्लेख गरी राख्न अनुमति दिने,

(ज) व्यक्ति, संस्था वा आयोजनासँग संरक्षण सम्बन्धमा आवश्यक समन्वय गर्ने,

(झ) चौतारो वा वृक्षको ऐतिहासिकता र वैज्ञानिक नाम सहितको विवरण सार्वजनिक गर्ने,

(ञ) मन्त्रालयले तोकेका अन्य कार्यहरू गर्ने ।

१०. **वर, पिपल, शमी र चौतारो संरक्षण कोषः** (१) वर, पिपल, शमी र चौतारो तथा पोखरीको संरक्षणको लागि प्रत्येक स्थानीय तहमा एक संरक्षण कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति वा सङ्घ, संस्थाबाट प्राप्त रकम,

तर विदेशी व्यक्ति वा सङ्घ, संस्थाबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति लिनु पर्नेछ ।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

(ग) वर, पिपल, शमी र चौतारोबाट प्राप्त आम्दानी ।

(३) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) वर, पिपल, शमी रोप्न,

(ख) चौतारो निर्माण गर्न,

(ग) वर, पिपल, शमी र चौतारोको वरिपरि कुवा, कुण्ड, पोखरी निर्माण गर्न,

(घ) जीर्ण अवस्थामा रहेको चौतारो तथा कुवा, कुण्ड, पोखरी मर्मत संभार गर्न ।

(४) कोषको रकम उपदफा (३) मा उल्लेख भए बाहेक अन्य काममा उपयोग गर्न सकिने छैन ।

✤(५) कोषको सञ्चालन स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

✤(६) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

११. **जग्गा स्वीकार गर्न सकिनेः** (१) कुनै व्यक्ति वा संस्थाले वर, पिपल, शमी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न आफ्नो हक, भोगको जग्गा दान गर्न वा अन्य कुनै किसिमले स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहमा प्राप्त भएको जग्गा स्थानीय तहले वर, पिपल, शमी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्ने बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाउने छैन ।

परिच्छेद-४

## विविध

१२. **दण्ड सजायः** (१) यस ऐन विपरीतको काम कारबाही गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

१३. **सूचना तथा प्रतिवेदनः** (१) यस ऐन बमोजिम दर्ता गरिएका वर, पिपल, शमी र चौतारोको अद्यावधिक विवरण आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ ।

---

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको ।

(२) मन्त्रालयले समय समयमा अधिकृत सहितको टोली खटाई यस ऐन बमोजिम दर्ता भएका वर, पिपल, शमी र चौतारोको निरीक्षण तथा संरक्षणको व्यवस्था सम्बन्धमा अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको टोलीबाट प्राप्त प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयन गर्न मन्त्रालयले स्थानीय तहमा पठाउन सक्नेछ।

✤(४) उपदफा (३) बमोजिमको सुझावहरू कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हुनेछ।

१४. **करार सम्बन्धी व्यवस्थाः** स्थानीय तहले वर, पिपल, शमी रोप्न वा चौतारो, पोखरी निर्माण गर्न वा वर, पिपल, शमी र चौतारोको संरक्षण गर्न कुनै व्यक्ति वा संस्थासँग करार गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१५. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यन्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

---

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

✪अनुसूची

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**दर्ता किताबको ढाँचा**

**वर, पिपल, शमी र चौतारो दर्ता किताब**

| दर्ता नं. | नाम | ठेगाना | कित्ता नं. | वर, पिपल, शमी र चौतारो वर्गीकरण सङ्केत | | | | रोपण/ निर्माणकर्ता सम्पर्क | स्थापना मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आकार सङ्केत नं. | प्रकार सङ्केत नं. | संस्कार सङ्केत नं. | रोपण/ निर्माणकर्ता सम्पर्क | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

नोटः

महल १ : जिल्ला, स्थानीय तह र वडा खुल्ने गरी दर्ता नं. प्रदान गर्ने

महल २ : चलनचल्तीको नाम उल्लेख गर्ने । अन्य नाम भए सो समेत उल्लेख गर्ने ।

महल ३ : जिल्ला, स्थानीय तह, वडा नं. र ठाउँको नाम उल्लेख गर्ने । साथै भौगोलिक सूचना प्रणाली अनुसार अक्षांश, देशान्तर र उचाई (मि.) उल्लेख गर्ने ।

महल ४ : सम्बन्धित जग्गाको कित्ता नम्बर उल्लेख गर्ने ।

महल ५ : आकारः (क) पाटो १. चारकुने चौतारी, २. वृत्ताकार चौतारी,
३. अन्य (उल्लेख गर्ने)
(ख) पेटी १. एक पेटी, २. दुई पेटी, ३. तीन पेटी,
४. अन्य (उल्लेख गर्ने)

महल ६ : १. वर/पिपल/शमी/नारेश्वर/लाकरी/कदम/धुपी वा आदि मात्र भएको,
२. वर र पिपल भएको,
३. वर, पिपल र शमी वा वर, पिपल र नारेश्वर वा यस्तै भएको,
४. वृक्ष, चौतारी, पोखरी र पौवा भएको,
५. अन्य (उल्लेख गर्ने) ।

महल ७ : संस्कारः
१. सांस्कृतिक उद्देश्यले (कल्प/भाकल)
२. सामाजिक उद्देश्यले (विश्राम/कचहरी)
३. कृति स्मारक ध्येयले (चौतारी, पौवा र पोखरी)
४. अन्य (उल्लेख गर्ने) ।

महल ८ : रोपण/निमार्णकर्ताः
१. एकल पारिवारिक प्रयासमा
२. सामाजिक प्रयासमा
३. राजकीय प्रयासमा
४. अन्य (उल्लेख गर्ने) ।

# गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।१२।२५

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन २०८२

२०८२।०४।१९

२०७५ सालको ऐन नं. २३

## प्रदेश औद्योगिक व्यवसाय ऐन

**प्रस्तावनाः** प्रदेशभित्र लगानीमैत्री वातावरण सृजना गरी उपलब्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोतको दिगो उपयोगबाट औद्योगिक विकास र उद्यमशीलतामा आधारित उत्पादनशील, प्रतिस्पर्धी र दिगो प्रादेशिक अर्थतन्त्र निर्माण गर्न तथा प्रादेशिक आर्थिक समृद्धिका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "✪गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५" रहेको छ।

(२) यो ऐन गण्डकी प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

✪२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले मन्त्रालय, मन्त्रालय मातहतको निर्देशनालय वा कार्यालय सम्झनु पर्छ।

(ग) "एकल विन्दु सेवा केन्द्र" भन्नाले दफा २७

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

बमोजिमको एकल विन्दु सेवा केन्द्र सम्झनु पर्छ ।

≠(घ) "औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्नाले दफा २३ बमोजिम गठन भएको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

≠(ङ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको उद्योग प्रशासन सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ ।

(च) "कारोबार" भन्नाले उद्योगले आफ्नो उद्देश्य बमोजिम वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शव्दले त्यस्तो उत्पादन तथा वितरणसँग सम्बन्धित अन्य कारोबार समेतलाई जनाउँछ ।

(छ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ज) "ठूला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

≠(ञ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको उद्योग प्रशासन सम्बन्धी विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ ।

(ट) "निर्यातमूलक उद्योग" भन्नाले आफ्नो उत्पादनको ≠कम्तीमा चालीस प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ ।

(ठ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(ड) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ढ) "प्रादेशिक उद्योग" भन्नाले यस ऐन बमोजिम

---

≠ पहिलो संशोधनद्वारा संशोधित ।

प्रदेशभित्र दर्ता भएका उद्योग सम्झनु पर्छ र सो शब्दले सङ्घीय कानून अनुसार प्रदेशको क्षेत्राधिकारभित्र पर्ने अन्य उद्योग समेतलाई जनाउँछ।

(ण) "प्रादेशिक प्राथमिकता प्राप्त उद्योग" भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(त) "मझौला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(द) "रुग्ण उद्योग" भन्नाले आफ्ना व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्ष सञ्चालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमता भन्दा तीस प्रतिशत वा सोभन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई सम्झनु पर्छ।

(ध) "लघु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ।

(न) "साना उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ।

(प) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(फ) "स्थिर पूँजी" भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्छ।

(ब) "सङ्घीय ऐन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ लाई सम्झनु पर्छ।

## परिच्छेद - २

## <u>उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था</u>

३. **<u>उद्योग दर्ता गराउनु पर्नेः</u>** (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका र हाल प्रादेशिक क्षेत्राधिकारभित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम स्थापना भई सञ्चालनमा रहेका उद्योगले ✂........ उद्योग दर्ता गर्ने निकायमा अभिलेखीकरण गरी अद्यावधिक गर्नु पर्नेछ।

(४) प्रदेश सरकारले सङ्घ वा स्थानीय तहमा ∉<u>प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भएका</u> उद्योगहरूलाई दोहोरो दर्ता गर्नु नपर्ने प्रबन्ध मिलाउनेछ।

यस दफाको प्रयोजनका लागि स्थानीय तह र सङ्घीय सरकारका निकायमा दर्ता भएका उद्योगहरूको विवरण माग गर्न बाधा पर्ने छैन।

✜(५) यो ऐन प्रारम्भ हुनुअघि शाखा उद्योगको रुपमा स्थापना भएका उद्योगले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र यस ऐन बमोजिमको दर्ता प्रक्रिया पूरा गरी छुट्टै उद्योगको रुपमा दर्ता गराउनु पर्नेछ।

✜(६) कुनै उद्योगले आफ्नो उत्पादन वा त्यसको कुनै भाग साविकमा उद्योग रहेको स्थानभन्दा फरक स्थानबाट उत्पादन गर्न चाहेमा वा उपदफा (५) बमोजिमको म्यादभित्र छुट्टै उद्योगको रुपमा दर्ता हुन नचाहेमा उद्योगले त्यस्तो शाखा उद्योगलाई इकाइ उद्योगको रुपमा स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

✜(७) उपदफा (६) बमोजिम इकाइको स्थापना गर्दा यस ऐन

---

✜ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

✂ पहिलो संशोधनबाट झिकिएको।

∉ पहिलो संशोधनद्वारा संशोधित।

बमोजिम दर्ता बाहेक नयाँ उद्योगको स्थापना गरे सरहको प्रक्रिया पूरा गर्नु पर्नेछ।

✤(८) उपदफा (६) बमोजिमको इकाइबाट हुने उत्पादन तथा कारोबारको अभिलेख सम्बन्धित इकाइले तयार गरी राख्नु पर्नेछ र त्यस्तो अभिलेख उद्योगको मुख्य कार्यालयमा समेत पठाउनु पर्नेछ।

+(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दर्ता भएका कम्पनीले उद्योग सञ्चालनका लागि अनुमति लिन चाहेमा नयाँ उद्योग दर्ता सरहको प्रक्रिया अबलम्वन गर्नु पर्नेछ।

+३क. **उद्योग स्थापना गर्न नपाइने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट स्वीकृत बस्तिविकास सम्बन्धी मापदण्ड विपरीत हुने गरी वा खानी तथा भू-गर्भ विभागले भू-जोखिमको आधारमा निषेध गरेको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन।

४. **उद्योग दर्ता गर्न निवेदन दिनु पर्ने**: (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

✤(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगहरू प्रदेशमा दर्ता गरिने छैनः-

(क) सङ्घीय ऐनको अनुसूची -१ मा उल्लिखित उद्योग,

(ख) विदेशी लगानीमा स्थापना हुने उद्योग,

(ग) नेपालको संविधानको अनुसूची -५ मा उल्लिखित विषयसँग सम्बन्धित उद्योग,

(घ) दुई वा दुई भन्दा बढी प्रदेशको कार्यक्षेत्र भएको उद्योग,

(ङ) कूटनीतिक मामिला सम्बन्धी शैक्षिक परामर्श सेवाहरूसँग सम्बन्धित उद्योग।

✤(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि

---

\+ पहिलो संशोधनद्वारा थपिएको।

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

लघु र घरेलु उद्योगले त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सक्नेछ।

+तर स्थानीय कच्चा पदार्थमा आधारित घरेलु वा स्थानीय वा रैथाने मदिरा उत्पादन गर्ने उद्योग दर्ता गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

≠५. **उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्ने:** (१) दफा ४ बमोजिम प्राप्त निवेदन साथ पेस गर्नु पर्ने आवश्यक विवरण वा कागजात पेस भए नभएको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा पेस गर्नु पर्ने विवरण वा कागजात पेस गरेको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो विवरण वा कागजात पेस गर्नेको लागि सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा निवेदनसाथ पेस गर्नु पर्ने विवरण वा कागजात पेस गरेको देखिएमा निवेदन प्राप्त भएको मितिले र उपदफा (२) बमोजिम विवरण तथा कागजात माग गरिएकोमा त्यस्तो विवरण तथा कागजात प्राप्त भएको मितिले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले उद्योगको प्रकृति अनुसार पालना गर्नु पर्ने सर्त निर्धारण गरी तोकिएको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा त्यस्तो प्रमाणपत्रमा अन्य कुराका अतिरिक्त देहायका विवरण समेत खुलाउनु पर्नेछ:-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगको उत्पादन क्षमता,

(ग) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि,

(घ) उद्योगले पालना गर्ने पर्ने सर्तहरू।

---

+ पहिलो संशोधनद्वारा थपिएको।

≠ पहिलो संशोधनद्वारा संशोधित।

(५) उपदफा (३) बमोजिम दर्ता भएका उद्योगले प्रचलित कानून बमोजिम अनुमति वा इजाजत लिनु पर्ने भएमा त्यस्तो कानून बमोजिम अनुमति वा इजाजत लिएरमात्र उद्योग स्थापना तथा सञ्चालन गर्नु पर्नेछ।

✣५क. **निवेदन अस्वीकृत गर्न सक्नेः** (१) दफा ५ को उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेस नगरेमा वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा वा उद्योग दर्ता गर्न नमिल्ने भएमा उद्योग दर्ता गर्ने निकायले आधार र कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको मितिले सात दिन भित्र आधार र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि मन्त्रालय बाहेकका निकायबाट जानकारी पाएको भए मन्त्रालयमा र मन्त्रालयबाट जानकारी पाएको भए प्रदेश सरकार समक्ष जानकारी पाएको मितिले तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ र पुनरावेदन सुन्ने निकायले दुई महिना भित्र आवश्यक निर्णय गर्नेछ।

(४) उपदफा (३) बमोजिमको पुनरावेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नु पर्नेः** (१) उद्योग दर्ता गरेपछि उद्योग सञ्चालन गर्नुपूर्व वातावरण सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम वातावरणीय परीक्षणको कार्य पूरा गर्नु पर्नेछ।

(२) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ। वातावरण परीक्षणबाट सो उद्योग वातावरण सम्बन्धी कानून तथा वातावरण मापदण्ड विपरीत देखिएमा वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो उद्योगलाई कारबाही गर्न सकिनेछ।

---

✣ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

७. **व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनु पर्नेः** (१) मन्त्रालयले उद्योगको प्रकृति र लगानीको आकारका आधारमा उद्योग स्थापना भई व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नका लागि लाग्ने अवधि सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड तयार भएका उद्योगका हकमा त्यस्तो उद्योगले मापदण्डमा तोकिएको अवधिभित्र उद्योगको व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरी सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको मापदण्डमा समावेश नभएका उद्योगहरूको हकमा सम्बन्धित उद्योगसँग कार्ययोजना लिई कार्ययोजना र उद्योगको प्रकृति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योग दर्ता प्रमाणपत्रमा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि तोकी दिन सक्नेछ।

(४) यस दफा बमोजिम निर्धारित अवधिभित्र व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सम्बन्धित उद्योगले सोको आधार र कारण खुलाई म्याद थपका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको निवेदन उपर कारबाही गर्दा आधार र कारण औचित्यपूर्ण भएमा उद्योग दर्ता गर्ने निकायले मनासिब म्याद थप गरिदिनु पर्नेछ।

८. **विद्युतीय माध्यमको प्रयोगः** (१) उद्योगको दर्ता, प्रशासन, नियमन, निर्देशन तथा स्वीकृति सम्बन्धी निवेदन लगायत अन्य कागजातहरू विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ।

(२) विद्युतीय स्वरुपमा उद्योगले उद्योग दर्ता गर्ने निकाय वा कार्यालय समक्ष पेस गरेका सबै प्रकारका कागजात तथा उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगलाई पठाएका कागजातलाई सुरक्षित रुपमा विद्युतीय प्रणालीमा समेत राख्ने दायित्व उद्योग दर्ता गर्ने निकाय वा कार्यालयको हुनेछ।

९. **अनुगमन गर्ने:** (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगले पालना गर्नु पर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्नेछ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

✪१०. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनु पर्ने:** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सो को कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

तर एक प्रदेशबाट अर्को प्रदेशमा स्थानान्तरण गर्नु पर्ने भएमा सङ्घीय ऐन बमोजिम स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भई जाने सम्बन्धित स्थानीय तहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(३) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

✤१०क. **उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्ने:** (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि वा क्षमता वृद्धि

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पूँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न नव्बे दिन भित्र स्वीकृति दिनु पर्नेछ। त्यसरी पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सो को अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

(३) यस दफाको प्रयोजनका लागि कुनै उद्योगले साविकमा जडित यन्त्र उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादन भन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप, उद्देश्य परिवर्तन, उद्योगको ठाउँसारी वा स्थानान्तरण गर्नु पर्दा प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भएमा सो समेत गर्नु पर्नेछ।

११. **विवरण उपलब्ध गराउनु पर्ने**: (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पेस गर्नु पर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेस गर्न सकिनेछ।

१२. **उद्योग बन्द गरेमा जानकारी दिनु पर्ने**: यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले पन्ध्र दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ।

✪१३. **<u>उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने</u>:** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफूले बुझाउनु पर्ने कर लगायतको सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको देखिएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी उद्योग दर्ता खारेज गरिदिनु पर्नेछ। त्यसरी गरिएको दर्ता खारेजीको जानकारी सम्बन्धित निवेदक र सबै सरोकारवाला सरकारी निकायलाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दामासाहीको प्रक्रियामा गएको कम्पनी अन्तर्गतको उद्योगहरूको हकमा सोही बमोजिम हुनेछ र त्यसरी उद्योग खारेज भएकोमा सोको जानकारी लिक्वीडेटरले सम्बन्धित उद्योग दर्ता गर्ने निकायलाई उपलब्ध गराउनु पर्नेछ।

१४. **<u>दर्ता नियमन प्रक्रिया निर्धारण गर्नु पर्ने</u>:** उद्योग दर्ता गर्ने निकायले सेवा प्रवाहमा एकरुपता तथा प्रक्रियागत पारदर्शिता कायम गर्न उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवा सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

+१४क. **<u>अभिलेख व्यवस्थित गर्नु पर्ने</u>:** (१) उद्योग दर्ता, नवीकरण, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पुँजी वृद्धि, उद्देश्य थप वा परिवर्तन र उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख सुरक्षित गर्ने दायित्व सम्बन्धित उद्योग दर्ता गर्ने निकायको हुनेछ।

(२) अभिलेख व्यवस्थित गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

\+ पहिलो संशोधनद्वारा थपिएको।

## परिच्छेद - ३

## <u>उद्योगको वर्गीकरण तथा स्थिर पुँजी सम्बन्धी व्यवस्था</u>

१५. **<u>उद्योगको वर्गीकरण</u>:** (१) यस ऐनको प्रयोजनको लागि सङ्घीय कानूनको प्रतिकूल नहुने गरी उद्योगहरूलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) लघु उद्यमः देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा ✪बिस लाख रूपैयाँसम्मको स्थिर पुँजी भएको उद्योग।

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रूपैयाँ भन्दा कम रहेको र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण, वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको।

तर यस उपखण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम स्वीकृति लिनु पर्ने उद्योगलाई लघु उद्यम मानिने छैन।

(ख) घरेलु उद्योगः देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

बढीमा ✪पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको र

(४) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले तोके बमोजिमका उद्योगहरू।

✪(ग) साना उद्योगः लघु उद्यम र घरेलु उद्योग बाहेक पन्ध्र करोड रूपैयाँसम्मको स्थिर पुँजी भएको उद्योग।

✪(घ) मझौला उद्योगः पन्ध्र करोड रूपैयाँभन्दा बढी पच्चीस करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

✪(ङ) ठूला उद्योगः पचास करोड रूपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय कानून बमोजिम नेपाल सरकारको अनुमति लिनु पर्ने जुनसुकै प्रकारका उद्योगहरूको दर्ता, प्रशासन तथा नियमन लगायतका कार्य सङ्घीय कानून अनुसार नै हुनेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) ऊर्जामूलक उद्योगः ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-१ मा उल्लिखित उद्योगहरू।

(ख) उत्पादनमूलक उद्योगः कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योगः कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-२ मा उल्लिखित उद्योगहरू।

(घ) खनिज उद्योगः प्रचलित कानूनले तोके अनुसारको

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

प्रादेशिक क्षेत्राधिकारभित्रका खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरू।

✪(ङ) पूर्वाधार उद्योगः भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-३ मा उल्लेख गरिएका उद्योगहरू।

(च) पर्यटन उद्योगः प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका पर्यटन सेवासँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरू।

✪(छ) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योगः सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लिखित उद्योगहरू।

(ज) सेवामूलक उद्योगः प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-६ मा उल्लिखित उद्योगहरू।

(४) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै उद्योगले आफ्नो उद्देश्य परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको उद्देश्य परिवर्तन वा हेरफेरको स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम उद्योगको उद्देश्य परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✣(७) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका तोकिए बमोजिमका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न चाहेमा यस ऐन बमोजिम उद्योग दर्ता गर्न सकिनेछ।

१६. **उद्योगको स्थिर पुँजीः** (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पुँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) कार्यालयका पुँजीगत सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पुँजीको रुपमा मूल्याङ्कन गरिनेछः

(क) पुँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

✣ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पुँजीकृत हुने ब्याज खर्च।

१७. ∉**प्रादेशिक प्राथमिकता प्राप्त उद्योगः** (१) यस ऐनको अनुसूची-७ मा उल्लिखित उद्योगहरूलाई ∉प्रादेशिक प्राथमिकता प्राप्त उद्योग मानिनेछ।

✂(२) ........

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय औद्योगिक व्यवसाय ऐनमा उल्लेख भएको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग प्रदेशको पनि प्राथमिकता प्राप्त उद्योग हुनेछ।

परिच्छेद-४

## उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था

१८. **राष्ट्रियकरण नगरिनेः** यस ऐन बमोजिम दर्ता भएको कुनै पनि उद्योग राष्ट्रियकरण गरिने छैन।

१९. **थप सुविधा तथा सहुलियतः** (१) उद्योगलाई प्रदान गरिने थप सुविधा तथा सहुलियत प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित सुविधा तथा सहुलियतका अलावा यस ऐनको परिधिभित्र रही, सङ्घीय वा प्रादेशिक औद्योगिक क्षेत्र वा स्थानीय तह अन्तर्गतका औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलव्ध गराउन सक्नेछ।

+(३) दफा ५ बमोजिम दर्ता भएका उद्योगलाई सङ्घीय कानून बमोजिम प्रदान गरिने छुट तथा सुविधा उपलब्ध गराइने छ।

+(४) उद्योगलाई प्रदान गरिने छुट सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

+(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।

---

∉ पहिलो संशोधनद्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

+ पहिलो संशोधनद्वारा थपिएको।

+पहिलो संशोधनद्वारा थपिएको ।(६) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ सञ्चालनमा रहेका र यस ऐन बमोजिम दर्ता भइ सञ्चालनमा आउने लघु उद्यमको आयकर सम्बन्धी विषय औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

२०. **जग्गा सम्बन्धी व्यवस्था:** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ । उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्ने वा लिजमा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

२१. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था:** प्रचलित कानून बमोजिम स्थापना भएका उद्योगको लागि प्रदेश सरकारले सुरक्षा उपलब्ध गराउनेछ ।

२२. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने:** यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

परिच्छेद - ५

## औद्योगिक प्रवर्धन वोर्ड सम्बन्धी व्यवस्था

✪२३. ∉**औद्योगिक तथा लगानी प्रवर्धन वोर्डको गठन:** ((१) उद्योगको स्थापना, लगानी अभिवृद्धि, प्रवर्धन, संरक्षण र विस्तार गरी औद्योगिकीकरणलाई तीव्रता दिने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्न देहाय बमोजिमको एक ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्ड रहने छः-

(क) मन्त्री, उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

∉ पहिलो संशोधनद्वारा संशोधित ।

\+ पहिलो संशोधनद्वारा थपिएको ।

| | | |
|---|---|---|
| (ग) | सदस्य, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश (उद्योग हेर्ने) | -सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ड.) | सचिव, सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (च) | सचिव, मन्त्रालय | -सदस्य |
| (छ) | प्रमुख, नेपाल राष्ट्र बैंकको प्रदेशस्तरको कार्यालय | -सदस्य |
| (ज) | उद्योग क्षेत्रका विज्ञहरू मध्येबाट कम्तीमा एक जना महिला उद्यमी सहित प्रदेश सरकारबाट मनोनीत दुई जना | -सदस्य |
| (झ) | महाशाखा प्रमुख, औद्योगिक व्यवसाय हेर्ने महाशाखा, मन्त्रालय | - सदस्य सचिव |

(२) ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्डले आवश्यक देखेमा विषयसँग सम्बन्धित विशेषज्ञ वा अन्य व्यक्तिलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको सचिवालय मन्त्रालयमा रहनेछ।

(४) ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्डले गरेका निर्णयहरू तथा सम्पादन गरेका कामहरूको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्न पर्नेछ।

∉ पहिलो संशोधनद्वारा संशोधित।

(६) उपदफा (५) बमोजिमको कामहरूको विवरण मासिक रुपमा सचिवालयले ≠औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको अध्यक्ष समक्ष पेस गर्नु पर्नेछ।

≠२४. **औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकारः** (१) दफा २३ बमोजिम गठन भएको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको समग्र औद्योगिक प्रवर्द्धनको सम्बन्धमा नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिको कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,

(ग) प्रदेशको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) प्रदेशमा दर्ता भएका उद्योग व्यवसायीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(ङ) प्रदेशभित्रका औद्योगिक क्षेत्रमा स्वदेशी लगानी अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यकता अनुसार अध्ययन अनुसन्धान तथा सर्वेक्षण गर्ने, गराउने,

(च) प्रदेशभित्रको भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुने प्रकृतिका उद्योगहरूको सम्भाव्यता अध्ययन तथा अनुसन्धान गर्ने,

(छ) प्रदेशभित्र सार्वजनिक निजी र सहकारी क्षेत्रको प्रभावकारी समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न

≠ पहिलो संशोधनद्वारा संशोधित।

आवश्यक कार्य गर्ने, गराउने,

(ज) औद्योगिक व्यवसाय विकास र विस्तारका लागि प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय गर्नु पर्ने विषयमा आवश्यक मार्गदर्शन गर्ने र समन्वयको आवश्यक व्यवस्था मिलाउने,

(झ) उद्योग सम्बन्धी सङ्घीय कानूनको कार्यान्वयनमा कुनै द्बुविधा उत्पन्न भएमा त्यसको समाधानका लागि नेपाल सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालयमा लेखी पठाउन मन्त्रालयलाई निर्देशन दिने,

(ञ) एकल बिन्दु सेवा केन्द्रबाट प्राप्त हुने सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालयसँग समन्वय गर्ने,

(ट) प्रदेशमा दर्ता भएका उद्योगको प्रवर्द्धनको सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने वा गराउने ।

(२) औद्योगिक व्यवसाय तथा लगानी प्रवर्द्धन बोर्डले प्रदेशको औद्योगिक तथा लगानी प्रवर्द्धनका लागि आवश्यक देखेका विषयमा मन्त्रालय मार्फत नेपाल सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालयमा सुझाव तथा सिफारिस गर्न सक्नेछ ।

२५. ∉**औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने**: (१) ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको बैठकमा निर्णयको लागि पेस हुने कुनै कार्यसूचीको सम्बन्धमा ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहे त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था आई परेमा सम्बन्धित सदस्यले सदस्य-सचिव मार्फत ∉औद्योगिक तथा लगानी प्रवर्धन बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा

∉ पहिलो संशोधनद्वारा संशोधित ।

त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

२६. **गोपनीयता कायम राख्नु पर्नेः** (१) [∉]औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत [∉]औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको अध्यक्ष, सदस्य, सदस्य-सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ।

परिच्छेद - ६

## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

[∉]२७. **एकल बिन्दु सेवा केन्द्रको स्थापनाः** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सरल एवम् सहज प्रक्रियाद्वारा र प्रदेश सरकारका विभिन्न निकायबाट सम्पादन गरिने कार्यहरू समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरू प्रवाह गर्ने प्रयोजनको लागि प्रदेश सरकारले एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरूमा पुऱ्याइने सेवा र केन्द्रमा रहने निकायगत प्रतिनिधित्व तोकिए बमोजिम हुनेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ। त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले आवश्यक अधिकारसमेत प्रत्यायोजन गर्नु पर्नेछ।

(४) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय

∉ पहिलो संशोधनद्वारा संशोधित।

बमोजिम हुनेछः-

(क) उद्योग दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति र क्षमतावृद्धि लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने,

(ख) प्रचलित कानून बमोजिम प्रदेश सरकारका निकाय वा मन्त्रालयबाट स्वीकृत हुने उद्योग क्षेत्रसँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरूबिच सम्पर्क बिन्दु (फोकल प्वाइन्ट) सम्बन्धी कार्य गर्ने,

(घ) प्रचलित कानून बमोजिम उद्योग एवम् लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(च) उद्योगलाई व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागजात पहिचान गरी विद्युतीय स्वरुपमा लिने र सबै निकायमा बिद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(छ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिइ स्वीकृतिपत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने,

(ज) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक

समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,

(झ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(ञ) मन्त्रालय र औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ट) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरू गर्ने ।

(५) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन, व्यवस्थापन एवम् सो केन्द्रबाट प्रदान गरिने सेवा सुविधा तथा सहुलियत र सोको प्रक्रिया सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - ७

## जरिबाना र पुनरावेदन सम्बन्धी व्यवस्था

२८. **जरिबाना सम्बन्धी व्यवस्थाः** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम अनुगमन, छानबिन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेस गर्न तीस दिनको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई मन्त्रालयले देहायको कारबाही गर्न सक्नेछः-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग

बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यम स्तरको भए दश हजारदेखि पच्चीस हजार रूपैयाँसम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रूपैयाँसम्म, मझौला तथा ठूला उद्योगको स्तर भए एकलाख देखि तीनलाख रूपैयाँसम्म जरिबाना गर्ने ।

(४) दफा ११ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमलाई पाँचहजार रूपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रूपैयाँको दरले,

(ग) साना उद्योगलाई बिस हजार रूपैयाँको दरले,

(घ) मझौला उद्योगलाई चालीस हजार रूपैयाँको दरले,

(ङ) ठूला उद्योगलाई पचहत्तर हजार रूपैयाँको दरले ।

(५) दफा २२ विपरीत कार्य गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत नदिने वा त्यस्तो छुट, सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट, सुविधा वा सहुलियतको रकम असुल गर्ने वा सो बराबरको रकम जरिबाना गर्ने वा दुवै सजाय गर्ने,

(६) दफा ५ को उपदफा (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तहरूको पालना नगरेमा देहायको उद्योगलाई मन्त्रालयले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पच्चीस हजार देखि एक लाख रूपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाख देखि पाँच लाख रूपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा पाँच लाख देखि दश लाख रूपैयाँसम्म वा

(घ) ठूला उद्योगको हकमा पन्ध्र लाख देखि तीस लाख रूपैयाँसम्म ।

(७) उपदफा (६) बमोजिम जरिबाना गर्दा समेत दफा ५ को उपदफा (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तहरूको पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्नेछ ।

(८) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अन्य कुनै प्रावधान उल्लङ्घन गरेमा लघु उद्यम भए पन्ध्र हजार रूपैयाँ सम्म घरेलु तथा साना उद्योग भए पन्ध्र हजार देखि तीस हजार रूपैयाँसम्म, मझौला उद्योग भए तीस हजारदेखि पचास हजार रूपैयाँसम्म र ठूला उद्योग भए पचास हजार देखि एक लाख रूपैयाँसम्म जरिबाना गर्ने ।

(९) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाइ तथा सबुद पेस गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ ।

२९. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** दफा २८ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैँतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित ✪जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

परिच्छेद -८

**विविध**

३०. **करार गरी उत्पादन गर्न सक्नेः** (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव-कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव-कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ।

३१. **व्यावसायिक सामाजिक जिम्मेवारी:** मझौला वा ठूला उद्योगले बार्षिक कुल मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्र्याउन सक्नेछ। सो बमोजिम छुट्र्याइएको रकम बार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ।

∉३२. **औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर सम्बन्धी व्यवस्था:** (१) औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिएबमोजिमका मापदण्डको अधीनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा भएका प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टरहरूको सञ्चालन तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टरमा सञ्चालित उद्योगलाई प्रदेश सरकारले तोकिएबमोजिम सेवा, सुविधा र सहुलियत उपलब्ध गराउन सक्नेछ।

(४) यो दफा प्रारम्भ हुनु पूर्व प्रदेश सरकारले प्रदेश गौरव र प्रदेश रुपान्तरणकारी आयोजनाकारुपमा स्वीकृत गरेका प्रदेश औद्योगिक क्षेत्रसमेत यसै दफा बमोजिम घोषणा भएको मानिने छ।

---

∉ पहिलो संशोधनद्वारा संशोधित।

≠३३. **भवन बनाउन वा बस्ती बसाउन नहुने:** (१) दफा ३२ बमोजिम घोषणा गरिएको प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र र दूरीभित्र रहेको कसैको निजी जग्गामा आवासीय भवन वा अन्य भवन वा बस्ती बसाउन नदिएको कारणबाट हानि नोक्सानी पुग्न जाने भएमा प्रदेश सरकारले सम्बन्धित व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले घोषणा गरेका औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टरमा समेत कुनै पनि किसिमको आवासीय भवन बनाउन वा बस्ती बसाउन पाइने छैन ।

३४. **रुग्ण उद्योग सम्बन्धी व्यवस्था:** (१) तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई प्रदेश सरकारले रुग्ण उद्योगको रुपमा पहिचान गरी उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन गर्न सक्नेछ ।

तर नेपाल सरकारले निजीकरण अवधारणा बमोजिम निजी क्षेत्रलाई बिक्री गरेका उद्योगहरूको हकमा यो व्यवस्था लागु हुने छैन ।

+३४क. **प्रदेश व्यवसाय मञ्च सम्बन्धी व्यवस्था:** (१) उद्योग व्यवसायसँग सम्बन्धित नीति एवम् कानूनको प्रभावकारी कार्यान्वयन, समन्वय तथा सहजीकरण सम्बन्धी विषयमा सार्वजनिक र निजी क्षेत्रबिच नियमित संवाद एवम् सहकार्यलाई प्रवर्द्धन गर्न, उद्योग व्यवसाय सञ्चालन र लगानी अभिवृद्धिमा आइपर्ने बाधा, अवरोध तथा समस्याको पहिचान गरी सरकारलाई आवश्यक सुझाव तथा सिफारिस एवम् निजी क्षेत्रबिच नियमित, परिणाममुखी र पारदर्शी संवादका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले प्रदेश

---

\+ पहिलो संशोधनद्वारा थपिएको ।

सरकारले निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी प्रदेश व्यवसाय मञ्चको गठन गर्न सक्नेछ।

(२) प्रदेश व्यवसाय मञ्चको गठन, संरचना, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **अधिकार प्रत्यायोजनः** (१) सङ्घीय औद्योगिक व्यवसाय सम्बन्धी ऐन वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम स्थानीय तहको मातहत रहने गरी घोषणा भएको औद्योगिक ग्राम भित्र स्थापना हुने उद्योगको दर्ता, नवीकरण तथा नियमन सम्बन्धी अधिकार प्रादेशिक राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्रदेश सरकारलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकारहरू प्रदेश सरकारले आवश्यकता अनुसार स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालय वा प्रदेश सरकारका मातहतका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित निर्देशनालयलाई प्राप्त भएको अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै कार्यालय वा नेपाल सरकारको राजपत्राङ्कितस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

+**३५क. अख्तियारनामा दिन सकिनेः** (१) यस ऐन बमोजिम कुनै उद्योग वा सो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूले गर्नु पर्ने केही वा सबै काम गर्नको निमित्त कुनै व्यक्तिलाई अख्तियारनामा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारनामा बमोजिम काम गर्न त्यस्तो अख्तियारनामाको प्रतिलिपि नोटरी पब्लिकद्वारा प्रमाणित गराई उद्योग दर्ता गर्ने निकायमा उपलब्ध गराउनु पर्नेछ। उद्योग दर्ता गर्ने निकायले आवश्यक ठानेमा त्यस्तो अख्तियारनामाको सक्कल हेर्न सक्नेछ।

+**३५ख. स्थानीय कानून बमोजिम हुनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्योग र दश लाखसम्म स्थिर पुँजी भएका घरेलु उद्योगको

+ पहिलो संशोधनद्वारा थपिएको।

दर्ता सम्बन्धित स्थानीय तहको कानून बमोजिम स्थानीय तहमा दर्ता गर्न सकिनेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम लघु उद्योग र घरेलु उद्योगको दर्ता सम्बन्धमा स्थानीय कानूनको व्यवस्था नभएसम्मको लागि त्यस्ता उद्योगको दर्ता यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम दर्ता गर्न सकिनेछ।

३६. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

३७. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

३८. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा उल्लेख भएका कुरामा यसै ऐन बमोजिम र यस ऐनले नसमेटेका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३९. **नियम बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४०. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेः** मन्त्रालयले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

+४१. **खारेजी र बचाउः** (१) प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६ खारेज गरिएको छ।

(२) प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिने छ।

---

\+ पहिलो संशोधनद्वारा थपिएको।

अनुसूची-१

(दफा १५ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

**ऊर्जामूलक उद्योग**

(१) जलस्रोत, वायु, सौर्यशक्ति, ग्याँस, वायोमास, फोहोर र गोवर ग्याँसबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

(२) प्रादेशिक विद्युत वितरण प्रणाली,

✂(३) .............. ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

## अनुसूची-२

(दफा १५ को उपदफा (३) को खण्ड (ग) सँग सम्बन्धित)

**कृषि तथा वन पैदावारमा आधारित उद्योग**

(१) फलफूल खेती वा फलफूल प्रशोधन,
(२) खाद्यवस्तु प्रशोधन,
(३) पशुजन्य तथा पन्छीजन्य, पशुपालन, पन्छीपालन (अष्ट्रिच समेत), पशुपन्छी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,
(४) दुध तथा दुग्धजन्य उद्योग,
(५) मत्स्यपालन, माछा भुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,
(६) रेशम खेती तथा रेशम प्रशोधन,
(७) चिया बगान, चिया प्रशोधन,
(८) कफी खेती, कफी प्रशोधन,
(९) जडिबुटी खेती, जडिबुटी प्रशोधन,
(१०) तरकारी बीउ बिजन उत्पादन,
(११) तरकारी खेती, तरकारी प्रशोधन,
(१२) हरित गृह स्थापना र सञ्चालन,
(१३) मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),
(१४) पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),
(१५) नर्सरी व्यवसाय,
(१६) रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,
(१७) शीत भण्डार, कृषि बजार
(१८) नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलाबाली, दलहन आदि),
(१९) वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरू,
(२०) वनस्पति उद्यान स्थापना र व्यवस्थापन,
(२१) वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

(२२) बीउ बिजन प्रशोधन,

(२३) गैर काष्ठजन्य वन पैदावारमा आधारित उद्योग,

(२४) जैविक प्रविधि सम्बन्धी उद्योग,

(२५) फर्निचर उद्योग,

(२६) निजी कृषि वन उद्योग,

✂(२७) ............ ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

अनुसूची-३

(दफा १५ को उपदफा (३) को खण्ड (ङ) सँग सम्बन्धित)

✪**पूर्वाधार उद्योग**

(१) सडक, पुल, सुरुङ्ग,

(२) रोपवे, ट्राम, ट्रलि बस, केबुलकार, मोनोरेल र स्लाईडिङ्ग कार,

(३) औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,

(४) सभा सम्मेलन केन्द्र,

(५) ढल तथा ढल निकास,

(६) खानेपानी आपूर्ति तथा वितरण,

(७) सिँचाइ पूर्वाधार,

(८) खेलकुद गृह, रङ्गशाला,

(९) सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

(१०) कार्गो कम्प्लेक्स,

(११) दूषित पानी प्रशोधन केन्द्र,

(१२) घर तथा आवास भवन,

(१३) फिल्म स्टुडियो निर्माण,

(१४) व्यापारिक कम्प्लेक्स,

(१५) एकीकृत आवास,

(१६) स्वीमिङ्ग पुल,

(१७) क्रसर, ईट्टा र ब्लक उद्योग

✂(१८) ........... ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन २०७९ द्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

अनुसूची-४

(दफा १५ को उपदफा (३) को खण्ड (च) सँग सम्बन्धित)

**पर्यटन उद्योग**

(१) पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुराँ,

(२) ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, मसाज, स्पा,

(३) साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्, हट एयर बेलुनिङ्ग, क्यानोनिङ, प्यारा ग्लाईडिङ्ग, घोडचढी, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,

(४) ग्रामीण पर्यटन, होम स्टे तथा पर्यापर्यटन,

(५) सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

(६) मनोरञ्जन पार्क,

(७) ट्राभल तथा ट्रेकिङ्ग, पर्यटकीय गाइड,

✂(८) ............... ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

अनुसूची-५

(दफा १५ को उपदफा (३) को खण्ड (छ) सँग सम्बन्धित)

✪**सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग**

खण्ड (क)

सूचना प्रविधि उद्योग

(१) टेक्नोलोजी पार्क,

(२) आई.टि. पार्क,

(३) सफ्टवेयर विकास,

(४) कम्प्यूटर तथा सम्बन्धित सेवाहरू,

(५) तथ्याङ्क प्रशोधन,

(६) साइवर क्याफे,

(७) डिजिटल म्यापिङ्ग,

(८) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.),

✂(९) ......... ।

खण्ड (ख)

सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

(१) १०० वाट वा सो सम्मका एफ.एम. रेडियो सेवा,

(२) रेकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

(३) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(४) चलचित्र निर्माण, वितरण र प्रसारण सम्बन्धी,

(५) सिनेमा हल,

(६) केबलमा आधारित टेलिभिजन,

✂(७) ............ ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

अनुसूची-६

(दफा १५ को उपदफा (३) को खण्ड (ज) सँग सम्बन्धित)

**सेवामूलक उद्योग**

(१) यान्त्रिक कार्यशाला (वर्कशप),

(२) छापाखाना तथा छपाई सम्बन्धी सेवा,

(३) पेसागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखा परीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरू,

(४) प्रदर्शनी सेवा,

(५) सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

(६) निर्माण व्यवसाय,

(७) सार्वजनिक यातायात व्यवसाय,

(८) फोटोग्राफी,

(९) अस्पताल,

(१०) नर्सिङ्ग होम,

(११) शिक्षण एवं प्रशिक्षण संस्था,

(१२) पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

(१३) प्रयोगशाला,

(१४) खेलकुद सेवा,

(१५) शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),

(१६) हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,

(१७) फोहोरमैला सङ्कलन तथा सरसफाइ, फोहरमैला पुनः प्रशोधन,

(१८) घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

(१९) निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,

(२०) पशु चिकित्सा सेवा,

(२१) ब्याट्री रिचार्जिङ्ग,

(२२) स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरू) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

(२३) खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,

(२४) कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

(२५) कार्गो व्यवसाय,

(२६) प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत),

(२७) कुरियर सेवा,

(२८) ड्राइक्लिनिङ्ग व्यवसाय,

(२९) व्यूटी पार्लर,

(३०) आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

(३१) सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

(३२) प्रकाशन सेवा,

(३३) विज्ञापन सेवा,

(३४) विज्ञापन सामग्री तयार गर्ने सेवा,

(३५) टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,

(३६) स्वाइल टेष्टिङ्ग सेवा,

(३७) स्वास्थ्य (हेल्थ) क्लव,

(३८) पानी ढुवानी तथा वितरण सेवा,

(३९) जुलोजिकल पार्क सञ्चालन,

(४०) जियोलोजिकल पार्क सञ्चालन,

(४१) व्यवसाय संवर्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),

(४२) व्यापारिक कम्प्लेक्स सञ्चालन,

(४३) वायोटेक पार्क,

(४४) सिनेमा हल,

(४५) मल्टिप्लेक्स थियटर,

(४६) सिलाई बुनाई,

(४७) ढुवानी सेवा,

(४८) नक्शा डिजाइन सम्बन्धी सेवा,

(४९) अनुसन्धान तथा विकास सेवा,

✂(५०) .............. ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

## अनुसूची-७
(दफा १७ सँग सम्बन्धित)

**प्रादेशिक प्राथमिकता प्राप्त उद्योग**

(१) ऊर्जामूलक उद्योगहरू,

(२) होटल तथा रेष्टुरेण्ट,

(३) पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यापर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, वाटर र्‍याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण,

(४) कृषि तथा वन पैदावारमा आधारित उद्योग,

(५) निर्यातमूलक उद्योग,

(६) निर्माण उद्योग,

(७) खनिज तथा खानीमा आधारित उद्योग, प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन गर्ने उद्योग,

(८) स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दुध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र ≠अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गने प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरू उत्पादन गर्ने उद्योग,

(९) ≠महानगरपालिका र उपमहानगरपालिका क्षेत्र बाहेकको अन्य क्षेत्रमा  क्षेत्रमा स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरू।

---
≠ पहिलो संशोधनद्वारा संशोधित।

# गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७७।०३।०१

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७७ सालको ऐन नं २

## वातावरण संरक्षण गर्न बनेको ऐन

**प्रस्तावना:** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबिच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण संरक्षण सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम ✪"गण्डकी प्रदेश वातावरण संरक्षण ऐ न, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

✪२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ४ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ५ बमोजिमको प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(ङ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(च) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य सम्झनु पर्छ ।

(छ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ज) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(झ) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ट) "राष्ट्रिय सम्पदा" भन्नाले नेपालभित्रका प्राकृतिक,

सांस्कृतिक, ऐतिहासिक, पूरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्त्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति वा जीवजन्तु सम्झनु पर्छ ।

(ठ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरूको बिचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ ।

(ड) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय पर ीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ढ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ण) "सम्बन्धित निकाय" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय गर्ने दफा ३ बमोजिमको निकाय सम्झनु पर्छ ।

(त) "सम्बन्धित मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(थ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै

प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ।

(द) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

३. **वातावरणीय अध्ययन प्रतिवेदनः** प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि देहायको निकाय समक्ष पेस गर्नु पर्नेछः-

(क) प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित मन्त्रालय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष,

(ख) प्रदेशभित्रका स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष।

✣३क. **रणनीतिक वातावरणीय विश्लेषणः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातवारणीय विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

✣३ख. **पूरक वातावरणीय प्रभाव मूल्यात्कन गर्नु पर्नेः** (१) दफा ३ बमोजिम वातवारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको

✣ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वनक्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्न परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याइँ सहित मन्त्रालय समक्ष  निवेदन दिनु पर्नेछ।

तर मन्त्रालयले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेस गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ।

(४) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

✤३ग. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः** (१) मन्त्रालयले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ।

---

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी मन्त्रालयले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

✣३घ. **रोक लगाउन सक्नेः** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा प्रतिबन्ध लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिमको प्रतिबन्ध सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।

४. **प्रदेश वातावरण संरक्षण कोषको स्थापना र सञ्चालनः** (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणका लागि प्रदेश वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

✣ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

(ख) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **परिषद्:** (१) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई ✪प्रदेशमा प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमको एक प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् रहनेछ।

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) वातावरण सम्बन्धी विषय हेर्ने मन्त्री - सदस्य

(ग) नीति तथा योजना आयोगको वातावरण हेर्ने सदस्य - सदस्य

(घ) स्थानीय तहका प्रमुख वा उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्षमध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ङ) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरूमध्ये कम्तीमा एक जना महिला सहित मन्त्रालयले तोकेको दुई जना -सदस्य

(च) सचिव, वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले✪ निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

६. **परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षमा कम्तीमा एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले चौबिस घण्टा अगाडि परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य-सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(३) कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(५) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

७. **परिषद्को काम, कर्तव्य र अधिकार:** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशका दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान प्रदेश सरकारका मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजीकरण गर्ने,

(घ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(ङ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने ।

(च) वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्सँग समन्वय गर्ने ।

८. **अधिकार प्रत्यायोजन:** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार निर्देशनालय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. **प्रचलित कानून बमोजिम हुने:** वातावरण संरक्षण सम्बन्धी अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

# गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७।०७।२४

<u>संशोधन गर्ने ऐन</u>

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

<u>संवत् २०७७ सालको ऐन नं.१४</u>

**<u>गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रवर्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण र व्यावसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तथा स्वस्थ र स्वच्छ कृषि उपजको उपलव्धता सुनिश्चितता गरी खाद्य सुरक्षाको प्रत्याभूत गर्न गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रवर्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम ✪"गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अक्सन बजार" भन्नाले कृषि उपज बिक्री गर्ने उद्देश्यले बिक्रेताले आधार मूल्य पहिले नै तोकी क्रेताहरूबिच मूल्य बढाबढका आधारमा खरिद बिक्री हुने बजार प्रणालीलाई सम्झनु पर्छ।

(ख) "अनुदान" भन्नाले सरकारबाट कृषि व्यवसायलाई

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

प्रोत्साहन गर्ने तथा कृषिको आधुनिकीकरण, विविधीकरण र व्यावसायीकरणका लागि उत्पादन, प्रशोधन, बजारीकरण लगायतमा प्रदान गरिने नगद वा वस्तुगत सहयोग सम्झनु पर्छ ।

(ग) "कृषक" भन्नाले कृषिलाई मुख्य पेसा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ ।

(घ) "कृषि उत्पादक" भन्नाले कृषि उपज उत्पादन गर्ने कृषक, कृषक समूह, कृषि उद्यमी, फर्म, कम्पनी तथा सहकारी संस्था सम्झनु पर्छ ।

(ङ) "कृषि उपज" भन्नाले अनुसूची-१ बमोजिमको उपज सम्झनु पर्छ ।

(च) "कृषि बजार" भन्नाले कृषि उपज खरिद बिक्री हुने स्थानलाई सम्झनु पर्छ र सो शब्दावलीले थोक बजार, खुद्रा बजार, हाट बजार, सङ्कलन केन्द्र र अक्सन बजारलाई समेत जनाउँछ ।

(छ) "कृषि व्यवसाय" भन्नाले अनुसूची-२ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्बन्धित व्यवसाय सम्झनु पर्छ ।

(ज) "खुद्रा बजार" भन्नाले बिक्रेताले सोझै उपभोक्तालाई कृषि उपज बिक्री गर्ने बजार सम्झनु पर्छ र सो शब्दले कृषि सुपर मार्केट र मार्ट लगायतका बजारलाई समेत जनाउँछ ।

(झ) "चक्लाबन्दी" भन्नाले कृषि योग्य जग्गामा उत्पादन

र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गाहरूलाई एकीकृत गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) "थोक बजार" भन्नाले बिक्रेताले खुद्रा बिक्रेतालाई कृषि उपज बिक्री वितरण गर्ने बजार सम्झनु पर्छ।

(ठ) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा नेपाल सरकारले व्यावसायिक पालनको लागि स्वीकृति दिएको जङ्गली जीवजन्तु, पन्छी र माछा सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) "सङ्कलन केन्द्र" भन्नाले कृषकहरूले कृषि उपज बिक्रेतालाई बिक्री गर्ने प्रयोजनको लागि सङ्कलन गर्ने स्थान सम्झनु पर्छ।

(ण) "हाट बजार" भन्नाले स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले हप्ताको कम्तीमा एक पटक सञ्चालन हुने बजार सम्झनु पर्छ।

## परिच्छेद -२

## **कृषि व्यवसाय प्रवर्धन सम्बन्धी व्यवस्था**

३. **कृषि उपज उत्पादन क्षेत्र तोक्न सकिनेः** (१) भूउपयोगको वर्गीकरण तथा प्रदेशको आवश्यकता र स्थानीय सम्भाव्यताको आधारमा मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी प्रदेशभित्र देहाय बमोजिम कृषि उपज उत्पादन क्षेत्र तोक्न सक्नेछः-

(क) खाद्यान्न उत्पादन क्षेत्र,

(ख) बागवानी उत्पादन क्षेत्र,

(ग) पशु उत्पादन क्षेत्र,

(घ) निर्यातमूलक कृषि उपज उत्पादन क्षेत्र,

(ङ) अन्य कृषि उपज उत्पादन क्षेत्र ।

(२) उपदफा (१) बमोजिम तोकिएका उत्पादन क्षेत्रहरूमा विशेष सुविधा तथा सहुलियतहरू उपलब्ध गराउन सकिनेछ ।

(३) कृषि उपज उत्पादन क्षेत्र तोक्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **कृषि व्यवसाय दर्ता गर्नु पर्ने:** (१) कृषि व्यवसाय सञ्चालनको लागि प्रचलित कानून बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका व्यवसायहरू मन्त्रालयले तोकेको निकायमा सूचीकृत हुनु पर्नेछ ।

५. **कृषि पूर्वाधार सम्बन्धी कार्यक्रम गर्न सक्ने:** (१) मन्त्रालयले कृषि व्यवसाय प्रवर्धनका लागि आवश्यकता बमोजिम सिँचाइ, तन्तु प्रजनन प्रयोगशाला, प्रशोधन केन्द्र, भण्डारण गृह, कृषि बजार, चिस्यान केन्द्र लगायतका कृषि पूर्वाधार निर्माण तथा सुदृढीकरण गर्न वा सो कार्यको लागि इच्छुक निजी क्षेत्र, सङ्घसंस्था, सहकारी तथा अन्य निकायलाई सहयोग गर्न सक्नेछ ।

(२) कृषि पूर्वाधार निर्माण तथा सुदृढीकरण सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

६. **कृषि व्यवसायलाई सुविधा तथा सहुलियत दिन सक्ने:** (१) प्रदेश सरकारले कृषि व्यवसाय प्रवर्धनका लागि देहाय बमोजिम सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछः-

(क) कृषि ऋणमा ब्याज सहुलियत,

(ख) कृषि व्यवसायमा लाग्ने कर छुट,

(ग) अन्य सुविधा तथा सहुलियत ।

(२) मन्त्रालयले कृषि उपजको निकासी तथा पैठारीमा कर छुटका लागि समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधा तथा सहुलियत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **न्यूनतम समर्थन मूल्य तोक्न सक्नेः** (१) कृषकको न्यूनतम मुनाफा सुनिश्चित गर्दै उत्पादनलाई प्रोत्साहन गर्न र कृषि पेसालाई संरक्षण गर्न नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा मन्त्रालयले आवश्यकता बमोजिम कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य तोक्न सक्नेछ।

(२) न्यूनतम समर्थन मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **बिमा सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले कृषि व्यवसायमा हुन सक्ने विभिन्न जोखिमबाट क्षति न्यूनीकरण गर्नका लागि कृषि बिमालाई प्रवर्धन गर्नेछ।

(२) बिमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिः** (१) कृषि व्यवसायको प्रवर्धनका लागि प्रदेशमा देहाय बमोजिमको कृषि व्यवसाय प्रवर्धन समिति रहनेछः-

(क) गण्डकी प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोग (कृषि क्षेत्र हेर्ने) को सदस्य -सदस्य

(ग) गण्डकी प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालयको सचिव -सदस्य

(घ) गण्डकी प्रदेश सरकारको उद्योग वाणिज्य क्षेत्र हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ङ) कृषकहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक महिला सहित तीन जना -सदस्य

(च) मन्त्रालयको पशुपन्छी व्यवसाय प्रवर्धनसँग सम्बन्धित महाशाखाको प्रमुख -सदस्य

(छ) मन्त्रालयको कृषि व्यवसाय प्रवर्धनसँग सम्बन्धित महाशाखाको प्रमुख -सदस्य सचिव

(२) समितिले नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल च्याम्वर अफ कमर्स, गण्डकी प्रदेशका संयोजकहरू लगायतका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधि लगायतका अन्य विषय तोकिए बमोजिम हुनेछ।

(४) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ।

(५) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको कार्यकाल दुई बर्षको हुनेछ।

१०. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्न मन्त्रालयलाई राय परामर्श दिने,

(ख) आवश्यक सीप र प्रविधि प्रवर्धनात्मक कार्य गर्न सघाउ पुऱ्याउने,

(ग) कृषि बजार र कृषि उद्योगलाई आवश्यक मार्ग निर्देशन दिने,

(घ) कृषि व्यवसायको अनुगमन गरी आवश्यक मार्ग निर्देशन दिने,

(ङ) कृषि व्यवसाय प्रवर्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

११. **स्थानीय तह स्तरीय कृषि व्यवसाय प्रवर्धन समिति:** (१) स्थानीय तहले कृषि व्यवसाय प्रवर्धन समिति गठन गर्न सक्नेछ।

(२) सो समितिको काम, कर्तव्य र अधिकार सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ।

## परिच्छेद -३

## कृषि बजार सम्बन्धी व्यवस्था

१२. **कृषि बजारको स्थापना तथा व्यवस्थापन :** (१) कृषि उपजको सङ्कलन, भण्डारण र खरिद बिक्री कार्यलाई व्यवस्थित गर्न कृषि बजारको स्थापना, सञ्चालन तथा  व्यवस्थापन गर्न सकिनेछ।

(२) कृषि बजार स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले बजार प्रकृति अनुरुप तोकिएको मापदण्ड पूरा गरी मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनु पर्नेछ।

तर हाट बजारको हकमा स्थानीय तहको अनुमति लिनु पर्नेछ।

(३) हाल अनुमति लिई सञ्चालनमा रहेका कृषि बजारले यो ऐन जारी भएको छ महिनाभित्र मन्त्रालयले तोकेको निकायमा सूचीकृत हुनु पर्नेछ।

(४) कृषि बजार व्यवस्थापन, दर्ता, नवीकरण, शुल्क र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर हाट बजारको हकमा दर्ता तथा नवीकरण शुल्क स्थानीय तहले तोके बमोजिम हुनेछ।

१३. **प्रतिस्पर्धात्मक बजार प्रणाली अवलम्बन गर्नु पर्ने:** (१) कृषि बजार सञ्चालन गर्ने व्यक्ति वा संस्थाले प्रतिस्पर्धात्मक बजार प्रणालीको सिद्धान्त अनुरूप व्यावसायिक क्रियाकलाप गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप गर्दा कृषक र उपभोक्ताको हित विपरीत हुने गरी अनुचित प्रभाव पार्ने वा गुमराहमा राख्ने, बजारमा प्रतिकूल प्रभाव पार्ने र मिलेमतो गरी मूल्यमा अस्वभाविक घटीबढी गर्ने गराउने जस्ता अस्वस्थ प्रतिस्पर्धा गर्न गराउन पाइने छैन।

(३) कृषि बजार सञ्चालन गर्ने व्यक्ति वा संस्थाले उपभोक्ता हकहित संरक्षण, स्वस्थ प्रतिस्पर्धा तथा बजार संरक्षण सम्बन्धी अन्य प्रचलित कानून समेत पालना गर्नु पर्नेछ।

१४. **कृषि बजारको वर्गीकरणः** (१) कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) थोक बजार,
(ख) खुद्रा बजार,
(ग) हाट बजार,
(घ) सङ्कलन केन्द्र,
(ङ) अक्सन बजार।

(२) उपदफा (१) को खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमको बजार सञ्चालन सम्बन्धी व्यवस्था, शुल्क तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

१५. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिः** (१) कृषि बजार सञ्चालन तथा व्यवस्थापन गर्न दफा १४ को उपदफा (१) को खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमको बजारमा एक बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## व्यावसायिक कृषि करार सम्बन्धी व्यवस्था

१६. **व्यावसायिक कृषि करारः** (१) व्यवसायीले उत्पादकसँग उत्पादित कृषि उपजको खरिद, बिक्रीको लागि व्यावसायिक कृषि करार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

१७. **कृषि व्यवसायको लागि जग्गा लिज करारः** (१) बाँझो जग्गालाई उपयोगमा ल्याउन तथा कृषिलाई व्यावसायीकरण गर्न कृषि व्यवसायी र जग्गाधनी बिच लिज करार गर्न प्रोत्साहन गरिनेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

१८. **कृषि योग्य जग्गाको चक्लाबन्दी गर्न सकिनेः** (१) कृषि योग्य जग्गाको उत्पादन र उत्पादकत्व बढाउन चक्लाबन्दी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम चक्लाबन्दी गरिएको जग्गा कृषिसँग सम्बन्धित कार्य बाहेकका अन्य कार्यमा प्रयोग गर्न पाइने छैन।

(३) चक्लाबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -५

## अनुदान सम्बन्धी व्यवस्था

१९. **अनुदान उपलब्ध गराउन सक्नेः** (१) मन्त्रालयले कृषि व्यवसाय प्रवर्धनको लागि कृषि व्यवसायीलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गरिने छ।

(३) अनुदान वितरण गर्दा साना कृषकलाई प्राथमिकता दिइनेछ।

(४) मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिएको अनुदानको अभिलेख मन्त्रालयले राख्नेछ।

(५) अनुदान वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **अनुगमन तथा मूल्याङ्कनः** यस ऐन बमोजिम वितरण भएको अनुदानको प्रदेश सरकारले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

## परिच्छेद -६

## नियमन सम्बन्धी व्यवस्था

२१. **नियमन गर्न सक्नेः** (१) मन्त्रालयले कृषि बजार, बधशाला/बधस्थल, एग्रोभेट, पशु औषधी पसल, कृषि उपजमा बिषादीको अवशेष, पशुको ओसारपसार लगायतका विषयहरूको नियमन गर्न गराउन सक्नेछ।

(२) मन्त्रालयले असल उत्पादन अभ्यासमा आधारित रही

उपभोक्तालाई गुणस्तरीय फलफूल, तरकारी, दुध, मासु लगायतका खाद्यवस्तु आपूर्ति गर्न मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(३) नियमन सम्बन्धी कार्यका लागि मन्त्रालयले आवश्यकता बमोजिम निरीक्षक तोक्न सक्नेछ।

(४) नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **परामर्श समिति गठन गर्न सक्ने:** (१) बीउ, बिजन, विषादी लगायतका कृषि र पशुपालन सम्बन्धी प्राविधिक विषयहरूमा प्रादेशिक नीति निर्धारण गर्न र सो सम्बन्धी आवश्यक परामर्श दिन मन्त्रालयले आवश्यकता बमोजिम विषयगत परामर्श समिति गठन गर्न सक्नेछ।

(२) परामर्श समितिमा रहने सदस्य, कार्याविधि, काम र सुविधा मन्त्रालयले गठन गर्दाको बखत तोके बमोजिम हुनेछ।

## परिच्छेद -७
## विविध

२३. **कसूर तथा सजाय:** (१) कसैले देहायका कार्य गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा १२ को उपदफा (२) बमोजिम अनुमति नलिई कृषि बजारको स्थापना र सञ्चालन गरेमा कारोबारको स्तरलाई विचार गरी दश हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना,

(ख) दफा १३ को उपदफा (२) विपरीतको कार्य गरेमा प्रथम पटक भए दश हजार रूपैयाँ, दोश्रो पटक भए पच्चीस हजार रूपैयाँ र त्यसपछि पटकै पिच्छे पचास हजार रूपैयाँ जरिबाना,

(ग) यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको विपरीत कार्य गर्नेलाई पहिलो पटक भए पाँच हजार रूपैयाँ, दोस्रो पटक भए दश हजार रूपैयाँ र त्यसपछि पटकै पिच्छे बिस हजार रूपैयाँ जरिबाना।

(२) उपदफा (१) को खण्ड (ग) मा उल्लेख भएका नियम,

निर्देशिका, कार्यविधि वा मापदण्ड वा दफा १२ को उपदफा (२) वा दफा १३ को उपदफा (२) विपरीतको कार्य गरेमा कसूरको गम्भीरता हेरी व्यवसाय बन्द गराउन सकिनेछ।

२४. **मुद्दाको अनुसन्धान तथा सुरु कारबाही र किनारा सम्बन्धी व्यवस्थाः** (१) दफा २३ बमोजिमको कसूर र सजाय सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार जिल्लाको सम्बन्धित कृषि वा पशु क्षेत्र हेर्ने कार्यालय प्रमुखलाई हुनेछ।

(२) जिल्लाको सम्बन्धित कृषि वा पशु क्षेत्र हेर्ने कार्यालय प्रमुखले यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न अनुसन्धान अधिकृत तोक्न सक्नेछ।

(३) यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान तथा सुरु कारबाही र किनारा गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२५. **पुनरावेदनः** दफा २४ बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैँतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

२६. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२७. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ र त्यस्तो निर्देशिका, कार्यविधि र मापदण्ड मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

२८. **विनियम बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि र मापदण्डको अधीनमा रही कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक विनियम बनाउन सक्नेछ।

२९. **बचाउः** यो ऐन लागु हुनुभन्दा अगाडि प्रदेश सरकार र प्रदेश सरकारको मन्त्रालयबाट जारी भएका निर्देशिका, कार्यविधि एवं मापदण्ड बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

(दफा २ को खण्ड (ङ) सँग सम्बन्धित)

**कृषि उपज**

(क) खाद्यान्नः धान, गहुँ, कोदो, फापर, मकै जस्ता खाद्य वस्तु र प्रारम्भिक प्रशोधन तथा प्याकेजिङ भएको खाद्यवस्तु समेत,

(ख) बागवानीः फलफूल, तरकारी, आलु, मसला, पुष्प, कन्दमुल, आदि,

(ग) बीउ, बेर्ना,

(घ) जीउँदो पशु,

(ङ) पशुजन्य पदार्थः पशुको मासु, रगत, बोसो, पित्त, दूध, अण्डा, हाड, छाला, सिंङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाएको वस्तु,

(च) च्याउ, रेशम, मह,

(छ) नगदेबालीः चिया, कफी, अलैची, सुपारी, कपास, जुट, उखु, रबर, टिंमुर, अदुवा आदि,

(ज) घाँस, हे, साईलेज,

(झ) तेलहन, दलहन,

(ञ) चीनो, कागुनो, फापर, सिलाम तथा अन्य रैथाने बाली,

(ट) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र औद्योगिक प्रयोजनमा उपयोग हुने कृषि वस्तुहरू ।

अनुसूची -२

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

**कृषि व्यवसाय**

(क) व्यावसायिक उद्देश्यले गरिने कृषि उपज उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी तथा बिक्री वितरण (विद्युतीय कारोबार समेत),

(ख) कृषि उपज बजारको स्थापना तथा सञ्चालन,

(ग) कृषि उपज उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक सामग्रीहरू, मल, विषादी, प्लान्ट हर्मोन उत्पादन, भण्डारण तथा बिक्री वितरण,

(घ) कृषि उपज उत्पादनको लागि प्रयोग हुने बीउ, वेर्ना, नश्ल, विर्य, भ्रुण, चल्ला, भुराको उत्पादन, सङ्कलन भण्डारण तथा बिक्री वितरण,

(ङ) पशु उत्पादन सामग्री (दाना, दाना पदार्थ, घाँस, हे, साईलेज, औषधि, हर्मोन, खाद्य योगसील र खोप) को उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

(च) कृषि तथा पशु उत्पादन प्रविधि सम्बन्धी परामर्श तथा तालिम सेवा,

(छ) कृषि तथा पशु सम्बन्धी औजार वा उपकरणको उत्पादन, बिक्री वितरण तथा कस्टम हायरिङ्ग केन्द्र सञ्चालन,

(ज) माटो परीक्षण, बीउ विजन परीक्षण, कृषि उपज परीक्षण तथा बाली संरक्षणसँग सम्बन्धित सेवामूलक क्षेत्र,

(झ) प्राङ्गारिक खेती, कृषि पर्यटन तथा कृषि वन प्रणालीसँग सम्बन्धित उत्पादन कार्य,

(ञ) पशुको उत्पादन, सङ्कलन, भण्डारण, ढुवानी तथा बिक्री वितरण,

(ट) व्यावसायिक मौरी, रेशम किरा पालन,

(ठ) कृषि सम्बन्धी उद्योग,

(ड) भेटेरिनरी क्लिनिक तथा अस्पताल सम्बन्धी सेवामूलक व्यवसाय ।

# गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७८।०६।०८

<u>संशोधन गर्ने ऐन</u>

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) ऐन, २०८१

२०८१।०३।२३

<u>संवत् २०७८ सालको ऐन नं. ०३</u>

**<u>गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** उद्योग, व्यापार वा व्यवसाय सञ्चालन गर्न स्थापित प्राइभेट फर्मको दर्ता, नवीकरण सम्बन्धमा व्यवस्था गरी नागरिकको आर्थिक हित र सुविधा प्रवर्धन गर्दै प्रदेशको आर्थिक समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

≠(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको जिल्लास्थित उद्योग तथा बाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

---

≠ पहिलो संशोधनद्वारा संशोधित।

(ग) "प्राइभेट फर्म" भन्नाले निजी वा अन्य नामबाट एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको उद्योग, व्यापार वा व्यवसाय क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

३. **दर्ता नगरी प्राइभेट फर्म सञ्चालन गर्न नहुने**: (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि प्राइभेट फर्म सञ्चालन गर्न हुँदैन।

∉(२) यो ऐन प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्मले फर्मको नवीकरण गराउनु पूर्व यस ऐन बमोजिम दर्ता अद्यावधिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अद्यावधिक भएको प्राइभेट फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

४. **प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनु पर्ने**: (१) प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले तोकिए बमोजिमको कार्यालयमा देहायका विवरण खुलाई दरखास्त दिनु पर्नेछः-

(क) प्राइभेट फर्मको नाम र ठेगाना,

(ख) प्राइभेट फर्मको उद्देश्य तथा कारोबार गर्ने वस्तु तथा सेवाको विवरण,

(ग) प्राइभेट फर्मको धनीको नाम र ठेगाना

(घ) मन्त्रालयले तोकेका अन्य विवरण।

(२) प्राईभेट फर्म दर्ता गर्दा लाग्ने दस्तुर र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर, महिला, अपाङ्ग, दलित समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्र र सीमान्तिकृत समुदायका व्यक्तिलाई तोकिए बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त दरखास्त जाँचबुझ गर्दा प्राईभेट फर्म दर्ता गर्न मनासिब देखिएमा कार्यालयले तोकिए बमोजिम दर्ता

---

∉ पहिलो संशोधनद्वारा संशोधित।

गरी दरखास्तवालालाई तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

∉(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा एकै उद्देश्य भएको एक भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन ।

तर तोकिए बमोजिमको अनुमति लिई प्राइभेट फर्मको शाखा खोली सञ्चालन गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (१) बमोजिमको दरखास्त जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा त्यस्तो विवरण वा कागजात माग गर्न सकिनेछ ।

(६) उपदफा (१) बमोजिमको दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा कार्यालयले सात दिन भित्र सोको कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

∉५. **प्राइभेट फर्मको अवधि र नवीकरणः** यो ऐन बमोजिम दर्ता भएका प्राइभेट फर्मको प्रमाणपत्रको अवधि, नवीकरण दस्तुर तथा नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः** (१) कुनै प्राईभेट फर्मले दफा ४ को उपदफा (१) बमोजिमको विवरणमा हेरफेर गर्नु परेमा कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

(२) विवरण हेरफेर शुल्क लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

+६क. **कानूनी मान्यता नदिइनेः** यो ऐन बमोजिम दर्ता नभएका प्राइभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अन्य कारोबारलाई कानूनी मान्यता दिइने छैन ।

७. **विवरण माग गर्न सक्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै प्राइभेट फर्मसँग कार्यालयले आवश्यक विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको विवरण तोकिएको समय भित्र पेस गर्नु सम्बन्धित प्राइभेट फर्मको कर्तव्य हुनेछ ।

---

∉ पहिलो संशोधनद्वारा संशोधित ।

८. **अनलाइन माध्यमको प्रयोगः** (१) प्राइभेट फर्मको दर्ता, नवीकरण, नामसारी, ठाउँसारी र खारेजी लगायतका कार्य गर्दा अनलाईन माध्यमको प्रयोग गर्न सकिनेछ।

(२) अनलाईन माध्यमको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **अनुमति वा इजाजतपत्र लिनु पर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै उद्योग, व्यापार वा व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनु पर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय सुरु गर्न पाउने छैन।

∉१०. **प्राइभेट फर्म खारेज गर्न सकिनेः** (१) देहायको अवस्थामा कार्यालयले प्राइभेट फर्मको दर्ता खारेज गर्न सक्नेछः-

(क) प्राइभेट फर्मको धनीले मुनासिव कारण देखाइ आफ्नो प्राइभेट फर्म खारेज गरी पाउँ भनी कार्यालय समक्ष निवेदन दिएमा,

(ख) दफा ४ को उपदफा (१) को विपरीत हुनेगरी झुठा विवरण पेस गरी प्राइभेट फर्म दर्ता गरेको ठहरिएमा,

(ग) कार्यालयले दफा ७ बमोजिम माग गरेको विवरण सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र पेस नगरेमा,

(घ) उद्योग सम्बन्धी प्राइभेट फर्मले कार्य सञ्चालन गरी कार्यालयलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(ङ) उद्योग सम्बन्धी प्राइभेट फर्मले उद्योग स्थापना वा सञ्चालन गर्नका लागि कारखाना निर्माण, मेशिन औजार वा उपकरणको खरिद वा उद्योग सञ्चालनका लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण

---

+ पहिलो संशोधनद्वारा थपिएको।

∉ पहिलो संशोधनद्वारा संशोधित।

कार्यालयमा नदिएमा,

(च) प्राइभेट फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम बाहेक कार्यालयले प्राइभेट फर्म खारेज गर्नु अघि सम्बन्धित प्राइभेट फर्मलाई मनासिव सफाइको प्रमाण पेस गर्ने मौका दिनु पर्नेछ।

११. **सजाय र पुनरावेदनः** (१) यो ऐन बमोजिम तोकिएको अवधिभित्र दर्ता नगराई खोलिएको प्राइभेट फर्म धनीलाई फर्मको पुँजी लगानीको आधारमा कार्यालय प्रमुखले पाँच हजार रूपैयाँ देखि पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गरी दर्ता गर्नको लागि तीन महिनाको अवधि दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको अवधिभित्र पनि प्राइभेट फर्म दर्ता गर्न नआएमा त्यस्तो प्राइभेट फर्मलाई कार्यालय प्रमुखले सुरु जरिबानामा थप दश हजार रूपैयाँ जरिबाना लिई दर्ताको लागि एक महिनाको अवधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिमा समेत दर्ता नगराई प्राइभेट फर्म सञ्चालन गरेमा पुन थप बिस हजार रूपैयाँ जरिबाना गरी दर्ताको लागि एक महिनाको अवधि दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अवधिमा समेत दर्ता नगराई प्राइभेट फर्म सञ्चालन गरेमा त्यस्तो फर्म बन्द गरी उक्त प्राइभेट फर्म धनीको नामबाट दुई वर्षसम्म कुनै पनि प्राइभेट फर्म दर्ता गरिने छैन।

(५) दफा ४ को उपदफा (१) बमोजिम विवरण पेस गर्दा झुट्टा विवरण दिने व्यक्तिलाई सम्बन्धित कार्यालयको प्रमुखले पन्ध्र हजार रूपैयाँ देखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(६) यस दफा बमोजिम गरेको जरिबानामा चित्त नबुझ्ने व्यक्तिले निर्णयको सूचना पाएको मितिले पैंतिस दिनभित्र मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ।

१२. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

१३. **बचाउः** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# गण्डकी प्रदेश पर्यटन ऐन, २०७९

प्रमाणीकरण र प्रकाशन मिति

२०७९।०४।२२

२०७९ सालको ऐन नं. ०७

**गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** गण्डकी प्रदेशभित्रका पर्यटन क्षेत्रको संरक्षण, संवर्धन, प्रवर्धन र विकास मार्फत आन्तरिक तथा बाह्य पर्यटकको सुविधा, हित र प्रदेशको आर्थिक विकासका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छः-

परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश पर्यटन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक पर्यटक" भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको पर्यटन विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा २७ बमोजिमको प्रदेश पर्यटन कोष सम्झनु पर्छ।

(घ) "ट्राभल एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारी साधन मार्फत दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ङ) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले पर्यटक वा अन्य

व्यक्तिहरूलाई विविध प्राकृतिक एवम् सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई पदयात्रा सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "पथ प्रदर्शक" भन्नाले पारिश्रमिक लिई पर्यटकको साथ गई पथ प्रदर्शनका लागि काम गर्ने दफा १४ बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) "पर्वतारोहण" भन्नाले प्रदेश भित्र रहेका हिमशृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

(ञ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ट) "पैदल मार्ग" भन्नाले प्राकृतिक रूपमा रहेका र विकास गरिएका पैदल हिँड्ने मार्ग सम्झनु पर्छ।

(ठ) "बाह्य पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणका लागि नेपालमा भ्रमण गर्न आउने गैरनेपाली नागरिक सम्झनु पर्छ।

(ड) "बोर्ड" भन्नाले दफा ३६ बमोजिमको प्रदेश पर्यटन बोर्ड सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले पर्यटन सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ण) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर वा समुदायमा

निजी वा सामूहिक रूपमा सञ्चालन गरिएको घरबास सेवा सम्झनु पर्छ ।

परिच्छेद-२

**ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था**

३. **इजाजत पत्र लिनु पर्नेः** (१) प्रदेशभित्र ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजत लिनु पर्नेछ ।

(२) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत लिन चाहने व्यक्तिले तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई ट्राभल वा ट्रेकिङको काम गर्न सक्षम देखेमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम इजाजत पत्र जारी गर्नेछ । यसरी जारी गरिएको इजाजत पत्र प्रत्येक पाँच वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम इजाजत दिन नमिल्ने देखिएमा सोको कारण र आधार खुलाई एक्काइस दिन भित्र निर्णय गरी दरखास्तवालालाई त्यस्तो निर्णयको लिखित जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्णयको जानकारी पाउने व्यक्तिले त्यस्तो निर्णय उपर चित्त नबुझेमा लिखित जानकारी पाएको पैंतिस दिनभित्र निर्णय सहित मन्त्रालय समक्ष लिखित निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले एक्काइस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ र मन्त्रालयले गरेको त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(७) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम अनुमति वा इजाजत प्राप्त गरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरिरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिई इजाजत पत्र अद्यावधिक गर्नु पर्नेछ ।

४. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरणः** (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको

वर्गीकरण तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई प्रदेश सरकारले तोके बमोजिमको सुविधा दिन सक्नेछ।

५. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र नदिइने**: दफा ३ बमोजिमको इजाजत पत्र देहायको व्यक्तिलाई दिइने छैनः-

(क) करार गर्न सक्षमता तथा योग्यता नभएको,

(ख) दफा २१ को उपदफा (४) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत खारेज भएकोमा सो मितिले दुई वर्षको अवधि भुक्तान भइ नसकेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(घ) कालो सूचीमा परेको।

६. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनुपर्ने**: (१) यस ऐन बमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफूले उपलब्ध गराएको सेवा सुविधा बापत पर्यटकबाट लिइने शुल्कको दर र विवरण सम्बन्धी सूचना मन्त्रालयलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको दर मन्त्रालयले तोकेको ढाँचामा प्रकाशन गरी प्रचार गर्नु पर्नेछ।

७. **परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी गर्नु पर्ने**: (१) यस ऐन बमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले बाह्य पर्यटकलाई सेवा उपलब्ध गराउँदा नेपाल सरकारले तोकेको परिवर्त्य विदेशी मुामा बिल भुक्तानी हुने गरी कारोबार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नेपालभित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुाको कारोबार नेपाल राष्ट्र बैंक मार्फत गर्नु पर्नेछ।

८. **इजाजत पत्र निलम्बन गर्न सक्ने**: (१) देहायको अवस्थामा मन्त्रालयले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत बढीमा ६ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गरेमा,

(ख) प्रदेश सरकार वा मन्त्रालयलाई दिनुपर्ने जानकारी वा सूचना नदिएमा वा गलत सूचना दिएमा,

(ग) प्रचलित कानूनको बर्खिलाप गरेमा ।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन इजाजत निलम्बन गर्नु अघि आफ्नो सफाइ पेस गर्नको लागि सम्बन्धित ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई एक्काइस दिनको म्याद दिनु पर्नेछ ।

परिच्छेद-३

**पर्यटकस्तरको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार सम्बन्धी व्यवस्था**

९. **पर्यटकस्तरको रूपमा दर्ता गराउन सकिने**: (१) कुनै व्यक्तिले आफ्नो होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई पर्यटकस्तरमा दर्ता गराउन चाहेमा कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गराउन वा सञ्चालन गर्ने चाहेको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार तोकिएको सुविधायुक्त भएमा तोकिएको दस्तुर लिई पर्यटकस्तरमा दर्ता गरिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएका होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले प्रत्येक पाँच वर्षमा तोकिए बमोजिम नवीकरण गर्नु पर्नेछ ।

(४) प्रचलित कानून बमोजिम दर्ता भएका पर्यटकस्तरका होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले यस ऐन बमोजिम प्रदेशभित्र व्यवसाय सञ्चालन गर्न चाहेमा कार्यालय समक्ष इजाजत पत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको इजाजत सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम अनुमति वा इजाजत प्राप्त गरी कुनै होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार सञ्चालन गर्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिई इजाजत पत्र अद्यावधिक गर्नु पर्नेछ ।

१०. **स्तर निर्धारण समिति**: (१) होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई

वर्गीकरण गर्ने सम्बन्धमा परामर्श दिनको लागि देहाय बमोजिमको एक स्तर निर्धारण समिति रहनेछः-

(क) पर्यटन हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, प्रदेश पर्यटन बोर्ड - सदस्य

(ग) प्रमुख, सम्बन्धित जिल्लाको पर्यटन हेर्ने कार्यालय - सदस्य

(घ) मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको पर्यटन व्यवसायी सङ्घ वा संस्थाको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(ङ) पर्यटन हेर्ने शाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) स्तर निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई वर्गीकरण गर्ने सम्बन्धमा सिफारिस गर्ने,

(ख) होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको इजाजत निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण गर्न सिफारिस गर्ने,

(ग) पर्यटकस्तरको रुपमा वर्गीकरणको लागि सिफारिस गर्ने ।

(३) स्तर निर्धारण समितिले गर्ने उपदफा (२) बमोजिमको सिफारिस मन्त्रालय समक्ष गर्नु पर्नेछ ।

(४) स्तर निर्धारण समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) समितिले आवश्यक देखेमा विशेषज्ञ वा पर्यटन व्यवसायसँग

सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

११. **मूल्यको सूची प्रकाशन गर्नु पर्ने:** (१) दफा ९ बमोजिम दर्ता भएको प्रत्येक होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले आफ्नो दर वा मूल्यको सूचना मन्त्रालयले तोकेको ढाँचामा प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दर वा मूल्य सूची प्रकाशन गर्दा प्रचलित कानून बमोजिम लाग्ने सबै प्रकारका कर र शुल्क सहितको सूची प्रकाशन गर्नु पर्नेछ।

१२. **निरीक्षण, परीक्षण तथा अनुगमन:** (१) मन्त्रालय वा कार्यालयले दफा ९ बमोजिम दर्ता वा इजाजत पत्र प्राप्त होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको नियमित वा आकस्मिक निरीक्षण वा अनुगमन गर्न वा गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा चिज वस्तु परीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको गुणस्तर तथा मापदण्ड निरीक्षण वा परीक्षण गर्दा तोकिए बमोजिमको स्तरको नपाइएमा मन्त्रालय वा कार्यालयले त्यस्तो होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई तोकिएको स्तर कायम गर्न बढीमा सात दिन म्याद दिनेछ।

(३) उपदफा (२) बमोजिम म्याद दिँदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा मन्त्रालयले दफा १० बमोजिमको स्तर निर्धारण समितिको परामर्श लिई त्यस्तो होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको इजाजत निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण गर्न सक्नेछ। त्यसरी निलम्बन वा तल्लो स्तरको वर्गीकरणमा तोक्नु अघि सोको आधार र कारण खुलाई सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा तोकिएको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको साबिकको तोकिएको स्तर कायम गर्न निवेदन दिएमा मन्त्रालयले जाँचबुझ

गरी साबिकको स्तर कायम भएको देखिन आएमा त्यस्तो होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारलाई साबिकको स्तरको वर्गीकरणमा कायम गर्न वा इजाजत निलम्बन गरिएकोमा निलम्बन फुकुवा गर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्म साबिकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको हकमा मन्त्रालयले दफा ९ बमोजिमको दर्ता वा इजाजत पत्र खारेज गर्न सक्नेछ।

१३. **होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार उपर बन्देज**ः (१) दफा ९ बमोजिम दर्ता नभएको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले देहायको कुनै काम गर्न पाउने छैनः-

(क) पर्यटकस्तरको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइन बोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नको निमित्त कुनै बाह्य पर्यटक वा ट्राभल एजेन्सीसँग बिना अनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न।

(२) दफा ९ बमोजिम दर्ता भएको होटेलले दर्ता भएको स्तरभन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइन बोर्ड वा कारोबारमा प्रयोग गर्नु हुँदैन।

(३) उपदफा (२) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा मन्त्रालयले त्यस्तो होटेलको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ।

## परिच्छेद -४

## पथ प्रदर्शक सम्बन्धी व्यवस्था

१४. **पथ प्रदर्शकको काम गर्न इजाजत पत्र लिनु पर्ने**ः (१) पथ प्रदर्शकको काम गर्न चाहने नेपाली नागरिकले इजाजत पत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको इजाजत लिन चाहने व्यक्तिले

कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त दिने व्यक्तिलाई कार्यालयले आवश्यक जाँचबुझ गरी तोकिए बमोजिम इजाजत पत्र दिनेछ।

(४) पथप्रदर्शकको वर्गीकरण, योग्यता, तालिम र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **पथ प्रदर्शकको काम गर्न इजाजत पत्र नदिइने**: देहायको व्यक्तिलाई पथ प्रदर्शकको इजाजत पत्र दिइने छैनः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(ख) मानसिक अवस्था ठिक नभएको।

१६. **इजाजत पत्रको म्याद**: (१) पथ प्रदर्शकको इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) पथ प्रदर्शकको इजाजत पत्रको नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **इजाजत पत्र हराएमा प्रतिलिपि लिन सकिने**: (१) कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजत पत्र हराएमा तोकिएको म्यादभित्र कार्यालय समक्ष प्रतिलिपिका लागि दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले तोकिए बमोजिम इजाजत पत्रको प्रतिलिपि दिन सक्नेछ।

१८. **पथ प्रदर्शकको आचारसंहिता**: (१) पथ प्रदर्शकले देहायको कुनै काम गर्न गराउन हुँदैनः-

(क) आफूले पथ प्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरू कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित विक्रेता वा अरू कुनै व्यक्तिसँग नगदी वा अरू कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउन कुनै पर्यटकलाई बाध्य पार्न,

(ग) आफ्नो इजाजत पत्र अरूलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन,

(घ) मादक पदार्थ सेवन गर्ने ।

(२) पथप्रदर्शकको अन्य आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

१९. **इजाजत पत्र खारेज गर्न सकिने**ः (१) देहायको कुनै अवस्थामा कार्यालयले कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्न सक्नेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएमा,

(ख) दफा १५ को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा १८ को विपरीत कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्नु पूर्व निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ र यसरी मौका दिँदा कम्तीमा एक्काइस दिनको म्याद दिनु पर्नेछ ।

## परिच्छेद-५

## अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था

२०. **अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः** (१) प्राकृतिक, धार्मिक, साँस्कृतिक, पूरातात्विक, साहसिक, खेल, कृषि पर्यटन र तोकिएका अन्य पर्यटन व्यवसायको दर्ता गर्ने, इजाजत लिने, नवीकरण गर्ने, सञ्चालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज र नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख भएका मध्ये तोकिएका क्रियाकलापहरू गर्न बाह्य पर्यटकले तोकिएको दस्तुर तिरी तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम दर्ता भएका वा इजाजत लिएका उपदफा (१) बमोजिमका पर्यटन व्यवसायीले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिई इजाजत पत्र अद्यावधिक गर्नु पर्नेछ ।

(४) अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-६

## जरिबाना सम्बन्धी व्यवस्था

२१. **जरिबानाः** (१) दफा ३ बमोजिम इजाजत नलिई कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरेमा मन्त्रालयले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई बिस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) दफा ६ बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशन नगर्नेलाई मन्त्रालयले पहिलो पटक कसूर गरेको भए दश हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकै पिच्छे दश हजार रुपैयाँ देखि बिस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) दफा ७ को उपदफा (१) उल्लङ्घन गर्ने व्यक्तिलाई मन्त्रालयले पहिलो पटकको कसूरमा चालिस हजार रुपैयाँसम्म र दोस्रो पटक देखि पटकै पिच्छे चालीस हजार रुपैयाँ देखि असी हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) दफा ८ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीसम्बन्धी काम गरेमा निजलाई बिस हजार रुपैयाँसम्म जरिबाना गरी मन्त्रालयले त्यस्तो व्यक्तिले पाएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत समेत खारेज गर्न सक्नेछ।

(५) दफा ९ बमोजिम दर्ता नगराई वा इजाजत नलिई वा पर्यटकस्तरको नभएकोलाई पर्यटकस्तरको हो भनी कुनै होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार सञ्चालन गरेमा वा दफा १३ को उपदफा (१) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा पहिलो पटक भए दश हजार रुपैयाँ, दोस्रो पटक भए दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म र तेस्रो पटकदेखि प्रत्येक पटकको तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म मन्त्रालयले जरिबाना गर्न सक्नेछ।

(६) यस ऐन बमोजिम मन्त्रालय वा कार्यालयबाट खटिएका कर्मचारीलाई होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले त्यसमा प्रयोग गरिने कुनै पनि खाद्य सामग्री परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(७) दफा १४ बमोजिम इजाजत पत्र प्राप्त नगरी कुनै व्यक्तिले पथ प्रदर्शकको काम गरेमा मन्त्रालयले निजलाई चार हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) दफा १६ बमोजिम इजाजत पत्र नवीकरण नगरी कुनै व्यक्तिले पथ प्रदर्शकको काम गरेमा मन्त्रालयले निजलाई दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(९) उपदफा (७) र (८) मा लेखिए देखि बाहेक कुनै पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा मन्त्रालयले निजलाई एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(१०) दफा ३, ९ र २० बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा मन्त्रालयले दिएको निर्देशन वा आदेश उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले बिस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(११) कुनै बाह्य पर्यटकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमति नलिई दफा २० को उपदफा (२) बमोजिम तोकिएका पर्यटनसम्बन्धी क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटकले यो ऐन वा यस अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई मन्त्रालयले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(१२) देहायको कुनै काम गर्ने व्यक्तिलाई मन्त्रालय वा कार्यालयले दुई हजारसम्म जरिबाना गर्न सक्नेछः-

(क) यस ऐन बमोजिम पेस गर्नुपर्ने प्रतिवेदन तोकिए बमोजिम पेस नगरेमा वा कार्यालय वा अभिलेख निरीक्षण गर्न वा जाँच्न वा अनुगमन गर्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न वा अनुगमन गर्न बाधा विरोध गरेमा,

(ख) यस ऐन बमोजिम निषेध गरिएको कुनै काम गरेमा,

(ग) यस ऐन बमोजिम दिनुपर्ने सूचना वा जानकारी वा विवरण म्याद भित्र पेस नगरेमा,

(घ) यस ऐन बमोजिमको निर्देशनको पालना नगरेमा।

(१३) यस दफा बमोजिम मन्त्रालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद- ७

## विविध

२२. **पर्वतारोहण सम्बन्धी व्यवस्थाः** (१) कुनै पर्वतारोही दलले प्रचलित कानून बमोजिम अनुमति प्राप्त नगरी कुनै हिमालचुली आरोहण गर्न पाउने छैन।

(२) पर्वतारोहण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

२३. **संग्रहालय तथा सूचना केन्द्रको स्थापना र व्यवस्थापनः** (१) प्रदेश सरकारले आफैं वा अन्य सङ्घसंस्था वा कार्यालय मार्फत तोकिए बमोजिम पूरातात्विक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका ठाँउ वा वस्तुको संरक्षण र संवर्धन गर्दै पर्यटन प्रवर्धन गर्न संग्रहालय तथा सूचना केन्द्रको स्थापना र व्यवस्थापन गर्न गराउन सक्नेछ।

(२) संग्रहालय तथा सूचना केन्द्रको स्थापना र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **साँस्कृतिक समूह सम्बन्धी व्यवस्थाः** (१) कुनै जातजाति, समुदाय वा संस्थाले परम्परागत कला सँस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्धन गर्न चाहेमा तोकिए बमोजिम साँस्कृतिक समूह गठन गरी मन्त्रालयमा पेस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको साँस्कृतिक समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **आन्तरिक पर्यटक सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेश सरकारले आन्तरिक पर्यटन प्रवर्धनका लागि निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था आन्तरिक पर्यटकहरूको सम्बन्धमा लागू नहुने गरी तोक्न सक्नेछ।

२६. **पर्यटकीय क्षेत्र घोषणा सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले प्रदेशभित्र कुनै क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित पर्यटकीय क्षेत्रमा प्रदेश सरकारले कुनै चिजवस्तु लिन, बिक्री वितरण गर्न तथा कुनै क्रियाकलाप नगर्न नगराउन आदेश जारी गर्न सक्नेछ।

२७. **प्रदेश पर्यटन कोषको स्थापना र सञ्चालनः** (१) गण्डकी प्रदेशको पर्यटन विकास, प्रवर्धन तथा पर्यटक र पर्यटन व्यवसायमा आवद्ध श्रमिकको आपतकालीन खोज, उद्धार एवम् राहतका लागि एक प्रदेश पर्यटन कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, निजी क्षेत्र वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

२८. **होमस्टे (घरबास) सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायले तोकिए बमोजिम दर्ता गराई सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता र सञ्चालन हुने होमस्टेको मापदण्ड तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **भ्रम सिर्जना हुने गरी नाम वा सङ्केत चिन्ह राख्न नहुनेः** (१) यस ऐनको दफा ३, दफा ९, दफा २० बमोजिमका पर्यटन व्यवसायको नाम वा सङ्केत चिन्ह राख्दा दोहोरो अर्थ नलाग्ने वा भ्रम सिर्जना नहुने गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवसायको नाम वा सङ्केत चिन्ह राख्दा पहिले दर्ता भई सकेको कुनै व्यवसायको नाम, डिजाइन, पटेन्ट, ट्रेडमार्क, पहिचान तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सिर्जना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचार, सामाजिक सद्भावको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सिर्जना हुने गरी राख्न हुँदैन।

३०. **पर्यटक प्रहरी सम्बन्धी व्यवस्थाः** पर्यटकीय क्षेत्र र आन्तरिक तथा बाह्य पर्यटकको सुरक्षा सम्बन्धी कार्य गर्न मन्त्रालयले प्रदेश प्रहरीसँग समन्वय गरी पर्यटक प्रहरीको व्यवस्था गर्न सक्नेछ।

३१. **पर्यटक यातायात सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले आन्तरिक तथा बाह्य पर्यटकलाई गुणस्तरीय यातायातको सुविधा उपलब्ध गराउन आफैं वा कुनै सङ्घ संस्था, कम्पनी मार्फत पर्यटक यातायात सेवा सञ्चालन गर्न सक्नेछ।

(२) पर्यटक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **अरूलाई काम गर्न दिन नहुनेः** दफा ३, दफा ९ र दफा २० बमोजिमका पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय अरूलाई बन्धक दिन वा अरू कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरू कसैलाई काम गर्न दिन वा अन्य व्यक्तिको नाममा रहेको व्यवसाय सञ्चालन गर्न हुँदैन।

तर, यस ऐन बमोजिम दर्ता वा इजाजत लिई सञ्चालन गरेको पर्यटन व्यवसायीले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

३३. **प्रतिवेदन वा विवरण पेस गर्नु पर्नेः** (१) दफा ३, दफा ९ र दफा २० बमोजिमको पर्यटन व्यवसाय दर्ता गरी सञ्चालन गर्ने व्यक्तिले तोकिए बमोजिम विवरण मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक मन्त्रालयले समय समयमा दफा ३, दफा ९ र दफा २० बमोजिमको पर्यटन व्यवसाय दर्ता गरी

व्यवसाय सञ्चालन गर्ने, गराउने व्यक्तिसँग आवश्यक देखिएका विवरण समेत माग गर्न सक्नेछ।

(३) मन्त्रालय वा कार्यालयले दफा ३, दफा ९ र दफा २० बमोजिमका पर्यटन व्यवसायको कार्यालय वा त्यसको काम कारबाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाब किताब तथा अन्य अभिलेख जाँच्न, जँचाउन सक्नेछ।

३४. **विवरणमा हेरफेर भएमा सूचना दिनुपर्ने**: दफा ३, दफा ९ र दफा २० बमोजिमको पर्यटन व्यवसाय दर्ताको लागि दरखास्त दिँदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको पन्ध्र दिनभित्र उक्त कुराको सूचना पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्राप्त व्यक्तिले मन्त्रालय वा कार्यालय समक्ष दिनु पर्नेछ।

३५. **व्यवसाय बन्द गर्नु परेमा सूचना दिनुपर्ने**: (१) यस ऐन बमोजिम दर्ता वा इजाजत प्राप्त व्यक्ति वा संस्थाले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र सोको सूचना कार्यालय समक्ष दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बन्द भएको सञ्चालक वा व्यवसायीले प्रचलित कानून बमोजिम बुझाउनुपर्ने कर, शुल्क, जरिबाना र अन्य आर्थिक दायित्व कार्यालयमा बुझाउनु पर्नेछ।

३६. **बोर्ड गठन गर्ने**: (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रहरूको पहिचान, विकास, प्रवर्धन, प्रचार प्रसार तथा व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रदेश पर्यटन बोर्ड गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बोर्डको संगठन संरचना, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **निर्देशन दिन सक्ने**: (१) दफा ३, दफा ९ र दफा २० बमोजिम दर्ता वा इजाजत प्राप्त पर्यटन व्यवसायीलाई मन्त्रालयले पर्यटन विकास सम्बन्धी विषयलाई लिएर आवश्यक निर्देशन दिन सक्नेछ।

(२) दफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु

सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३८. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकारमध्ये केही अधिकार कार्यालय वा स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ।

३९. **नियम बनाउन सक्ने**: प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

४०. **बचाउ**: यो ऐन जारी हुनु पूर्व प्रचलित कानून अन्तर्गत ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वार, पथ प्रदर्शक तथा अन्य पर्यटन व्यवसायले पाएको इजाजत पत्रलाई प्रदेश भित्र समेत काम गर्न पाउने गरी अनुमति लिएको भएमा सो अनुमति पत्र यसै ऐन बमोजिम पाएको मानिनेछ।

# गण्डकी प्रदेश वन ऐन, २०८०

प्रमाणीकरण र प्रकाशन मिति

२०८० ।०६ ।२९

**संशोधन गर्ने ऐन**

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ २०८१ ।०६ ।२०

सम्वत् २०८० सालको ऐन नं. ०३

**गण्डकी प्रदेशभित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको ऐन**

**प्रस्तावनाः** गण्डकी प्रदेशभित्रको राष्ट्रिय वन, निजी, सार्वजनिक तथा शहरी वनको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको सहज आपूर्ति, वन पैदावारमा आधारित उद्योग र पर्यापर्यटनको प्रवर्धन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार तथा वातावरणको प्रभावकारी व्यवस्थापन एवम् नियमन मार्फत स्वस्थ वातावरणको प्रवर्धन तथा समुदायको जीविकोपार्जनमा योगदान गर्दै प्रदेशको समृद्धिमा टेवा पुऱ्याउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश वन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "उपभोक्ता समिति" भन्नाले दफा ५५ को उपदफा (६) बमोजिमको उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) "उपभोक्ता समूह" भन्नाले दफा ५५ बमोजिम वनको संरक्षण, संवर्धन, विकास, व्यवस्थापन तथा सदुपयोग गर्न गठन भएको उपभोक्ता समूह सम्झनु पर्छ।

(ग) "कबुलियती वन" भन्नाले दफा ४६ वा दफा ४८ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय वन सम्झनु पर्छ।

(घ) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण, संवर्धन तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत संवर्धन प्रणालीमा आधारित वन सम्बन्धी कार्ययोजना सम्झनु पर्छ।

(ङ) "गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वन बाहिर रहेका, रुखबाट उत्पादित काठ र दाउरा बाहेकका, जडीबुटी तथा वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहार लगायत अन्य सबै जैविक वा भौतिक उत्पत्तिका सामान वा वस्तु सम्झनु पर्छ।

(च) "जलाधार" भन्नाले वर्षातको पानी वा भल एकीकृत भई एउटै निकासबाट बग्ने पानीढलो क्षेत्र सम्झनु पर्छ। सो शब्दले कुनै ताल-तलैया, खोल्सा, खोला, नदी आदिलाई निकासको आधार मानी त्यस्तो बहावसँगैको र सो भन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ।

(छ) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरू एक बासस्थानबाट अर्को बासस्थानसम्म आवत-जावत गर्ने बाटो सम्झनु पर्छ।

(ज) "टाँचा" भन्नाले काठ वा रूखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ र सो शब्दले उक्त निशाना लगाउन प्रयोग गरिने फलामे औजारलाई समेत जनाउँछ।

(झ) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ञ) "डिभिजन वन कार्यालय" भन्नाले मन्त्रालय मातहतको डिभिजन वन कार्यालय सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

(ठ) "धार्मिक वन" भन्नाले दफा ५१ बमोजिम जिम्मा दिइएको राष्ट्रिय वन सम्झनु पर्छ।

(ड) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी वा खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोला, खोल्सी वा खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा जम्मा भएको ढुङ्गा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, गेग्रान, माटो समेत सम्झनु पर्छ।

(ढ) "निजी वन" भन्नाले दफा ६५ बमोजिम दर्ता गरी कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ।

(ण) "निर्देशक" भन्नाले वन निर्देशनालयका प्रमुख सम्झनु पर्छ।

(त) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको वन निर्देशनालय सम्झनु पर्छ।

(थ) "पर्यापर्यटन" भन्नाले वन, वन्यजन्तु, वातावरण लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई सम्झनु पर्छ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापलाई समेत जनाउँछ।

(द) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ध) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(न) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(प) “राष्ट्रिय वन” भन्नाले सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, विशेष वन क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन तथा प्रदेशभित्रको राष्ट्रिय वन सम्झनु पर्छ ।

(फ) “वन उद्यम” भन्नाले काष्ठ तथा गैरकाष्ठ वन पैदावारमा आधारित खेती तथा प्रशोधन गर्ने कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिमको वन्यजन्तु पालनलाई समेत जनाउँछ ।

(ब) “वन पैदावार” भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याईएको देहायको पैदावार सम्झनु पर्छः-

(१) काष्ठ पैदावार,

(२) गैरकाष्ठ वन पैदावार,

(३) चट्टान, माटो, पानी, नदिजन्य वा खनिजजन्य पदार्थ,

(४) वन क्षेत्रबाट प्राप्त हुने अन्य पदार्थ ।

(भ) “वन व्यवस्थापन पद्धति” भन्नाले वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, विशेष वन, वन संरक्षण क्षेत्र लगायतका पद्धति सम्झनु पर्छ ।

(म) “वन संरक्षण क्षेत्र” भन्नाले दफा २३ बमोजिम व्यवस्थापन गरिएको वन क्षेत्रलाई सम्झनु पर्छ ।

(य) “वन संवर्धन प्रणाली” भन्नाले वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरुत्पादन नियमन गर्न अवलम्बन गरिने छनौट प्रणाली, माउरूख प्रणाली, छत्र प्रणाली, सरपट कटान प्रणाली लगायतका वन संवर्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) लाई सम्झनु पर्छ ।

(र) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हकभोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सीमाना लगाइएको वा नलगाइएको, वनले घेरिएको वा वनभित्र रहेको घाँसेमैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेत सम्झनु पर्छ।

(ल) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको वस्तु वा सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनु पर्छः

(१) कार्बन सञ्चिति,

(२) जैविक विविधताको संरक्षण,

(३) जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) अध्ययन, अनुसन्धान तथा मनोरञ्जन,

(६) तोकिए बमोजिमको अन्य वस्तु, सेवा तथा लाभ।

(व) "शहरी वन" भन्नाले शहरी र शहरोन्मुख क्षेत्रभित्र रहेका प्राकृतिक वा मानवीय प्रयासबाट लगाई हुर्काईएका सामाजिक, मनोरञ्जनात्मक, वातावरणीय सेवा दिन सक्ने र उपयोगको महत्त्व राख्ने रूख, बिरुवा, झाडी, हरित पेटी तथा वन उद्यान समेतलाई सम्झनु पर्छ।

(श) "सब डिभिजन वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय अन्तर्गतको वन कार्यालय सम्झनु पर्छ।

(ष) "सरकारद्वारा व्यवस्थित वन" भन्नाले प्रदेश सरकारले दफा २० बमोजिम व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनु पर्छ।

(स) “स्थानीय तह” भन्नाले प्रदेशभित्रको गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ।

(ह) “साझेदारी वन” भन्नाले दफा ४० बमोजिम व्यवस्थापन गरिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(क्ष) “सामुदायिक वन” भन्नाले दफा ३१ बमोजिम वन उपभोक्ता समूहलाई हस्तान्तरण भएको राष्ट्रिय वन सम्झनु पर्छ।

(त्र) “सिमसार” भन्नाले भूमिगत जलश्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराइन फ्लडप्लेन), ताल, पोखरी र जलभण्डार क्षेत्र समेतलाई सम्झनु पर्छ।

(ज्ञ) “संरक्षण क्षेत्र” भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने प्रदेश भित्रका क्षेत्र सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गरेका प्रदेश भित्रका संरक्षण क्षेत्रलाई समेत जनाउँछ।

## परिच्छेद-२

## **राष्ट्रिय वनको भू-उपयोग, भोगाधिकार तथा सीमा निर्धारण र अन्य व्यवस्था**

३. **राष्ट्रिय वनको भू-उपयोग तथा भोगाधिकार**: राष्ट्रिय वन क्षेत्रको भू-उपयोग तथा भोगाधिकार सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४. **वन सीमाना लगाउन सकिने**: (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रको राष्ट्रिय वनको सीमाना छुट्याई वन सीमाना चिन्ह लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय वन क्षेत्रको नक्सा, किसिम, अवस्था र प्रजाति, वन व्यवस्थापन पद्धति र सीमा निर्धारण गरेको तथ्याङ्क लगायतको सम्पूर्ण विवरण सम्बन्धित डिभिजनल वन अधिकृतले अद्यावधिक गरी राख्नु पर्नेछ।

५. **निजी जग्गा प्राप्त गर्न सक्नेः** (१) दफा ४ बमोजिम राष्ट्रिय वनको सीमाना छुट्याउदा वन संरक्षण, सुरक्षा वा अन्य पर्यावरणीय कारणबाट राष्ट्रिय वनसँग सीमाना जोडिएका निजी हकभोगका घरजग्गा प्राप्त गर्न आवश्यक देखिएमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम त्यस्तो घरजग्गा प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरिने घरजग्गाको क्षतिपूर्ति वा मुआब्जा रकमको निर्धारण प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त गरिएको घरजग्गा दर्ताको लगत कट्टा गर्न डिभिजनल वन अधिकृतले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न स्थानीय तहलाई तत्काल लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लगत कट्टा गर्न लेखी आएको सात दिनभित्र मालपोत कार्यालय र स्थानीय तहले लगत कट्टा गरी डिभिजनल वन अधिकृतलाई जानकारी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत कट्टा भएको विवरण प्राप्त भएको तीन दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम प्राप्त गरिएको घरजग्गा स्वतः राष्ट्रिय वन क्षेत्र कायम हुनेछ।

६. **राष्ट्रिय वनमा कुनै व्यक्ति वा संस्थाको स्वामित्व नहुनेः** (१) राष्ट्रिय वनमा कुनै व्यक्ति वा संस्थालाई स्वामित्व प्राप्त हुने छैन र राष्ट्रिय वनभित्रको जग्गा कसैले दर्ता गरे गराएमा स्वतः बदर हुनेछ।

(२) प्रचलित कानून बमोजिम पट्टा, पूर्जी वा प्रमाणपत्र प्राप्त गरी वा यस ऐनको व्यवस्था बमोजिम कुनै हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा संस्थालाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(३) प्रचलित कानून बमोजिम अनुमति लिइएकोमा बाहेक कुनै व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टापट्टा गरी वा अरु कुनै प्रकारले हक हस्तान्तरण गर्न सकिने छैन।

(४) यस ऐनमा भएको व्यवस्था बाहेक वन क्षेत्रलाई कार्यस्थल बनाई कुनै सङ्घ संस्था दर्ता गर्न वा त्यस्तो दर्ताको नाताले वन क्षेत्रमा कुनै किसिमको संरचना निर्माण वा अन्य क्रियाकलाप गर्न हुदैन।

(५) उपदफा (४) विपरीत कुनै संस्था दर्ता भएको भए त्यस्तो संस्थाको दर्ता खारेजीको लागि डिभिजनल वन अधिकृतले सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(६) उपदफा (४) विपरीत कुनै संस्थाले कुनै किसिमको संरचना निर्माण गरेको वा कुनै क्रियाकलाप सञ्चालन गरेको भए डिभिजनल वन अधिकृतले त्यस्तो संरचना हटाउन वा त्यस्ता क्रियाकलाप सञ्चालनमा रोक लगाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम संरचना हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेध गर्ने:** (१) वन वा वन्यजन्तुको संरक्षण वा मानव सुरक्षाको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको सबै वा केही भागमा निश्चित समयको लागि सार्वजनिक सूचना प्रकाशन गरी प्रवेश निषेध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित सर्तको अधीनमा रही मानिस आवत जावतको लागि बाटो प्रयोग गर्न र प्रचलित कानून बमोजिमका आयोजना सञ्चालन गर्न कुनै बाधा पर्ने छैन।

(३) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको सबै वा केही भागमा कुनै प्रकारको घरपालुवा जनावर वा चौपाया प्रवेश निषेध गर्न सक्नेछ।

८. **राष्ट्रिय वनको व्यवस्थापन:** (१) प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन, विकास र सदुपयोग गर्न रणनीतिक योजना बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक योजनाको अधीनमा रही डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना तयार गरी स्वीकृतिका लागि निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ । आवधिक योजना सहितको रणनीतिक योजना बनाउँदा समुदायमा आधारित वनका प्रतिनिधिहरूलाई समेत सहभागी गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पेस भएको आवधिक योजना सहितको रणनीतिक योजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले आफ्नो राय सुझाव सहित स्वीकृतिका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएको आवधिक योजना सहितको रणनीतिक योजना मन्त्रालयले स्वीकृत गर्न सक्नेछ । तर निर्देशनालयबाट सिफारिस भई आएको रणनीतिक योजनामा कुनै परिमार्जन गर्नु परेमा वन निर्देशनालय र सम्बन्धित डिभिजन वन कार्यालयको परामर्शमा परिमार्जन गरी स्वीकृत गर्नेछ । यसरी स्वीकृत भएको रणनीतिक योजना सम्बन्धित डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नु पर्नेछ ।

(५) डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको व्यवस्थापन गर्दा सरकारद्वारा व्यवस्थित वन, विशेष वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन वा धार्मिक वनको उपयुक्त वन व्यवस्थापन पद्धति अपनाउनु पर्नेछ ।

(६) राष्ट्रिय वनको संरक्षण, विकास र सदुपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम प्रदेशको रणनीतिक योजना नबन्दासम्म डिभिजनल वन अधिकृतले हाल जिल्लामा कार्यान्वयनमा रहेको पञ्चवर्षीय वन व्यवस्थापन योजना तथा आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही वन व्यवस्थापन गर्न बाधा पुगेको मानिने छैन ।

९. **वन संवर्धन प्रणाली सम्बन्धी व्यवस्थाः** (१) दफा ८ बमोजिमको आवधिक योजना सहितको रणनीतिक योजनामा सरकारद्वारा व्यवस्थित वन र

समुदायमा आधारित वनको वन व्यवस्थापनको उद्देश्य, पुनरुत्पादनको अवस्था, वनको प्रकार र प्रजाति, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्थिति र संवेदनशीलता, जैविक विविधतालाई मध्यनजर गरी संरक्षणमूलक, उत्पादनमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनमा वर्गीकरण गरी सो वनमा वन विज्ञानमा आधारित उपयुक्त वन संवर्धन प्रणाली (सिल्भिकल्चरल सिस्टम) अपनाई वनको व्यवस्थापन गर्ने प्राबधान उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन कार्यालय वा समुदायमा आधारित उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार गर्दा उपयुक्त वन संवर्धन प्रणाली अपनाइ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वन संवर्धन प्रणाली अपनाइ वन व्यवस्थापन गर्दा वनको क्षेत्रफल एक सय हेक्टर भन्दा कम भएमा एक भन्दा बढी समुदायमा आधारित वनको एकाइहरूलाई एकीकृत गरी व्यवस्थापन गर्न सकिनेछ । यसरी वन व्यवस्थापन गर्दा लोपोन्मुख वनस्पतिहरूको संरक्षणको विशेष व्यवस्था अपनाई गर्नु पर्नेछ।

(४) कुनै एक वन संवर्धन प्रणाली अपनाई व्यवस्थापन भइरहेको कुनै वनको केही भाग वा पूरै भागलाई कुनै अर्को वन संवर्धन प्रणाली अपनाई व्यवस्थापन गर्नु परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले गर्न सक्नेछ।

(५) वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **अध्ययन अनुसन्धानका लागि अनुमति दिन सक्ने**: (१) विश्वविद्यालय वा शैक्षिक संस्था वा अनुसन्धान गर्ने व्यक्ति वा निकायले वन क्षेत्रभित्र भू-उपयोग परिवर्तन नहुने गरी वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार र वातावरण सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान तथा नमूना सङ्कलन गर्न चाहेमा डिभिजन वन कार्यालयको सिफारिसमा मन्त्रालयले अनुमति दिन सक्नेछ।

तर मन्त्रालय मातहतका अध्ययन अनुसन्धान गर्ने निकायको

हकमा वार्षिक स्वीकृत कार्यक्रम अनुसारका अध्ययन अनुसन्धान तथा नमूना सङ्कलन गर्नका लागि अनुमति लिनु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमति लिँदा तोकिए बमोजिमको दस्तुर डिभिजन वन कार्यालयमा बुझाउनु पर्नेछ । यसरी अनुमति लिएको व्यक्ति वा संस्थाले अध्ययन अनुसन्धान प्रतिवेदन मन्त्रालय र डिभिजन वन कार्यालय समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति नलिई अध्ययन, अनुसन्धान तथा नमूना सङ्कलन गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।

(४) अध्ययन अनुसन्धानको अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **पर्यापर्यटन तथा वन उद्यम कार्यक्रम सञ्चालनः** (१) प्रदेश सरकारले स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम उपभोक्ता समूह वा स्थानीय तह वा सङ्घ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानून र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्ने, गराउने निजी क्षेत्र वा समूह वा सङ्घ संस्थालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(३) प्रदेश सरकारले सार्वजनिक निजी साझेदारीमा तोकिए बमोजिम वन उद्यम सञ्चालन गर्न सक्नेछ ।

१२. **वन क्षेत्र प्रयोग सम्बन्धी व्यवस्थाः** राष्ट्रिय वन क्षेत्रमा विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको जग्गा प्रयोग गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिस र सम्बन्धित स्थानीय तहको समन्वयमा प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्नु पर्नेछ ।

१३. **वन क्षेत्रभित्रको नदीजन्य पदार्थको व्यवस्थापनः** (१) वन क्षेत्रभित्र नदी, खोला खोल्सी वा खहरेबाट निस्कने नदीजन्य पदार्थ थुप्रिन गई वन क्षेत्र, वातावरण, बस्ती, खेतीपाती तथा भौतिक संरचनामा नकारात्मक प्रभाव पार्ने

अवस्था पहिचान भएमा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई उक्त प्रतिवेदनले औँल्याएका सुझाव कार्यान्वयन हुने गरी डिभिजन वन कार्यालयले नदीजन्य पदार्थको सङ्कलन, व्यवस्थापन र बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गर्दा सङ्कलित नदीजन्य पदार्थको बिक्री तोकिए बमोजिम डिभिजन वन कार्यालयले गर्नेछ र त्यसबाट प्राप्त रकम ♦प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

+(२क) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको साठी प्रतिशत प्रदेश सरकार र बाँकी चालीस प्रतिशत सम्बन्धित वन क्षेत्र रहेको स्थानीय तहबिच बाँडफाँट हुनेछ।

(३) उपदफा (२) बमोजिम बिक्री गर्दा तोकिएको परिमाण वा रकम भन्दा बढीको नदीजन्य पदार्थको बिक्री विद्युतीय बोलपत्रको माध्यमबाट गर्नु पर्नेछ।

(४) वन क्षेत्रको नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## गैरकाष्ठ वन पैदावार एवम् जडीबुटी संरक्षण तथा विकास सम्बन्धी व्यवस्था

१४. **जडीबुटी संरक्षणः** डिभिजन वन कार्यालय वा समुदायमा आधारित उपभोक्ता समूहले आफ्नो अधिकार क्षेत्रभित्रका वनमा पाइने सबै प्रकारका जडीबुटीहरूको गणना र मापन गरी यथोचित संरक्षण र दिगो उपयोग सुनिश्चित हुने गरी वन व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

१५. **जडीबुटी खेती, कृषि वन वाली वा वनजन्य फलफूल रोपण गर्न सकिनेः** समुदायमा आधारित वन उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको रूख नभएको वा बिस प्रतिशत भन्दा कम छत्र घनत्व भएको वन क्षेत्रमा सम्बन्धित

♦ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित।

+ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको।

उपभोक्ता समूहले स्वीकृत कार्ययोजनाको अधीनमा रही जडीबुटी खेती, कृषि वन बाली वा वनजन्य फलफूल रोपण गर्न गर्न सकिनेछ।

१६. **जडीबुटी सङ्कलन, खेती र प्रशोधन एवम् बजारीकरणः** (१) प्रदेश सरकारले सार्वजनिक-निजी साझेदारी वा सहकारी वा निजी क्षेत्रबाट जडीबुटी सङ्कलन, खेती, प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवम् बजार प्रवर्धन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्य प्रदेश सरकारले उपभोक्ता समूह, कम्पनी, उद्योग वा सङ्घ-संस्थासँग साझेदारीमा गर्न सक्नेछ।

(३) साझेदारीमा गरिने जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले रुख नभएको वा बिस प्रतिशत भन्दा कम छत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भाग कुनै व्यक्ति, फर्म, कम्पनी वा समुदायलाई तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ।

१७. **जडीबुटी अनुसन्धान केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेः** (१) प्रदेश सरकारले जडीबुटी तथा सुगन्धित वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन, प्रशोधन, प्रदर्शनी र व्यवसायिक खेती प्रवर्धनका लागि प्रदेशमा जडीबुटी विकास तथा खेती, अनुसन्धान केन्द्र वा प्रशोधन केन्द्र वा उद्योगको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको अनुसन्धान केन्द्र वा प्रशोधन केन्द्र वा उद्योगको स्थापना तथा सञ्चालन नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका कम्पनी वा संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा गर्न सक्नेछ।

१८. **जडीबुटी पकेट क्षेत्रको रुपमा विकास गर्न सकिनेः** (१) डिभिजन वन कार्यालयबाट जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्रलाई आवधिक योजनामा समावेश गरी मन्त्रालयले जडीबुटी पकेट क्षेत्रको रुपमा विकास गर्न सक्नेछ।

(२) जडीबुटी पकेट क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बिक्री वितरणः** (१) स्वीकृत आवधिक योजनाको अधीनमा रही डिभिजन वन कार्यालयले तोकिएका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सङ्कलन तथा बिक्री वितरणको इजाजत दिन सक्नेछ।

(२) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सङ्कलन, बिक्री वितरणको इजाजत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

२०. **सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनः** (१) डिभिजनल वन अधिकृतले दफा ८ बमोजिमको आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्रको राष्ट्रिय वनको कुनै भागलाई सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्धः** आवधिक योजना सहितको रणनीतिक योजना र स्वीकृत वन व्यवस्थापन कार्ययोजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास सम्बन्धी कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन।

तर उच्च पहाडी भेगका सरकारद्वारा व्यवस्थित वनमा परम्परादेखि हुँदै आएको खर्क वा चरनको उपयोग गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

२२. **चक्ला वनः** (१) वनको उत्पादकत्व वृद्धि गर्ने प्रयोजनको लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भागमा कम्तीमा एक सय हेक्टर क्षेत्रफल नघट्ने गरी प्रदेश सरकारको रणनीतिक योजना र आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही मन्त्रालयले वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति बमोजिम चक्ला वनको रुपमा व्यवस्थापन गर्न स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको चक्ला वनको व्यवस्थापन डिभिजन वन कार्यालयले तोकिए बमोजिम गर्नेछ।

परिच्छेद - ५

## वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

२३. **वन संरक्षण क्षेत्रको व्यवस्थापनः** (१) प्रचलित कानून बमोजिम स्थापित वन संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न देहाय बमोजिमको वन संरक्षण क्षेत्र परिषद् रहनेछः-

(क) खण्ड (ग) बमोजिमका सदस्यहरू मध्येबाट निर्वाचित एक जना -संयोजक

(ख) वन संरक्षण क्षेत्र पर्ने प्रत्येक स्थानीय तहको सम्बन्धित वडा अध्यक्ष - सदस्य

(ग) वन संरक्षण क्षेत्रभित्रका वन उपभोक्ता समूहका अध्यक्ष, सचिव वा कोषाध्यक्ष्य मध्येबाट निर्वाचित कम्तीमा तीन जना महिला सहित पाँच जना -सदस्य

(घ) वन संरक्षण र प्रवर्धन कार्यमा योगदान गर्ने व्यक्ति र सरोकारवाला सङ्घ संस्थाको प्रतिनिधित्व हुने गरी मन्त्रालयले तोकेको कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(ङ) निर्देशनालयले तोकेको सम्बन्धित डिभिजन वन कार्यालयको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

(२) एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा पर्ने वन संरक्षण क्षेत्रको हकमा जिल्ला तहमा तोकिए बमोजिमको वन संरक्षण क्षेत्र इकाइ समेत रहनेछ।

(३) वन संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्दा प्राप्त हुने आम्दानीको बाँडफाँट तोकिए बमोजिम हुनेछ।

(४) डिभिजन वन कार्यालयले वन संरक्षण क्षेत्रको कार्यविधि बनाई निर्देशनालयको सिफारिस सहित स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ। तर एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने वन संरक्षण क्षेत्रको कार्यविधि सम्बन्धित डिभिजन वन कार्यालयहरूको समन्वयमा निर्देशनालयले तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(५) दफा (४) बमोजिम पेस भएको कार्यविधि आवश्यक परिमार्जन गरी मन्त्रालयले स्वीकृत गर्न सक्नेछ । स्वीकृत कार्यविधि बमोजिम परिषद्, डिभिजन वन कार्यालय र निर्देशनालयले वन संरक्षण क्षेत्रको व्यवस्थापन गर्नु पर्नेछ।

२४. **वन संरक्षण क्षेत्र परिषद्को काम कर्तव्य र अधिकार**: दफा २३ बमोजिमको वन संरक्षण क्षेत्र परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सरोकारवालाहरूको सहभागितामा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गरी प्रचलित कानून बमोजिम स्वीकृत गराउने,

(ख) वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(ग) वन संरक्षण क्षेत्रभित्रका वन उपभोक्ता समूहलाई समन्वय र मार्गदर्शन गर्ने,

(घ) वन संरक्षण क्षेत्रको संरक्षण, संवर्धन र विकासमा सहयोग गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२५. **वन संरक्षण क्षेत्रको कोष**: (१) वन संरक्षण क्षेत्रको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:

(क) वन पैदावार बिक्री वितरणबाट प्राप्त हुने रकम

(ख) सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने रकम

(ग) स्वदेशी तथा विदेशी राष्ट्र, सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम

(घ) प्रचलित कानून बमोजिमको अन्य स्रोतबाट प्राप्त रकम

तर खण्ड (ग) बमोजिम विदेशी स्रोतबाट सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-६

## विशेष वन क्षेत्र सम्बन्धी व्यवस्था

२६. **विशेष वन क्षेत्र घोषणा**: (१) प्रदेश सरकारले देहायका विशेषता भएको राष्ट्रिय वनको कुनै भागलाई विशेष वन क्षेत्रको रुपमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गर्न सक्नेछ:-

(क) वातावरणीय तथा पारिस्थितिकीय महत्त्वको क्षेत्र,

(ख) ऐतिहासिक, पूरातात्विक तथा साँस्कृतिक महत्त्वको क्षेत्र,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वको सिमसार सहितको पानीमुहान तथा संवेदनशील जलाधार क्षेत्र,

(घ) दुर्लभ तथा लोपोन्मुख अवस्थामा रहेका वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र

व्यवस्थापन गर्न आवश्यक रहेको क्षेत्र,

(ङ) पर्यापर्यटकीय महत्त्वको क्षेत्र,

(च) परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भएको क्षेत्र,

(छ) अध्ययन र अनुसन्धानका लागि महत्त्वको क्षेत्र।

(२) विशेष वन क्षेत्र घोषणा गर्दा त्यस्तो क्षेत्र उपभोक्ता समूहबाट व्यवस्थित वनको रुपमा हस्तान्तरण भइसकेको रहेछ भने सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहको परामर्श गर्नु पर्नेछ।

२७. **विशेष वन क्षेत्रको कार्ययोजनाः** (१) डिभिजन वन कार्यालयले विशेष वन क्षेत्रको कार्ययोजना तयार गरी निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको कार्ययोजनामा कुनै हेरफेर गर्नुपर्ने भएमा निर्देशनालयले सम्बन्धित डिभिजन वन कार्यालयसँग परामर्श सहित थपघट गरी सो कार्ययोजना राय सहित स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा पर्ने विशेष वन क्षेत्रको कार्ययोजना निर्देशनालयले सम्बन्धित डिभिजन वन कार्यालयसँगको समन्वय र परामर्शमा तयार गरी मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम पेस भएको कार्ययोजनामा कुनै हेरफेर गर्नुपर्ने भएमा मन्त्रालयले निर्देशनालय र अन्य सरोकारवालासँग परामर्श सहित थपघट गरी सो कार्ययोजना स्वीकृत गर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन डिभिजन वन कार्यालयले गर्नेछ। तर एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने विशेष वन क्षेत्रको व्यवस्थापन सम्बन्धित डिभिजन वन कार्यालयहरूको समन्वयमा निर्देशनालयले गर्नेछ।

(६) विशेष वन क्षेत्रमा खुला प्रतिस्पर्धाद्वारा तोकिएको सेवाहरू चरा अवलोकन, जनावर अवलोकन, दृश्यावलोकन र पर्यापर्यटन सम्बन्धी अन्य क्रियाकलाप सञ्चालन गर्न तोकिए बमोजिमको प्रक्रिया पूरा गरी

निजी क्षेत्र, सङ्घसंस्था, निकाय वा स्थानीय तहलाई दिन सकिनेछ।

२८. **वन पैदावार तथा अन्य सेवा उपलब्ध गराउन सकिने:** विशेष वन क्षेत्रमा रहेका वन पैदावारहरूको सदुपयोग र बिक्री वितरण तथा वातावरणीय सेवाहरूको शुल्क र बाँडफाँट तोकिए बमोजिम हुनेछ।

२९. **विशेष वन क्षेत्र व्यवस्थापन परिषद्को गठन:** (१) विशेष वन क्षेत्रको कार्ययोजना कार्यान्वयनका लागि देहाय बमोजिमको विशेष वन क्षेत्र व्यवस्थापन परिषद् रहनेछः-

(क) खण्ड (ग) बमोजिमका सदस्यहरू मध्येबाट निर्वाचित एक जना -संयोजक

(ख) विशेष वन क्षेत्र पर्ने प्रत्येक स्थानीय तहको सम्बन्धित वडा अध्यक्ष - सदस्य

(ग) विशेष वन क्षेत्रभित्रका वन उपभोक्ता समूहका अध्यक्ष, सचिव वा कोषाध्यक्ष्य मध्येबाट निर्वाचित कम्तीमा तीन जना महिला सहित पाँच जना -सदस्य

(घ) वन संरक्षण र प्रवर्धन कार्यमा योगदान गर्ने व्यक्ति र सरोकारवाला सङ्घ संस्थाको प्रतिनिधित्व हुने गरी मन्त्रालयले तोकेको कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(ङ) डिभिजन वन कार्यालयले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

(२) विशेष वन क्षेत्रमा एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्र पर्ने भएमा निर्देशनालयले तोकेको अधिकृतस्तरको कर्मचारीले उपदफा (१) बमोजिमको परिषद्को सदस्य सचिवको काम गर्नेछ।

(३) डिभिजन वन कार्यालयले विशेष वन क्षेत्रको कार्यविधि बनाई निर्देशनालयको सिफारिस सहित स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ। तर एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने विशेष वन क्षेत्रको कार्यविधि सम्बन्धित डिभिजन वन कार्यालयहरूको समन्वयमा निर्देशनालयले तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको कार्यविधि आवश्यक परिमार्जन गरी मन्त्रालयले स्वीकृत गर्न सक्नेछ । स्वीकृत कार्यविधि बमोजिम परिषद्, डिभिजन वन कार्यालय र निर्देशनालयले वन संरक्षण क्षेत्रको व्यवस्थापन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम गठन भएको परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३०. **विशेष वन क्षेत्रको कोषः** (१) विशेष वन क्षेत्रको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) वन पैदावार बिक्री वितरणबाट प्राप्त हुने रकम

(ख) सङ्घ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त हुने रकम

(ग) स्वदेशी तथा विदेशी राष्ट्र, सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम

(घ) प्रचलित कानून बमोजिमको अन्य स्रोतबाट प्राप्त रकम

तर खण्ड (ग) बमोजिम विदेशी स्रोतबाट

सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(घ) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-७

## सामुदायिक वन सम्बन्धी व्यवस्था

३१. **सामुदायिक वनको व्यवस्थापनः** (१) दफा ५५ बमोजिम गठित उपभोक्ता समूहले वनको संरक्षण, विकास, उपयोग, व्यवस्थापन तथा समूहभित्रका लागि स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सामुदायिक वन कार्ययोजना स्वीकृत गरी सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) राष्ट्रिय वन क्षेत्रभन्दा बाहिरको सार्वजनिक जग्गामा स्थानीय तह वा स्थानीय उपभोक्ताहरूले वा अरु कसैले रूख विरुवा लगाई रूख विरुवाको संरक्षण गरेको रहेछ भने वा स्थानीय उपभोक्ताहरूले उपभोक्ता समूह गठन गरी त्यस्तो जग्गामा स्वामित्व भएको संस्था वा स्थानीय तहको स्वीकृति लिई सोही संस्थामा जग्गाको स्वामित्व रहने गरी रूख विरुवा लगाउन चाहेमा डिभिजनल वन अधिकृतले सो वन क्षेत्रलाई सामुदायिक वनको रुपमा मान्यता दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजनल वन अधिकृतले तोकिए बमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ।

(४) सामुदायिक वनको संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समूहको हुनेछ।

(५) उपदफा (१) को प्रयोजनका लागि डिभिजनल वन अधिकृतले उपभोक्ताहरूलाई परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवम् अन्य

सहयोग उपलब्ध गराउन सक्नेछ।

(६) उपभोक्ता समूहले समूहको साधारणसभाबाट दफा ५५ को उपदफा (६) बमोजिमको उपभोक्ता समितिको चयन गर्नेछ।

(७) उपभोक्ता समूह र उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(८) उपभोक्ता समितिको पदावधि तीन वर्षको हुनेछ। उपभोक्ता समितिको पदावधि सकिन तीन महिना अगावै नयाँ उपभोक्ता समितिको चयन गर्नुपर्नेछ।

३२. **कार्ययोजना सम्बन्धी व्यवस्थाः** (१) दफा ३१ बमोजिम वन व्यवस्थापन गर्ने उपभोक्ता समूहले तोकिएको ढाँचामा तयार गरेको कार्ययोजना डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत सामुदायिक वनको कार्ययोजनाको अवधि पाँच वर्षको हुनेछ । तर वन संवर्धन प्रणालीमा आधारित वा अन्य विशेष परिस्थितिको कार्ययोजनाको अवधि दश बर्ष राख्न सकिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादनशील वनको हकमा उपभोक्ता समूहको चाहनामा समूहले दफा ९ बमोजिम उपयुक्त वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्ययोजना तयार गर्नुपूर्व उपभोक्ता समूहले यसको अवधारणा पत्र डिभिजन वन कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ र डिभिजन वन कार्यालयले सो को जानकारी निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) सामुदायिक वनभित्र वन्यजन्तुको बासस्थान व्यवस्थापनका कार्यहरू कार्ययोजनामा समावेश गरी सञ्चालन गर्न सकिनेछ।

(६) उच्च पहाडी भेगमा परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भई आएको क्षेत्र सामुदायिक वनभित्र पर्ने भएमा सो खर्क वा चरन उपयोगमा बाधा नपर्ने व्यवस्था मिलाई कार्ययोजना तयार गर्नु पर्नेछ।

३३. **संक्षिप्त कार्ययोजना सम्बन्धी व्यवस्थाः** (१) एक लाख रुपैयाँ भन्दा कम बार्षिक आम्दानी भएका, उपभोक्ता समूह भन्दा बाहिर वन पैदावार बिक्री वितरण नगर्ने, वन संवर्धन प्रणालीमा आधारित भई वन व्यवस्थापन नगर्ने, सामुदायिक वनको कार्ययोजना अवधि समाप्त भई तत्काल नवीकरण हुन नसकेका उपभोक्ता समूहले साविकको कार्ययोजनाले तोकेको वन पैदावारको वार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी तोकिए बमोजिम संक्षिप्त कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम पेस भएको संक्षिप्त कार्ययोजना डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत संक्षिप्त कार्ययोजना सामुदायिक वनको मूल कार्ययोजनाको अङ्गको रुपमा रहनेछ ।

(४) संक्षिप्त कार्ययोजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **कार्ययोजनामा संशोधनः** (१) दफा ३२ बमोजिम स्वीकृत कार्ययोजनाको अवधि समाप्त भएमा वा समयानुकूल संशोधन गर्नु परेमा उपभोक्ता समूहले कार्ययोजनामा संशोधन गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ ।

(२) कार्ययोजना स्वीकृत भएको मितिले दुई वर्षसम्म संशोधन गरिने छैन ।

तर विशेष अवस्था परी संशोधन नगरी नहुने भएमा निर्देशकको स्वीकृतिमा डिभिजनल वन अधिकृतले संशोधन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिमको कार्ययोजना संशोधन गर्न उपभोक्ता समूहले अनुरोध गरेमा डिभिजनल वन अधिकृतले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कार्ययोजना संशोधन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **<u>सामुदायिक वनको काठ दाउरा बिक्री वितरण सम्बन्धी व्यवस्थाः</u>** (१) सामुदायिक वनको कार्ययोजना बमोजिम प्राप्त हुने काठ दाउरा मध्ये समूहले आफ्ना सदस्यलाई घरायसी प्रयोजनका लागि बिक्री वितरण गरी बाँकी रहेको काठ दाउरा तोकिए बमोजिम समूह बाहिर बिक्री वितरण गर्न सक्नेछ।

(२) सामुदायिक वन क्षेत्रमा स्वीकृत कार्ययोजना बमोजिम वन संवर्धन (गोडमेल, झाडी सफाइ तथा लख्याउने) कार्य गर्दा गोलिया काठ बाहेक सङ्कलित दाउरालाई उपभोक्ता समूहले दाह संस्कार गर्ने कार्यका लागि सोझै बिक्री वितरण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम उपभोक्ता समूहले आफ्नो समूहभन्दा बाहिर काठ दाउरा बिक्री वितरण गर्दा प्रचलित कानून बमोजिम तोकिएको दररेट भन्दा कम दरमा बिक्री गर्न सकिने छैन।

♦(४) उपभोक्ता समूहले आफ्नो समूहभित्र काठ दाउरा बिक्रीबाट प्राप्त रकमको दश प्रतिशत प्रदेश सञ्चित कोषमा र आफ्नो समूह बाहिर काठ दाउरा बिक्रीबाट प्राप्त रकमको तीस प्रतिशत रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम उपभोक्ता समूहले आफ्नो समूह बाहिर काठ दाउरा बिक्रीबाट प्राप्त ♦<u>प्रदेश विभाज्य कोष</u>मा जम्मा भएको तीस प्रतिशत रकम मध्ये बिस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित वन रहेको स्थानीय तह बिच बाँडफाट हुनेछ।

(६) उपदफा (४) बमोजिमको रकम जम्मा भइसकेपछि त्यस्तो उपभोक्ता समूहबाट स्थानीय तह वा कुनै निकायले यस सम्बन्धी कुनै किसिमको सेवा शुल्क वा दस्तुर लिन पाइने छैन।

(७) सामुदायिक वन उपभोक्ता समूहका सदस्यले कार्ययोजना बमोजिम आफ्नो घरायसी प्रयोजनका लागि प्राप्त गरेको गोलिया काठलाई समितिको सिफारिसमा सव डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयबाट तोकिए बमोजिम चिरान सहमति लिई नजिकको सःमिल

---

♦ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित।

वा हाते आराबाट चिरान गर्न सक्नेछ । यसरी प्राप्त गरिएको काठ दाउरा तोकिएको बाहेक अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।

(८) सामुदायिक वनको काठ दाउरा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३६. **कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनको उपभोक्ता समूहका सदस्य वा समितिका पदाधिकारीले विधान वा कार्ययोजना विपरीत हुने कुनै काम कारबाही गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले समूहको स्वीकृत विधान तथा कार्ययोजना बमोजिम जरिबाना गर्नेछ । र त्यस्तो कामबाट कुनै हानि नोक्सानी भएमा विगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुलउपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैँले कारबाही गर्न नसकेमा समूहले कारबाहीको लागि डिभिजनल वन अधिकृत समक्ष सिफारिस गर्न सक्नेछ । यसरी सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले प्रचलित कानून बमोजिम कारबाही गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबाना गरेको कारणले मात्र त्यस्तो सदस्य वा पदाधिकारीलाई प्रचलित कानून बमोजिमको कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन ।

३७. **सामुदायिक वनको आम्दानीको व्यवस्थापनः** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा चालीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँगको समन्वयमा कार्यक्रममा दोहोरोपना नपर्ने गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकासमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समूहको हितका लागि सामाजिक वा भौतिक पूर्वाधारको विकासको कार्यमा खर्च गर्न सकिनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि

उपभोक्ता समूहले आफ्नो कुल आम्दानीको दश प्रतिशत नबढ्ने गरी प्रशासनिक खर्च गर्न सक्नेछन् ।

(४) स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम उपभोक्ता समूह आफैँ वा स्थानीय तह वा सङ्घ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानून र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्ने, गराउने निजी क्षेत्र वा समूह वा सङ्घ संस्थालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(६) उपदफा (४) बमोजिमको वन उद्यम तथा पर्यापर्यटन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **कबुलियतनामा गरी वन उपलब्ध गराउन सकिने**: (१) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत वन कार्ययोजनाको अधीनमा रही सामुदायिक वनको कुनै भाग समूहभित्रका विपन्न उपभोक्ताले सामूहिक रूपमा आयआर्जनका लागि वनजन्य क्रियाकलाप सञ्चालन गर्न समूह बनाई एक पटकमा बढीमा दश वर्षका लागि कबुलियतनामा गरी उपलब्ध गराउन सक्नेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि वनजन्य क्रियाकलाप भन्नाले वनमा आधारित कृषि वन प्रणाली समेतलाई जनाउनेछ ।

(२) कबुलियतनामा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **सामुदायिक वन फिर्ता लिन सकिने**: (१) यस परिच्छेद बमोजिम हस्तान्तरण गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक

वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित उपभोक्ता समूहलाई सफाइ पेस गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले तोकिए बमोजिम निर्देशक समक्ष उजूर गर्न सक्नेछ। यस सम्बन्धमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको निर्णय उपदफा (२) बमोजिम बदर भएमा उक्त सामुदायिक वन उपभोक्ता समूहले साविक बमोजिम वन व्यवस्थापन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको निर्णय उपदफा (२) बमोजिम सदर भएमा डिभिजनल वन अधिकृतले आवश्यक प्रकृया पूरा गरी उपभोक्ता समिति पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

परिच्छेद-८

## साझेदारी वन सम्बन्धी व्यवस्था

४०. **साझेदारी वन**: दफा ८ बमोजिमको आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही देहाय बमोजिमका उद्देश्य परिपूर्तिका लागि राष्ट्रिय वनको कुनै भागलाई डिभिजन वन कार्यालय, स्थानीय तह र उपभोक्ता समूहको साझेदारीमा तोकिए बमोजिम साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सकिनेछः-

(क) वनको विकास र दिगो व्यवस्थापन गरी स्थानीय, प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउन,

(ख) वन क्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराइ वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वन क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्धन गर्न,

(ङ) उपभोक्ताको जीविकोपार्जनमा सुधार ल्याउन ।

४१. **साझेदारी वनको कार्ययोजनाः** (१) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा डिभिजनल वन अधिकृतले उपयुक्त वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेस गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्ययोजना कार्यान्वयन गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र दफा ४२ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ ।

(३) उपदफा (१) बमोजिमका साझेदारले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बमोजिम पालना गर्नु पर्ने सर्तहरू पालना नगरेमा निर्देशकले त्यस्तो साझेदारी वनको उपभोक्ता समिति खारेज गरी उक्त समूहबाट नयाँ कार्यसमिति चयन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो निर्णय गर्नु अघि उपभोक्ता समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम निर्देशकले गरेको निर्णय चित्त नबुझेमा सम्बन्धित समितिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ र मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

४२. **साझेदारी वन उपभोक्ता समूहको गठनः** (१) साझेदारी वनको विकास तथा संरक्षणको लागि वन उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्थापन गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावार सदुपयोग गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताले दफा ५५ बमोजिम साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता समूहको गठन,

सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) साझेदारी वनको संरक्षण तथा व्यवस्थापन गर्न डिभिजन वन कार्यालयले स्थानीय तह र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्नेछ।

४३. **साझेदारी वन उपभोक्ता समूहको कोषः** (१) साझेदारी वन उपभोक्ता समूहको दफा ५७ बमोजिमको आफ्नो छुट्टै कोष हुनेछ।

(२) दफा ४२ बमोजिमको उपभोक्ता समूहले कार्ययोजना बमोजिम खर्च गर्दा उपदफा (१) बमोजिमको कोषबाट खर्च गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा प्रभावित व्यक्तिलाई उपदफा (१) बमोजिमको कोषबाट राहत उपलब्ध गराउन सकिनेछ।

(४) यस दफा बमोजिम उपभोक्ता समूहले गर्ने आर्थिक कारोबार नेपाल राष्ट्रबैङ्कबाट इजाजत प्राप्त कुनै एक बैङ्क मार्फत गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन उपभोक्ता समूहको अध्यक्ष र डिभिजनल वन अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीबाट संयुक्त रुपमा हुने गरी गरिनेछ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा लेखा परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **साझेदारी वन व्यवस्थापन समितिको गठनः** (१) साझेदारी वनको विकास, संरक्षण र वन पैदावारको सदुपयोगका लागि साझेदारी वन उपभोक्ता समूहबाट साझेदारी वन व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समितिको गठन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरणः** (१) साझेदारी वनबाट उत्पादित काठ दाउराको हकमा सबै गुणस्तर (ग्रेडिङ) को आधारमा साठी प्रतिशत साझेदारी वन उपभोक्ता समूह, तीस प्रतिशत प्रदेश सरकार

र दश प्रतिशत सम्बन्धित स्थानीय तहको हुने गरी बाँडफाट गरिनेछ । तर गैरकाष्ठ वन पैदावारको हकमा शत प्रतिशत साझेदारी वन उपभोक्ता समूहको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले प्राप्त गरेको काठ दाउरा मध्ये जिल्लाभित्रको आपूर्तिका लागि आवश्यक काठ दाउरा छुट्याई बाँकी रहने काठ दाउरा डिभिजन वन कार्यालयले लिलाम बिक्री गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूह बाहिर बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको वन पैदावार आन्तरिक बिक्री वितरण र समूह बाहिर बिक्री गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा र बाँकी रहेको रकम मध्येबाट दश प्रतिशतमा नबढ्ने गरी संस्थागत सशक्तिकरण र प्रशासनिक खर्च छुट्याई स्थानीय तहहरूसँग समन्वय गरी दोहोरो नपर्ने गरी गरिवी न्यूनीकरण, महिला सशक्तिकरण, उद्यम विकास, भौतिक पूर्वाधार विकास तथा समुदायको हितमा खर्च गर्न सकिनेछ।

(६) साझेदारी वनबाट उत्पादित वन पैदावारको बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## कबुलियती वन सम्बन्धी व्यवस्था

४६. **व्यवसायिक कबुलियती वन प्रदान गर्नेः** (१) प्रदेश सरकारले देहायका उद्देश्यहरूका लागि औसत बिस प्रतिशत भन्दा कम छत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी प्रचलित कानून

बमोजिम स्थापित कुनै उद्योग, समुदाय वा सङ्गठित संस्थालाई प्रतिस्पर्धाको आधारमा व्यवसायिक कबुलियती वन प्रदान गर्न सक्नेछः-

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी जडीबुटी खेती वा कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फर्म सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न ।

(२) उपदफा (१) मा उल्लिखित उद्देश्यहरूका लागि कबुलियती वन लिन चाहने प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्था, उद्योग वा समुदायले तोकिए बमोजिमको रकम वार्षिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) व्यवसायिक कबुलियती वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. **व्यवसायिक कबुलियती वन फिर्ता लिन सकिनेः** (१) दफा ४६ बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौता विपरीत कुनै काम गरे गराएको पाइएमा डिभिजनल वन अधिकृतले प्रचलित कानून बमोजिम कारबाही गरी सो कबुलियती वन फिर्ताको लागि निर्देशनालयमा लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा निर्देशकले पैँतिस दिनभित्र जाँचबुझ गरी आवश्यक निर्णय गर्नेछ ।

तर यसरी फिर्ता लिने निर्णय गर्दा सम्बन्धित पक्षलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्देशकले गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित पक्षले सो निर्णयको जानकारी पाएको पैँतिस दिनभित्र

मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको पुनरावेदन उपर मन्त्रालयले एक्काइस दिनभित्र निर्णय गर्नेछ र मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

४८. **गरिबका लागि कबुलियती वन दिन सकिने**: (१) डिभिजनल वन अधिकृतले वनको संरक्षण र विकास हुने गरी गरिबीका रेखामुनि रहेका जनताको लागि गरिबी न्यूनीकरण गर्न तोकिए बमोजिम समूह गठन गरी औसत बिस प्रतिशत भन्दा कम छत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिमको प्रक्रिया पूरा गरी कबुलियती वन हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वन कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त देखेमा सो को निर्णय गरी समूहलाई दर्ता प्रमाण पत्र दिनु पर्नेछ। यसरी प्रदान गरिने कबुलियती वनको व्यवस्थापन सम्बन्धी कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कबुलियती वन प्रदान गर्दाको बखत रहेका रुखहरूको स्वामित्व प्रदेश सरकारको हुनेछ। ती रूखहरू संरक्षण गरे बापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ।

(४) कबुलियती वन प्रदान गरेको कम्तीमा पाँच बर्षपछि कबुलियती वन प्रदान गर्दाको बखत रहेका रूख सुकेमा वा ढलेमा वा मरेमा उक्त रूखबाट उत्पादन हुने काठ, दाउरा डिभिजन वन कार्यालयले तोकिए बमोजिम बिक्रीवितरण गरी प्राप्त रकमको साठी प्रतिशत सम्बन्धित कबुलियती वन समूह र चालिस प्रतिशत ♦प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ। यसरी प्रदेश सञ्चित कोषमा जम्मा भएको चालिस प्रतिशत रकम मध्ये तीस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित वन भएका स्थानीय तहबिच बाँडफाँट हुनेछ।

(५) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कार्ययोजना बमोजिम समूहले लगाई हुर्काएका रूख विरुवाको स्वामित्व

♦ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित।

समूहको हुनेछ र समूहले उक्त रूखहरू तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

४९. **कार्ययोजना विपरीत कार्य गर्नेलाई सजायः** व्यवसायिक कबुलियती वनको पट्टावाला वा गरिवका लागि कबुलियती वन उपभोक्ता समूह वा अन्य कसैले कार्ययोजना विपरीतको कुनै काम गरेमा वा वनमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, सङ्घ संस्था, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

५०. **गरिबका लागि प्रदान गरिएको कबुलियती वन पुनरावलोकन गर्न वा फिर्ता लिन सकिनेः** (१) दफा ४८ बमोजिम गरिबीको रेखामुनि रहेका जनतालाई हस्तान्तरण गरिएका कबुलियती वनको कार्ययोजनाको म्याद समाप्त भएमा उपभोक्ता समूह सक्रिय र सफल हुदैं आएको र कबुलियती वनबाट मनग्य आम्दानी र फाइदा लिन सफल भएको अवस्थालाई मध्यनजर गरी डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ पश्चात् पुनरावलोकन गर्न सक्नेछ। देहाय बमोजिमका मापदण्ड पूरा नभई नवीकरण हुन नसकेका यस प्रकारका कबुलियती वनलाई डिभिजनल वन अधिकृतले फिर्ता लिन सक्नेछः-

(क) डिभिजन वन कार्यालयमा वार्षिक रुपमा प्रतिवेदन पेस नगरेका समूह,

(ख) विधान र कार्ययोजना बमोजिम कम्तीमा एक वर्षसम्म नियमित बैठक सञ्चालन नभएका समूह,

(ग) कबुलियती वनको उपयोग गरी आर्थिक उपार्जन गर्न नसकेका समूह,

(घ) नेपाल सरकारले तोकेको निरपेक्ष गरिबीको रेखामुनी नपरेका सदस्य रहेका समूह,

(ङ) बसाईसराई गरी पचास प्रतिशत भन्दा बढी सदस्य अन्यत्र गएका समूह।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यसरी समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि

सम्बन्धित समूहलाई आफ्नो सफाइ पेस गर्न मौका दिइनेछ।

(३) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने समूहले पैँतिस दिनभित्र निर्देशक समक्ष उजुरी गर्न सक्नेछ। त्यस्तो उजुरीमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(४) उपदफा (१) बमोजिम फिर्ता भएको वन क्षेत्रलाई डिभिजनल वन अधिकृतले प्रचलित कानून बमोजिम व्यवस्थापन गर्नेछ।

परिच्छेद-१०

## धार्मिक वन सम्बन्धी व्यवस्था

५१. **धार्मिक वन हस्तान्तरण गर्ने:** (१) कम्तीमा पचास वर्ष अघि देखि स्थापित र प्रचलनमा रहेको ऐतिहासिक धार्मिक स्थल तथा त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यसको वरिपरिको राष्ट्रिय वन धार्मिक वनको रुपमा संरक्षण गर्न चाहेमा राष्ट्रिय वनको निश्चित भाग डिभिजनल वन अधिकृतले धार्मिक वनको रूपमा हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षणको लागि हस्तान्तरण गरिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायमा हक हस्तान्तरण भएको मानिने छैन र त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा जग्गाको स्वामित्व हस्तान्तरण हुने छैन।

(३) उपदफा (१) बमोजिम धार्मिक वन संरक्षण गर्ने जिम्मेवारी दिँदा लिँदा अन्य उपभोक्ताको परम्परागत हक हितमा असर नपर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको धार्मिक वन वा त्यसको कुनै भाग धार्मिक निकाय, समूह वा समुदायले अन्य कसैलाई उपयोग गर्न र भोगचलन वा हक हस्तान्तरण गरी दिन पाइने छैन।

५२. **धार्मिक वनको कार्ययोजना:** (१) दफा ५१ बमोजिमको प्रयोजनका लागि कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने संरक्षण कार्यहरू तथा तोकिए बमोजिमका

अन्य विवरणहरू खुलेको कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना पेस हुन आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ।

(३) धार्मिक वन हस्तान्तरण गरी प्राप्त गर्ने निकायले आफ्नो धार्मिक वनभित्र कार्ययोजनामा उल्लिखित बाहेक अन्य कुनै काम गर्न पाइने छैन।

(४) धार्मिक वनभित्र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी, सार्वजनिक रुपमा हानिनोक्सानी हुने गरी, जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रूख कटान गर्न, धार्मिक, ऐतिहासिक तथा पूरातात्विक महत्त्वका धरोहर तथा सम्पदाहरूको मर्मत सम्भार र जिर्णद्धार गर्ने कार्य बाहेक अन्य कुनै भौतिक संरचना निर्माण गर्न पाइने छैन।

(५) कुनै प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएको रूखहरू सुकेमा वा ढलेमा डिभिजनल वन अधिकृतले त्यस्ता रूखहरू सङ्कलन गरी आएका वन पैदावारहरू मध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वन पैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वन पैदावार प्रचलित कानून बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

(६) धार्मिक वनको कार्ययोजना विपरीतको कुनै काम गरेमा वा धार्मिक वनमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

५३. **धार्मिक वन फिर्ता लिन सकिने**: (१) दफा ५१ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ५१ र दफा ५२ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने कुराहरू पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन

फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई सफाइ पेस गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय उपर चित्त नबुझेमा धार्मिक निकाय, समूह वा समुदायले पैंतिस दिनभित्र निर्देशक समक्ष उजुर गर्न सक्नेछन्। त्यस्तो उजुरीमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

५४. **कार्ययोजना विपरीत कार्य गर्नेलाई सजायः** धार्मिक वनको कार्ययोजना विपरीतको कुनै काम गरेमा वा धार्मिक वनमा हानिनोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

परिच्छेद-११

## उपभोक्ता समूह सम्बन्धी व्यवस्था

५५. **उपभोक्ता समूह सम्बन्धी व्यवस्थाः** (१) सामूहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले उपभोक्ता समूहको गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपभोक्ता समूह सम्बन्धित डिभिजन वन कार्यालयमा प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको उपभोक्ता समूहमा वन क्षेत्र नजिक स्थायी बसोबास रहेका, वनको संरक्षणमा योगदान वा उपभोगमा प्रत्यक्ष संलग्न हुने, अन्यत्र वन उपभोक्ता समूहको सदस्य नरहेका इच्छुक प्रति घरधुरी एक सदस्य हुनेछन्।

(४) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका उपभोक्ता समूहहरू एक आपसमा गाभिन चाहेमा डिभिजनल वन अधिकृतको स्वीकृतिमा गाभिन सक्नेछन्।

(५) उपदफा (४) बमोजिम उपभोक्ता समूह एक आपसमा गाभिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) उपभोक्ता समूहको कार्य सञ्चालनका लागि बढीमा पन्ध्र सदस्यीय एक उपभोक्ता समिति रहनेछ।

(७) उपभोक्ता समितिको पदावधि तीन वर्षको हुनेछ। उपभोक्ता समितीको पदावधि सकिन तीन महिना अगावै नयाँ उपभोक्ता समितिको चयन गर्नुपर्नेछ।

(८) उपदफा (६) बमोजिमको उपभोक्ता समितिको पदाधिकारी प्रचलित कानून बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्ति मानिनेछ।

(९) उपदफा (६) बमोजिमको उपभोक्ता समिति सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. **उपभोक्ता समूह सङ्गठित संस्था हुने**: (१) दफा ५५ बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, आर्जित सम्पत्ति बेच बिखन गर्न, वन उद्यम सञ्चालन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

५७. **उपभोक्ता समूहको कोष**: (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिबानाबाट प्राप्त रकम।

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु तथा वन डढेलोबाट त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५८. **बरबुझारथ गर्नु पर्नेः** (१) उपभोक्ता समूहको स्वीकृत बिधान बमोजिम उपभोक्ता समितिको पुनःगठन भएमा वा कुनै पदाधिकारी पदमुक्त भएमा निवर्तमान पदाधिकारीले नयाँ गठन वा चयन भएका पदाधिकारीलाई पन्ध्र दिनभित्र आफ्नो जिम्मामा रहेको नगद, जिन्सी तथा कागजातहरू बरबुझारथ गर्नु पर्नेछ।

(२) काबु बाहिरको परिस्थिति परी उपदफा (१) बमोजिम बरबुझारथ गर्न नसकेमा डिभिजन वन कार्यालयले बरबुझारथका लागि पन्ध्र दिनसम्मको समय थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बरबुझारथ नगर्ने पदाधिकारीलाई नगदी जिन्सीको हकमा विगोको दोब्बर रकम सहित थप पचास हजार रुपैयाँ जरिबाना हुनेछ र कागजातहरू बरबुझारथ नगर्ने पदाधिकारीलाई पचास हजार रुपैयाँ जरिबाना सहित प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(४) उपभोक्ता समितिका पदाधिकारीको पदावधि समाप्त भएपछि बरबुझारथ गर्नु अघि समितिका पदाधिकारीले उपभोक्ताको हितको नाममा समूहको कोषको रकम प्रयोग तथा अन्य आर्थिक कारोबार गर्न पाइने छैन। यस दफा विपरीत उपभोक्ता समूहको कोषको रकम प्रयोग गरेमा कोषको रकम हिनामिना गरे सरह मानी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

५९. **कार्ययोजना विपरीत कार्य गर्न नहुनेः** (१) उपभोक्ता समूहका सदस्य वा पदाधिकारीले समूहको हितका नाममा विधान र कार्ययोजना विपरीत वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही गरेमा निजहरूलाई प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपभोक्ता समितिका सदस्यलाई उपदफा (१) बमोजिम कारबाहीको सिलसिलामा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएमा स्वतः निलम्बन हुनेछन् । निज निलम्बन रहेकै अवस्थामा निजको पदावधि समाप्त भएमा स्वतः पदमुक्त हुनेछ ।

६०. **प्रतिवेदन दिनु पर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको ढाँचामा समूहले व्यवस्थापन गरेको वनको स्थिति खुलाइएको वार्षिक प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह र वडा कार्यालयमा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनका आधारमा सम्बन्धित स्थानीय तहले सम्बन्धित उपभोक्ता समूहको अनुगमन गरी डिभिजन वन कार्यालय समक्ष आवश्यक राय सुझाव दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र उपदफा (२) बमोजिमको राय सुझावका आधारमा डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निर्देशन उपभोक्ता समितिले पालना गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## सार्वजनिक जग्गामा रहेको वन र निजी वन सम्बन्धी व्यवस्था

६१. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको सार्वजनिक जग्गामा वन वाटिका, उद्यान, हरित पार्क वा शहरी वनको रुपमा वनको स्थापना, संरक्षण, विकास, व्यवस्थापन गर्न र

वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) सार्वजनिक जग्गामा लगाई हुर्काएको वनलाई स्थानीय तहको सहमतिमा स्थानीय समुदायले उपभोक्ता समूह गठन गरी सामुदायिक वनको रुपमा डिभिजन वन कार्यालयबाट हस्तान्तरण गरी लिन र यस ऐन बमोजिम व्यवस्थापन गर्न सक्नेछन्।

६२. **सार्वजनिक स्थानमा रहेका रुख सम्बन्धी व्यवस्थाः** (१) कसैले पनि राष्ट्रिय वन बाहेकका सार्वजनिक सडक, बाटो, नहर, कुलो, किनारमा लगाएका तथा बाटो सडकमा छहारी पर्ने रूखहरू र चौतारा, सिंचाई कुलाको मुहान, धार्मिक स्थल, अन्त्येष्टी स्थल वा यस्तै अन्य महत्त्वपूर्ण स्थानमा रहेका रूखहरू काट्न र मास्न पाइने छैन।

(२) उपदफा (१) बमोजिमका रूखको संरक्षण र व्यवस्थापन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिमको रूख विरुवाको संवर्धन गर्न वा रूख विरुवा ढली मानवीय वा अन्य भौतिक क्षति हुनबाट बचाउन वा अन्य कुनै प्राकृतिक कारणले ढलेको, जोखिमयुक्त सुकेको, बुढा तथा खडा रूखको हाँगा काठ दाउराको सदुपयोग तथा बिक्री वितरण गर्ने व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

(४) सरकारी जग्गामा रहेका रूखहरू हटाउने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(५) सार्वजनिक स्थानमा रहेका वर, पीपल, समी लगायत चौतारोमा रहेका रूख प्रजातिहरूको संरक्षण तथा व्यवस्थापन प्रचलित प्रदेश कानून बमोजिम हुनेछ।

६३. **शैक्षिक संस्थाको रूख व्यवस्थापन सम्बन्धमाः** जग्गाधनी प्रमाणपूर्जा भएका सरकारी वा अर्धसरकारी विश्वविद्यालय, क्याम्पस, विद्यालय जस्ता शैक्षिक

संस्थाको परिसर वा जग्गामा रहेका रूखहरू हटाउन पर्ने भएमा सम्बन्धित संस्थाको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ । यसरी रूख हटाउन स्वीकृति पाएमा सम्बन्धित निकायले आफ्नै खर्चमा कटान मुछान गरी आफैँ प्रयोग गर्न वा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी आम्दानी उपयोग गर्न सक्नेछ ।

६४. **जोखिम हुने रूखहरू हटाउने सम्बन्धी व्यवस्थाः** (१) वन व्यवस्थापन गरिने क्षेत्रभन्दा बाहिर रहेका सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका, ढलेका रूख नहटाएमा अन्य भौतिक संरचना वा जनधन वा मानव बस्ती तथा आवागमनमा जोखिम रहेको पाइएमा डिभिजनल वन अधिकृतले त्यस्ता रूखहरू हटाउन सक्नेछ ।

(२) जोखिमयुक्त रूख हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. **निजी वनको दर्ताः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति, संस्था वा कम्पनीले निजी वन दर्ता गर्न सिफारिसको लागि सम्बन्धित डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछः-

(क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,
(ख) मालपोत तिरेको रसिदको प्रतिलिपि,
(ग) नापी कार्यालयले प्रमाणित गरेको नक्सा,
(घ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

तर संस्था वा कम्पनीले निजी वन दर्ताको लागि संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्था वा कम्पनीको नवीकरण र मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर सम्बन्धी कागजात समेत संलग्न गरी पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेस भएको निवेदन उपर डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपयुक्त देखेमा जाँचबुझ प्रतिवेदन संलग्न राखी

सिफारिस सहित निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ । यसरी जाँचबुझ गर्दा डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयले आवश्यकता अनुसार नापी कार्यालयको सहयोग लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पेस हुन आएको प्रतिवेदन सहितको सिफारिस पत्र समेतको आधारमा स्थानीय तहले त्यस्तो निजी वन दर्ता गरी तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(५) उपदफा (४) बमोजिम निजी वन दर्ता गरेको जानकारी स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम दर्ता भएका निजी वनको अद्यावधिक लगत स्थानीय तह, सव डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयले राख्नु पर्नेछ ।

(७) यस दफा बमोजिम निजी वन दर्ता गराएका निजी वन धनीले आफूले दर्ता गराएको वनको विवरण हरेक पाँच पाँच वर्षमा सम्बन्धित स्थानीय तहमा अद्यावधिक गराउनु पर्नेछ ।

६६. **निजी वनको व्यवस्थापन:** (१) निजी वनको धनीले दफा ६५ बमोजिम दर्ता भएको निजी वनमा प्रचलित कानूनको अधीनमा रही कृषि वन, जडीबुटी खेती, वन्यजन्तु पालन वा पर्यापर्यटन क्रियाकलाप समेत सञ्चालन गर्न र त्यस्तो निजी वनको विकास, संरक्षण, व्यवस्थापन तथा औषधीजन्य सुगन्धित वा बहुउपयोगी र आर्थिक दृष्टिले तुलनात्मक लाभ भएका प्रजातिहरू वृक्षारोपण गरी वन पैदावारको उपयोग गर्न तथा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको प्रयोजनको लागि डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) निजी वन तथा वन पैदावार उपयोग सम्बन्धी विवाद व्यक्ति वा निजी संस्थाको बिचमा भएमा सम्बन्धित स्थानीय तहले निरुपण गर्ने

र राष्ट्रिय वन वा सार्वजनिक तथा सरकारी जग्गासँग सम्बन्धित भएमा प्रचलित कानून बमोजिम निरुपण हुनेछ।

(४) निजी वनको विकास र प्रवर्धनको लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

६७. **निजी वन तथा निजी आवादीको वन पैदावार ओसारपसार**: (१) घरायसी प्रयोजनका लागि निजी वन वा निजी आवादी जग्गामा रहेका रूख कटान, सङ्कलन वा प्रशोधन गरी उत्पादित काठ दाउरा जिल्लाभित्रको कुनै एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट कटान, सङ्कलन, प्रशोधन तथा ओसारपसार गर्ने हो सोही स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयबाट अनुमति लिनु पर्नेछ।

(२) घरायसी प्रयोजनको लागि स्थानीय तहभित्र निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको कटान, सङ्कलन, ओसारपसार तथा प्रशोधन गरी उपयोग गर्न सम्बन्धित वडा कार्यालयमा अनुमतिका लागि निवेदन दिन सकिनेछ र त्यसरी निवेदन प्राप्त भएमा सम्बन्धित वडा कार्यालयले त्यस्तो अनुमति दिनु पर्नेछ।

(३) व्यवसायिक प्रयोजनको लागि निजी वन वा आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनु पर्नेछ र स्थानीय तहले त्यस्तो स्वीकृतिको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायिक प्रयोजनको लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(५) यस दफा बमोजिम निजी वन वा आवादीबाट काठ, दाउरा सङ्कलन गर्ने अवधि प्रत्येक वर्ष असोज महिनाको एक गतेदेखि जेठ मसान्तसम्म हुनेछ। तर कुनै किसिमको विपद् परी निजी वन वा निजी जग्गाको वन पैदावार सङ्कलन गरी सुरक्षित स्थानमा राख्न यस दफाले

बाधा पुऱ्याएको मानिने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी वन वा निजी आवादीमा उत्पादित गोलिया काठ हुने बाहेकका दाउरा, फलफूल, डालेघाँस र बाँस कटान, सङ्कलन, ओसारपसार, बिक्री र प्रयोगमा कुनै पनि निकायबाट इजाजत लिनुपर्ने छैन ।

(७) यस दफा बमोजिम उत्पादित काठ दाउरा गैर कानूनी रुपमा कटान, मुछान, ओसारपसार, चिरान वा प्रयोग गरेको सम्बन्धमा सम्बन्धित सव डिभिजन वन कार्यालयले अनुगमन तथा प्रचलित कानून बमोजिम जाँचबुझ गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम जाँचबुझ गर्दा घरयासी प्रयोजनका लागि निजी दर्ता जग्गा वा निजी वनबाट नै काठ दाउरा उत्पादन गरेको ठहरेमा यही विषयलाई लिएर कुनै निकायमा मुद्दा चलाइने छैन र त्यस्ता काठ दाउरा सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ ।

(९) निजी वन तथा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन, ओसारपसार तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **निजी वन धनीलाई सहुलियतः** (१) निजी वनका धनीलाई निजी वन लगाउन, हुर्काउन, संरक्षण गर्न, सिंचाईको व्यवस्थापन गर्न, रोग, किरा आदिको उपचार गर्न लाग्ने खर्चमा प्रदेश सरकारले उत्प्रेरणात्मक सहयोग स्वरुप विशेष सुविधा, छुट, बिमा लगायतका तोकिए बमोजिमका आर्थिक र प्राविधिक सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहुलियतका लागि प्रदेश सरकारले सहकारी, सङ्घ संस्था, निजी क्षेत्र, वित्तीय संस्था तथा स्थानीय तहसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

परिच्छेद -१३

## बेवारिसे वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

६९. **हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्नेः** (१) कसैले आफ्नो हक प्रमाण नपुऱ्याएसम्म बेवारिसे वा दरिया बुर्दी काठको स्वामित्व

प्रदेश सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिमका काठ डिभिजनल वन अधिकृतले सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम हुने काठको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**स्पष्टीकरणः** यस परिच्छेदको प्रयोजनको लागि "दरिया बुर्दी" भन्नाले नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएको सबै काठ टाँचा निशानाहरू लागेको वा टाँचा निशाना खुर्केको वा कुनै कारणबाट मेटिएको काठ वा टाँचा निशाना नलागेको काठ सम्झनु पर्छ।

परिच्छेद-१४

## वन्यजन्तु संरक्षण सम्बन्धी व्यवस्था

७०. **बर्ड स्याञ्चुरी वा जैविक मार्ग तोक्न सक्नेः** (१) प्रदेश सरकारले रैथाने तथा आगन्तुक पंक्षी र संकटापन्न वन्यजन्तुको बासस्थान संरक्षण तथा वन्यजन्तुको आवत जावत गर्ने राष्ट्रिय वनको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बर्ड स्याञ्चुरी वा जैविक मार्ग घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा पर्यापर्यटनका क्रियाकलाप सञ्चालन गर्न मन्त्रालयले अनुमति दिन सक्नेछ।

(३) बर्ड स्याञ्चुरी वा जैविक मार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७१. **हानिकारक वन्यजन्तुको व्यवस्थापनः** (१) प्रदेश सरकारले कुनै खास क्षेत्रमा खास समयका लागि नियमित वा बारम्बार रुपमा कुनै वन्यजन्तुले मानिस वा घरपालुवा जनावरलाई आक्रमण गरी जीउधनमा खतरा वा बालीनालीमा क्षति पुऱ्याउने वन्यजन्तुलाई प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तुलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी हानिकारक वन्यजन्तु घोषणा गर्न सक्नेछ। त्यसरी हानिकारक घोषणा गरिएका वन्यजन्तु सोही सूचनामा

तोकिएको सर्त र बन्देजको अधीनमा रही खेत, खोला, बारीबाट बिना अनुमति लखेट्न वा धपाउन वा पक्राउ गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्राउ गरिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयमा बुझाउनु पर्नेछ। प्राप्त हुन आएको वन्यजन्तुलाई वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयले नजिकको वन क्षेत्र वा चिडियाखाना वा प्राणी उद्यान वा वन्यजन्तु उद्धार केन्द्रमा व्यवस्थापन गर्नेछ।

७२. **प्राणी उद्यान वा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन गर्न सकिने:** (१) प्रदेश सरकार आफैँले वा डिभिजन वन कार्यालय मार्फत वन उपभोक्ता समूह वा स्थानीय तहसँगको साझेदारीमा हिंस्रक भई नियन्त्रणमा लिइएका, समस्याग्रस्त, असहाय, घाइते, टुहुरा वा उद्धार गरिएका वन्यजन्तुहरूको संरक्षण र व्यवस्थापनका लागि प्राणी उद्यान वा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राणी उद्यान वा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. **वन्यजन्तुबाट हुने क्षति बापत राहत दिइने:** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका वन्यजन्तुको कारणले मानवीय क्षति, पशुधन क्षति, खाद्यान्न क्षति र घरगोठ क्षति भएमा त्यस्तो पिडितलाई तोकिए बमोजिम राहत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम राहत प्राप्त गर्ने पिडितलाई वन उपभोक्ता समूहले आफ्नो कोषबाट थप राहत उपलब्ध गराउन बाधा परेको मानिने छैन।

७४. **वन क्षेत्रभित्र सवारी साधनको गति नियन्त्रण सम्बन्धी व्यवस्था:** राष्ट्रिय वन क्षेत्रभित्र सञ्चालनमा रहेका राजमार्ग र अन्य सडकहरूमा सडक दुर्घटनामा परी वन्यजन्तुको मृत्यु हुने दरलाई न्यूनीकरण गर्न मन्त्रालयले सवारी साधनको गति सीमित गर्ने गरी सम्बन्धित निकाय मार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-१५

## वन पैदावारमा आधारित उद्योग र वन पैदावारको ओसारपसार सम्बन्धी व्यवस्था

७५. **वन पैदावारमा आधारित उद्योग सम्बन्धी व्यवस्थाः** (१) प्रदेशभित्र स्थापना भएका वन पैदावारमा आधारित उद्योग तथा प्रदेश सरकारको सहलगानीमा स्थापना हुने वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक कच्चा पदार्थ (वन पैदावार) उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

(२) वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रवीचको दुरी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) वन पैदावारमा आधारित उद्योगलाई प्रोत्साहन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

७६. **वन पैदावारमा आधारित उद्योगले विवरण पेस गर्नु पर्नेः** (१) वन पैदावारमा आधारित उद्योगले आफूले उत्पादन गर्ने वस्तु तथा सेवाको तोकिए बमोजिमको विवरण सम्बन्धित डिभिजन वन कार्यालयमा वार्षिक रुपमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको विवरणका आधारमा डिभिजन वन कार्यालयले आवश्यकता अनुसार अनुगमन गरी वन पैदावारमा आधारित उद्योगहरूको आर्थिक योगदान देखिने अभिलेख राखी सो को जानकारी निर्देशनालयमा र निर्देशनालयले मन्त्रालयमा पठाउनु पर्नेछ।

७७. **राष्ट्रिय वनबाट उत्पादित वन पैदावारको स्वामित्व तथा मूल्य निर्धारणः** (१) यस ऐनमा अन्यत्र व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनबाट उत्पादित वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

(२) उपदफा (१) बमोजिमको वन पैदावार उपयोग गर्न, सङ्कलन तथा बिक्री वितरण गर्नको लागि राजस्व सङ्कलन तथा शुल्क, दस्तुर र दर निर्धारण गर्ने अधिकार प्रदेश सरकारमा रहने छ।

७८. **वन पैदावारको सक्तलन र बिक्री वितरणः** (१) वन पैदावारको सङ्कलन स्वीकृत कार्ययोजना बमोजिम हुनेछ र यसको उपयोग, बिक्री वितरण, निकासी, ओसारपसारको इजाजत सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वन क्षेत्रमा हावाहुरी, बाढी, पहिरो, नदी कटान वा अन्य प्राकृतिक प्रकोपका कारण कार्ययोजनाले निर्धारण गरेको परिमाण भन्दा बढी रूखहरू ढल्न गएमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले त्यस्तो ढलापढा रूखहरू तोकिए बमोजिम सङ्कलन र व्यवस्थापन गर्न स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य, शुल्क, दस्तुर वा दर र नरम प्रजातिको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) दफा (३) बमोजिम बिक्री गर्दा तोकिएको परिमाण वा रकम भन्दा बढीको वन पैदावार बिक्री विद्युतीय बोलपत्रको माध्यमबाट गर्नु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायीले लिलाम सकारबाट प्राप्त गोलिया काठलाई कम्तीमा एक चरण प्रशोधन गरी बिक्री गर्नु पर्नेछ। यसरी प्रशोधन नगरी बिक्री गर्न चाहेमा तोकिए बमोजिमको थप शुल्क प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि प्रशोधन भन्नाले गोलिया काठको चिरान गर्ने, फर्निचरको सामग्री निर्माण गर्ने, खयरको चिप्स उत्पादन गर्ने लगायतका कार्यलाई बुझिन्छ।

७९. **वन पैदावारको निकासी पैठारी सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनको अधीनमा रही डिभिजनल वन अधिकृतले काठ बाहेकका अन्य गैर काष्ठ वन पैदावार विदेश निकासीको लागि सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ।

(२) वन पैदावारको निकासी पैठारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८०. **खोटो सङ्कलन सम्बन्धी व्यवस्थाः** (१) सबै प्रकारका राष्ट्रिय वनबाट स्वीकृत वन कार्ययोजना बमोजिम सल्लाको खोटो सङ्कलन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको खोटो सङ्कलन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८१. **प्रतिबन्ध लगाउन वा फुकुवा गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै विशेष प्रजातिको संरक्षण, जैविक विविधता तथा वातावरण संरक्षणका लागि प्रदेशको भौगोलिक क्षेत्रभित्र कुनै पनि प्रजातिको काठ वा गैरकाष्ठ वन पैदावारको कटान, सङ्कलन, बिक्री वितरण, ओसारपसार वा उपभोगमा प्रतिबन्ध लगाउन वा प्रतिबन्ध फुकुवा गर्न सक्नेछ।

८२. **पूरानो घर गोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री ओसारपसार सम्बन्धी व्यवस्थाः** (१) कसैले निजी स्वामित्वको जग्गामा रहेको पूरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री प्रदेशभित्र अन्यत्र लैजान चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयको स्वीकृति लिई स्थानान्तरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन कार्यालयले स्वीकृति दिँदा स्थानान्तरण गरिने काठ वा काठजन्य सामग्रीको नाप र परिमाण सहितको लगत प्रमाणित गर्नु पर्नेछ।

(३) पूरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री ओसारपसार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पूरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री बिक्री गर्नु परेमा डिभिजन वन कार्यालयमा तोकिए बमोजिमको शुल्क तिरी बिक्री गर्न सकिनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि पूरानो घरगोठमा प्रयोग भएको काठ भन्नाले कम्तीमा दश बर्ष पूरानो घरगोठमा प्रयोग भएको काठलाई सम्झनु पर्छ।

८३. **प्रशोधित काठ वा काठजन्य सामग्रीको ओसारपसारः** कुनै एक जिल्लाभित्र प्रशोधित काठ वा काठजन्य सामग्री (चिरान काठ, भेनियर, चिप्स आदि) ओसारपसार गर्दा मूल्य अभिवृद्धि कर तिरेको निस्साका आधारमा गर्न सकिनेछ।

तर जिल्ला बाहिर ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयको अनुमति लिनु पर्नेछ।

परिच्छेद-१६

**विविध**

८४. **जिल्ला वन पैदावार आपूर्ति समितिको व्यवस्थाः** (१) प्रदेश सरकारले स्थानीय जनतालाई काठ दाउरा बिक्री वितरण तथा आपूर्ति गर्न देहाय बमोजिमको जिल्ला वन पैदावार आपूर्ति समिति रहने छः-

(क) डिभिजनल वन अधिकृत -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) जिल्ला समन्वय अधिकारीले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला स्थित प्रदेश सरकारको लेखा सम्बन्धी विषय हेर्ने कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) जिल्ला स्थित समाजसेवी तथा उपभोक्ता हित सम्बन्धी क्षेत्रका व्यक्तिहरू मध्येबाट मन्त्रालयले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(च) डिभिजनल वन अधिकृतले तोकेको वन अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) अनुसारको समितिले बैठकमा आवश्यकता अनुसार सरोकारवाला व्यक्ति तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमका प्रतिनिधिको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८५. **काठ दाउरा उपलब्ध गराउन सक्नेः** डिभिजन वन कार्यालयले आफ्नो कार्य क्षेत्रभित्रको राष्ट्रिय वनबाट उत्पादित काठ दाउरा मन्त्रालयको निर्णयमा नेपाल सरकार वा प्रदेश सरकारबाट गठित संस्थाहरूलाई तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ।

८६. **वन पैदावारको मूल्यमा सहुलियत प्रदान गर्न सक्नेः** प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्राकृतिक प्रकोपबाट राहत, उद्दार वा कुनै ऐतिहासिक, पूरातात्विक तथा धार्मिक महत्त्वको संरचना मर्मत वा पुनर्निर्माण कार्यका लागि वन पैदावारको मूल्यमा सहुलियत प्रदान गर्न सक्नेछ।

८७. **एक वर्षभित्र काठ दाउराको बिक्री वितरण गरिसक्नु पर्नेः** (१) जुनसुकै स्रोतबाट प्राप्त भई घाटगद्दी भएको काठ दाउरा डिभिजनल वन अधिकृत तथा वन उपभोक्ता समूहले घाटगद्दी भएको मितिले एक वर्षभित्रमा बिक्री वितरण गरिसक्ने गरी व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले गरेको काठ दाउरा बिक्री वितरण र सदुपयोग व्यवस्थापनको प्रगतिलाई डिभिजनल वन अधिकृतले र डिभिजनल वन अधिकृतले गरेको काठ दाउरा बिक्री वितरण र सदुपयोग व्यवस्थापनको प्रगतिलाई निर्देशकले निजको कार्य सम्पादन मापनसँग जोडेर मूल्याङ्कन गर्न सक्नेछ।

८८. **सडिगली जाने वन पैदावारको व्यवस्थापनः** (१) जुनसुकै वनबाट सङ्कलन भई वा अन्य कुनै स्रोतबाट घाटगद्दीमा रहेका सडिगली जाने वन पैदावारको यथाशीघ्र बिक्री वितरणको व्यवस्था डिभिजनल वन अधिकृतले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दुईलाख रुपैयाँसम्म न्यूनतम मूल्य कायम भएका वन पैदावारको बिक्री डाँक बढाबढ प्रक्रियाबाट गर्न सकिनेछ। तर दुईलाख रुपैयाँ भन्दा बढी न्यूनतम मूल्य कायम भएका वन पैदावारहरू बोलपत्र प्रथाद्वारा लिलाम बिक्री गरिनेछ।

(३) यस दफा बमोजिम वन पैदावारको लिलाम बिक्री सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

८९. **<u>वन पैदावारको पुनर्मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** (१) यो ऐन प्रारम्भ हुनु अघि उत्पादन वा कुनै स्रोतबाट प्राप्त भई घाटगद्दीमा रहेका काठ दाउरालाई साल प्रजातिको हकमा तीन पटकसम्म र अन्य नरम प्रजातिको हकमा दुई पटकसम्म सूचना प्रकाशन गरी लिलाम बिक्री गर्दा समेत बिक्री हुन नसकी काठ दाउराको हैसियतमा ह्रास हुन आएको अवस्थामा एक पटकका लागि देहाय बमोजिमको पुनर्मूल्याङ्कन समितिले तत्काल काठको पुनः नापजाँच गरी घाटगद्दीमा रहेको परिमाण यकिन गर्न र काठको हैसियतको आधारमा औचित्य हेरी पुनर्मूल्याङ्कन गरी मूल्य कायम गर्न सक्नेछः-

(क) निर्देशक - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला समन्वय समितिको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि -सदस्य

(च) डिभिजनल वन अधिकृत -सदस्य सचिव

(२) जडीबुटी तथा अन्य वन पैदावार तीन पटकसम्म सूचना प्रकाशन गरी लिलाम बिक्री गर्दा समेत बिक्री हुन नसकी वैकल्पिक प्रयोगमा आउन नसक्ने अवस्थामा उपदफा (१) बमोजिमको पुनर्मूल्याङ्कन समितिले पुनः मूल्य कायम गरी वा लगत कट्टाको लागि सिफारिस सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्मूल्याङ्कन समितिको सिफारिसमा मन्त्रालयले उक्त वन पैदावारको नयाँ मूल्य कायम गरिदिन वा लगत कट्टा गरिदिन सक्नेछ। यसरी कायम भएको वन पैदावारको मूल्यलाई न्यूनतम मूल्य मानी डिभिजन वन कार्यालय वा उपभोक्ता समूहले पुनः लिलाम बिक्री गर्न सक्नेछ।

९०. **वन पैदावारको मिनाहा सम्बन्धी व्यवस्था:** (१) वन क्षेत्रमा वा घाटगद्दीमा रहेका काठ, दाउरा, जडीबुटी तथा अन्य वन पैदावार प्राकृतिक विपद्मा परी हानी नोक्सानी भएमा सम्बन्धित डिभिजनल वन अधिकृतले स्थलगत निरीक्षण गरी जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहितको प्रतिवेदन यथाशीघ्र निर्देशनालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि निर्देशकले स्थलगत निरीक्षण गरी आफ्नो यकिन राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनका आधारमा वन पैदावार मिनाहा गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले मिनाहा गर्न सक्नेछ।

९१. **संरक्षण शिक्षा, जनचेतना र प्रचारप्रसार:** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि मन्त्रालय वा मातहतका निकायले संरक्षण शिक्षा, जनचेतना र प्रचारप्रसार सम्बन्धी कार्यक्रमहरू गर्न सक्नेछन्।

९२. **वनको अभिलेख व्यवस्थापन:** (१) वन सम्बन्धी अभिलेखलाई व्यवस्थित बनाउन मन्त्रालयले प्रदेशभित्र रहेका वन, वनको प्रकार, प्रजाति र वन व्यवस्थापन पद्धतिको प्रदेश, जिल्ला, पालिका र समूह तहमा जिपिएस अवस्थिति सहितको डिजिटल अभिलेख व्यवस्थापन गर्न सक्नेछ।

(२) वनको अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९३. **वातावरणीय सेवाको व्यवस्थापन:** वनबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९४. **वन बीउ बगैँचा घोषणा गर्न सक्ने**: गुणस्तरीय वन बीउ आपूर्तिको लागि मन्त्रालयले राष्ट्रिय वनको कुनै भागलाई वन बीउ बगैँचा घोषणा गर्न सक्नेछ। सो क्षेत्रको व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ।

९५. **राहत सम्बन्धी व्यवस्था**: वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाइते भएमा प्रदेश सरकारले तोकिए बमोजिम राहत उपलब्ध गराउन सक्नेछ।

९६. **रोग किराको नियन्त्रण तथा व्यवस्थापन**: कुनै वन वा वनका रूखमा लागेको रोग किराको नियन्त्रण गर्न डिभिजनल वन अधिकृतले तोकिए बमोजिम व्यवस्थापन गर्न सक्नेछ।

९७. **असल नियतले काम गरेकोमा बचाउ**: यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन।

९८. **कसूर, जाँचबुझ र सजाय सम्बन्धी व्यवस्था**: (१) यस ऐन बमोजिम वा प्रचलित वन सम्बन्धी कानून बमोजिमको कसूरको जाँचबुझ, अनुसन्धान र सजाय सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन अन्तर्गत पाँच हजार रुपैयाँसम्म जरिबाना हुने कसूरमा वन सेवा, जनरल फरेष्ट्री समूहको कम्तीमा पाचौँ तहको कर्मचारीले घटनास्थलमै मुचुल्का खडा गरी बरामदित वस्तु जफत गरी तत्काल जरिबाना गरी छाडिदिन सक्नेछ र यसरी गरिएको सजायको लिखित जानकारी र आवश्यक कागजात सम्बन्धित कर्मचारीले सव डिभिजन वन कार्यालय मार्फत वा सिधै चौबिस घण्टाभित्र डिभिजन वन कार्यालयमा पेस गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैँतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

९९. **सुराकीलाई पुरस्कार दिन सकिने**: (१) यस ऐन बमोजिम कसूर हुन लागेको

वा भईरहेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिबानाको दश प्रतिशत रकम वा पचास हजार रुपैयाँ मध्ये जुन घटी हुन्छ सोही रकम पुरस्कार स्वरूप दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१००. **ड्रेस कोड सम्बन्धी व्यवस्था:** प्रदेश सरकारले वन सेवामा कार्यरत कर्मचारीहरूको पहिचान र विशिष्टताका लागि ड्रेस कोड लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको लागु गर्ने ड्रेस कोड मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

१०१. **सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था:** नेपाल सरकारले वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन तथा व्यवस्थापन प्रदेश सरकारले तोकिए बमोजिम गर्नेछ।

१०२. **वन कामदारको सुरक्षा:** (१) यस ऐन बमोजिम वन क्षेत्रमा काम गर्न अनुमति प्राप्त आयोजना, रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले त्यस सम्बन्धी काम गर्ने कामदारहरूको सुरक्षाको व्यवस्था गर्नु पर्नेछ।

(२) वनमा काम गर्ने कामदारको सुरक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०३. **राष्ट्रिय वन क्षेत्रभित्र विज्ञापन सामग्रीको प्रयोग गर्न नपाइने:** (१) राष्ट्रिय वन क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले विज्ञापन सम्बन्धी होर्डिङ बोर्ड, व्यानर वा अन्य प्रचार सामग्री राख्न पाइने छैन।

(२) यो ऐन प्रारम्भ हुनुअघि वन क्षेत्रमा राखिएका उपदफा (१) बमोजिमका प्रचार सामग्री यो ऐन प्रारम्भ भएको मितिले दुई महिनाभित्र हटाइसक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रचार सामग्री नहटाएमा डिभिजनल वन अधिकृतले हटाउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत प्राप्त गरी तोकिए बमोजिमका प्रचारप्रसारका कार्यक्रम सञ्चालन

गर्न यसले बाधा पुऱ्याएको मानिने छैन।

१०४. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

१०५. **अनुगमन तथा मूल्याङ्कनः** यस ऐन बमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा मन्त्रालय तथा निर्देशनालयले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन्।

१०६. **वन डढेलो रोकथाम र नियन्त्रणः** (१) प्रदेश सरकारले वन डढेलोका असरहरूको अध्ययन गरी वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी रणनीतिक योजना तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनामा सुख्खाग्रस्त क्षेत्रमा पानी पोखरीहरूको मर्मत सम्भार र वर्षातको पानी सङ्कलन गरी वा अन्य स्रोतको पानी उपयोग गरी नयाँ पोखरी निर्माण गर्ने जस्ता कार्य समावेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको योजनाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक भए परिमार्जन र अद्यावधिक गरी लागु गर्नु पर्नेछ।

(४) डिभिजनल वन कार्यालयले उपदफा (२) र (३) बमोजिम पहिचान गरिएका वन डढेलोको अति जोखिम क्षेत्रहरूको नक्साङ्कन एवम् चारकिल्ला तोकी सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा वन डढेलो रोकथामका लागि पूर्व सावधानी अपनाउनु पर्ने विषय र सो क्षेत्रमा निषेध गरिएका कार्यहरू उल्लेख गरी सार्वजनिक सूचना जारी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचना पालना गर्नु सबैको कर्तव्य हुनेछ। कसैले निषेध गरेका कार्यहरू गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(६) वन डढेलोको नियन्त्रणको सिलसिलामा खटिएका सुरक्षाकर्मी, कर्मचारी, उपभोक्ता र सर्वसाधारणलाई क्षति पुग्न गएमा क्षतिको मूल्याङ्कन गरी तोकिए बमोजिमको राहत उपलब्ध गराइनेछ।

(७) वन डढेलो रोकथाम, नियन्त्रण तथा पुनर्स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०७. **वन डढेलो सङ्कट क्षेत्र घोषणा गर्न सक्ने**: वन डढेलो नियन्त्रण काबु बाहिर भई असामान्य परिस्थितिको सिर्जना भएमा र जनधनको क्षति हुने जोखिम देखिएमा मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले डढेलो सङ्कट क्षेत्र घोषणा गर्न सक्नेछ।

१०८. **राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूख र काठ दाउराको व्यवस्थापन**: (१) नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत भएको आयोजनाको कार्यान्वयनमा हटाउन पर्ने रूख भिरालो, चट्टानी भीर वा अन्य अप्ठ्यारो जमिनमा रहेको कारण सङ्कलन गर्न सकिने अवस्था नरहेमा वा सङ्कलनको क्रममा क्षति भई काम नलाग्ने भएमा त्यस्ता रूखको लगत मुल्याङ्कन अनुसारको जिल्ला दररेट अनुसार कटान मुछान रकम र प्रचलित राजस्व दरको अधिकतम मूल्यमा कम नहुने गरी क्षतिपूर्ति रकम सम्बन्धित आयोजनाले बुझाउन पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त क्षतिपूर्ति रकम डिभिजन वन कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ। यसरी लगत अनुमान अनुसारको काठ दाउराको कटान मुछान र क्षतिपूर्ति रकम बुझाई सकेपछि सम्बन्धित आयोजनाले डिभिजन वन कार्यालयमा काठ दाउरा हस्तान्तरण गरे सरह मानिने छ।

(३) उपदफा (१) र (२) बमोजिमको काठ, दाउरा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०९. **वन क्षेत्रभित्र फोहोर फाल्न प्रतिबन्ध**: वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर फाल्न वा विसर्जन गर्न हुँदैन। फोहोर फाल्ने वा विसर्जन गर्ने कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कसूर गरेको मानिने छ।

११०. **संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था**: (१) प्रदेश भित्रका संरक्षण क्षेत्रको व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको हुनेछ।

(२) प्रदेश भित्रका संरक्षण क्षेत्रको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क सङ्कलन, नियमन र हस्तान्तरण लगायतका संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१११. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

११२. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका र मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

११३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा भएको व्यवस्था यसै ऐन बमोजिम र अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

११४. **बचाउः** यो ऐन प्रारम्भ हुनु अगाडि प्रचलित कानून बमोजिम भएको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# गण्डकी प्रदेश बीउ बिजन ऐन, २०८०

प्रमाणीकरण र प्रकाशन मिति

२०८० ।१२ ।०९

सम्वत् २०८० सालको ऐन नं. ४

**गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** बीउ बिजन उत्पादन, परीक्षण, प्रशोधन तथा नियमन गरी गुणस्तरीय बीउको उपलब्धतामार्फत बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश बीउ बिजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जातमूल (स्पेसिज) तथा उपजातमूल (सबस्पेसिज) सम्झनु पर्छ।

(ख) "कृषि कार्य" भन्नाले बाली उत्पादन, सङ्कलन, भण्डारण र प्रशोधन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले दफा ८ बमोजिमको प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई सम्झनु पर्छ।

(घ) "जात (भेराईटी)" भन्नाले वनस्पतिशास्त्रीय वर्गीकरणमा सबै भन्दा तल्लो श्रेणी भित्र पर्ने, समान आनुवंशिक गुण देखिने, अन्य समूहसँग कम्तीमा एउटा गुणद्वारा भिन्नता छुट्टिने र पुनरुत्पादन हुँदा गुण परिवर्तन नहुने किसिमका वनस्पतिको समूह सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) “प्रजनक (ब्रीडर)” भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन् वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(छ) “प्रदेश” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ज) “बाली” भन्नाले खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, नगदे, कन्दमूल, घाँसे बाली सम्झनु पर्छ र सो शब्दले फूल फुल्ने वा नफुल्ने आलङ्कारिक बालीलाई समेत जनाउँछ।

(झ) “बीउ बिजन” भन्नाले भ्रौण विरुवा (इम्ब्रोयनिक प्लान्ट), खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्व (म्याचोर्ड) ओभ्युल वा यौनिक वा वानस्पतिक तरिकाले पुनरुत्पादन (रिप्रोडक्सन) गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउ बिजन वा बीज सम्झनु पर्छ।

(ञ) “भाँडो (कन्टेनर)” भन्नाले बाकस, टिनको बट्टा, सिसी, थैली, बोरा, भकारी, व्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।

(ट) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) “राष्ट्रिय बीउ बिजन समिति” भन्नाले सङ्घीय ऐनको दफा ३ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

(ड) “सामुदायिक बीउ बिजन बैङ्क” भन्नाले रैथाने तथा स्थानीय बालीको यथास्थान संरक्षण, उपयोग तथा प्रवर्धन गर्ने उद्देश्यले कृषक समूह वा सहकारीले सामूहिक रुपमा व्यवस्थापन गरी राखेको बीउको भण्डार सम्झनु पर्छ।

(ढ) “सङ्घीय ऐन” भन्नाले बीउ बिजन ऐन, २०४५ लाई सम्झनु पर्छ।

(ण) “संस्था” भन्नाले बीउ बिजन सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ र सो शब्दले कृषि सम्बन्धी समूह तथा कृषि सहकारी संस्था समेतलाई जनाउँछ।

(त) “समिति” भन्नाले दफा ३ बमोजिमको प्रदेश बीउ बिजन समिति सम्झनु पर्छ।

(थ) “सूचीत बीउ बिजन” भन्नाले दफा ११ बमोजिमको बीउ बिजन सम्झनु पर्छ। सो शब्दले सङ्घीय ऐन बमोजिम सूचित वा पञ्जीकृत भएको बीउ बिजनलाई समेत जनाउँछ।

(द) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ।

३. **प्रदेश बीउ बिजन समिति**: (१) प्रदेशमा बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न, बीउ बिजनका सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन र सङ्घीय ऐनले तोकेका कार्य गर्न देहाय बमोजिम एक प्रदेश बीउ बिजन समिति गठन हुनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) महानिर्देशक, कृषि विकास निर्देशनालय, गण्डकी प्रदेश -सदस्य

(ग) प्रमुख, कृषि अनुसन्धान निर्देशनालय, गण्डकी प्रदेश -सदस्य

(घ) प्रमुख, कृषि सामग्री कम्पनी लिमिटेड, प्रदेश कार्यालय -सदस्य

(ङ) बागवानी वा खाद्यान्न वा घाँसे बाली विज्ञानसँग सम्बन्धित विशेषज्ञ मध्येबाट मन्त्रालयद्वारा मनोनीत एक जना -सदस्य

(च) कृषि तथा पशु विज्ञान विषय अध्ययन अध्यापन गराउने विश्वविद्यालय मध्येबाट मन्त्रालयद्वारा मनोनीत विश्वविद्यालयको बीउ बिजन विशेषज्ञ एकजना -सदस्य

(छ) बीउ बिजन उद्यमी र व्यवसायी मध्येबाट मन्त्रालयद्वारा मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ज) बीउ बिजन उत्पादक कृषक मध्येबाट मन्त्रालयद्धारा मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(झ) प्रमुख, प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। निज थप कार्यकालको लागि समेत मनोनीत हुन सक्नेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यलाई निजको कार्य सन्तोषजनक नभएमा पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ । तर निजलाई पदबाट हटाउनुपूर्व सफाइको मौका दिनु पर्नेछ।

(४) समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) केन्द्रले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

४. **समितिको बैठकः** (१) समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार**ः (१) यो ऐन र प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बीउ बिजन सम्बन्धी नीति तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक परामर्श दिने,

(ख) बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा वितरण कार्यमा सङ्घीय सरकारी निकाय, स्थानीय तह, संस्था र अन्य सरोकारवाला निकायबिच आवश्यक समन्वय कायम गर्ने,

(ग) बीउ बिजन उद्योगमा लगानी गर्न प्रोत्साहन गर्ने, गराउने,

(घ) प्रदेशभित्र उत्पादित वा बाहिरबाट आयात भई बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर नियमन गर्ने, गराउने,

(ङ) बीउ बिजनको न्यूनतम गुणस्तर निर्धारण तथा अनुमोदन गर्ने,

(च) बीउ बिजन सेवा शुल्क सम्बन्धमा मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(छ) बालीको किसिम र जात सूचित वा पञ्जीकरणका लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ज) स्थानीय बीउ बिजन व्यवस्थापन समितिले बीउ बिजन सम्बन्धमा परामर्श माग गरेमा आवश्यक परामर्श दिने,

(झ) परम्परागत रुपमा प्रयोग भइरहेका र लोपोन्मुख जातका बीउ बिजनको पहिचान गरी तिनको संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि आवश्यक प्राविधिक तथा नीतिगत कार्य गर्ने, गराउने,

(ञ) प्रदेशमा आवश्यक पर्ने गुणस्तरीय बीउ बिजनको उत्पादन, उपलब्धता र माग आपूर्तिको सुनिश्चित गर्न आवश्यक योजना र प्रदेशस्तरीय बीउ बिजन वासलात तयार गरी लागु गर्ने, गराउने,

(ट) बीउ बिजन सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने ।

६. **सामुदायिक बीउ बिजन बैङ्क**: (१) स्थानीय तथा रैथाने बालीको बीउ बिजनमा कृषक अधिकार र खाद्य सम्प्रभुताको हक सुनिश्चितता गर्न, स्थानीय स्तरमा आवश्यक पर्ने विभिन्न बालीका गुणस्तरीय बीउ बिजन उपलब्ध गराउन र स्थानीय तथा रैथाने बालीको संरक्षण एवम् प्रवर्धन गर्न कृषक समूह वा सहकारीले सामुदायिक बीउ बिजन बैङ्क स्थापना गर्न सक्नेछन् ।

(२) सामुदायिक बीउ बिजन बैङ्क स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **उप–समिति गठन गर्न सक्ने**: (१) बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण, बिक्री वितरण तथा गुणस्तर नियमन लगायतका कार्यमा परामर्श लिन समितिले आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ।

(२) उप-समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

८. **प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**: (१) यो ऐन प्रारम्भ भए पश्चात्

प्रदेश बीउ बिजन प्रयोगशाला प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको रुपमा रुपान्तरण हुनेछ ।

(२) बीउ बिजन परीक्षण, गुणस्तर नियन्त्रण र तत्सम्बन्धी अन्य कार्य प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले गर्नेछ ।

९. **केन्द्रको काम, कर्तव्य र अधिकार**: यो ऐन र प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण सम्बन्धी आवश्यक कार्य गर्ने,

(ख) बीउ बीजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्ने गरी प्रयोगशाला सेवा सञ्चालन गर्ने,

(ग) प्रयोगशालाको नियमित रुपमा प्राविधिक परीक्षण (टेक्निकल अडिट) को व्यवस्था मिलाउने,

(घ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१०. **बीउ बिजन परीक्षण प्रयोगशाला स्थापना गर्न सक्ने**: (१) बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि सङ्घीय ऐनमा व्यवस्था भएको मापदण्ड बमोजिम स्थानीय तह वा कुनै व्यक्ति वा सङ्घ संस्थाले बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना गर्न अनुमतिका लागि तोकिएको दस्तुर तिरी तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर समितिले अध्ययन गरी उपयुक्त देखेमा तोकिएबमोजिमको सर्तको अधीनमा रही समितिले प्रयोगशालाको स्थापना र सञ्चालन गर्न अनुमति दिनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको प्रयोगशालाको रेखदेख, नियन्त्रण तथा नवीकरण सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

११. **बीउ बिजनको किसिम वा जात सूचित वा पञ्जीकृत**ः (१) मन्त्रालयले प्रदेश भित्र उपयुक्त हुने नेपालमा उन्मोचित किसिम वा जातका बीउ बिजन सूचित गर्न वा आयातित बाहेकको स्थानीय जातका बीउ बिजनको पञ्जीकृत गर्न आवश्यक ठानेमा प्रचलित कानून बमोजिमको मापदण्ड र प्रक्रिया पूरा गरी समितिको सिफारिसमा त्यस्तो बीउ बिजन प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित गर्न वा पञ्जीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउ बिजन सूचित वा पञ्जीकृत गर्दा मन्त्रालयले राष्ट्रिय बीउ बिजन समितिसँग परामर्श लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचित वा पञ्जीकृत बीउ बिजन तोक्दा प्रदेश भित्रका विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा जात समेत तोक्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सूचित वा पञ्जीकृत बीउ बिजन खेतीको लागि उपयुक्त नदेखिएमा समितिको सिफारिसमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित वा पञ्जीकृत बीउ बिजनको सूचीबाट हटाउनेछ।

(५) उपदफा (४) बमोजिम सूचित वा पञ्जीकृत सूचीबाट हटाएको जानकारी मन्त्रालयले राष्ट्रिय बीउ बिजन समितिलाई दिनु पर्नेछ।

(६) बीउ बिजनको जात सूचित वा पञ्जीकरण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ र त्यसरी प्रक्रिया तोक्दा बालीको प्रकृति अनुसार बीउ बिजनको जात सूचित गर्ने तथा स्थानीय जातका बीउ बिजनको पञ्जीकरण गर्ने प्रक्रिया फरक फरक हुने गरी तोक्न सकिनेछ।

१२. **बीउ बिजनको न्यूनतम गुणस्तरको हद तोक्न सक्ने**ः मन्त्रालयले समितिको परामर्शमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा ११ बमोजिम सूचित वा पञ्जीकृत गरिएका बीउ बिजन मध्ये कुनै बीउ बिजनको न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ।

१३. **अनुमतिपत्र लिनु पर्ने**ः (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको उत्पादन तथा बिक्री वितरण सम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रक्रिया पूरा गरेर मात्र बीउ बिजन बिक्री वितरण गर्नु पर्नेछ।

(३) अनुमतिपत्र प्राप्ति, नवीकरण तथा खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **बिक्री बितरण गर्न नपाइने**: (१) कसैले यस ऐन तथा प्रचलित कानून बमोजिम सूचित वा पञ्जीकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न गराउन पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सूचित वा पञ्जीकरण नभएका बीउ बिजन कृषि अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न बाधा पर्ने छैन।

१५. **मूल वा स्रोत बीउ उत्पादनको अनुमति लिनु पर्ने**: (१) कुनै व्यक्ति वा संस्थाले मूल वा स्रोत बीउ उत्पादन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा समितिले आवश्यक जाँचबुझ गरी अनुमति प्रदान गर्न सक्नेछ।

(३) मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफामा जुन सुकै कुरा लेखिए तापनि घरायसी प्रयोजनका लागि मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति लिनु पर्ने छैन।

१६. **वर्णशङ्कर बीउ उत्पादनको अनुमति लिनु पर्ने**: (१) कुनै व्यक्ति वा संस्थाले वर्णशङ्कर बीउ उत्पादन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा समितिले आवश्यक जाँचबुझ गरी अनुमति दिन सक्नेछ।

(३) वर्णशङ्कर बीउ उत्पादन गर्न अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिए तापनि घरायसी प्रयोजनका लागि वर्णशङ्कर बीउ उत्पादन गर्न अनुमति लिनुपर्ने छैन।

१७. **जातीय विकास तथा संवर्धन गर्न अनुमति लिनु पर्नेः** (१) कुनै व्यक्ति वा संस्थाले जातीय विकास तथा संवर्धन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा समितिले आवश्यक जाँचबुझ गरी अनुमति दिन सक्नेछ।

(३) जातीय विकास तथा संवर्धन गर्न अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिए तापनि घरायसी प्रयोजनका लागि जातीय विकास तथा संवर्धन गर्न अनुमति लिनुपर्ने छैन।

१८. **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले सङ्घीय ऐन बमोजिमको योग्यता पुगेको नेपाली नागरिकलाई बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न वा तोक्न सक्नेछ।

(२) बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. **जफत हुनेः** (१) कसैले यस ऐनको दफा १३, १४, १५, १६ र १७ विपरीत कार्य गरे गराएमा बीउ बिजन निरीक्षकले उक्त कार्यमा प्रयोग भएको वा उत्पादन भएको बीउ बिजन जफत गर्न सक्नेछ।

(२) बीउ बिजन जफत सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून तथा तोकिए बमोजिम हुनेछ।

२०. **सेवा शुल्क लिन सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा बापत सेवा शुल्क लिन सक्नेछ।

२१. **कृषकको अधिकार रहनेः** (१) प्रदेशमा परम्पराकाल देखि नै प्रयोग र अवलम्बन गरिदैं आएको स्थानीय बाली, जात वा प्रजातिको बालीको बीउ बिजनमा कृषकको स्वामित्व, जात छनौट, संरक्षण र वितरणको अधिकार रहनेछ।

(२) प्रदेशमा कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले

परम्पराकाल देखि सामूहिक रुपमा प्रयोग र अवलम्बन गर्दै आएको स्थानीय बाली वा जात वा प्रजातिको बीउ बिजन त्यस्तो कृषक समूह वा कृषि सहकारी संस्थाको नाममा सामूहिक स्वामित्व हुने गरी प्रचलित कानून बमोजिम दर्ता गर्न सकिनेछ।

२२. **क्षतिपूर्ति र दण्ड सजाय**ः क्षतिपूर्ति र दण्ड सजाय सम्बन्धी व्यवस्था सङ्घीय ऐन र प्रचलित कानून बमोजिम हुनेछ।

२३. **प्रचलित कानून बमोजिम हुने**ः यस ऐनमा उल्लेख भएका विषय यसै ऐन बमोजिम र अन्य विषय सङ्घीय ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ।

२४. **नियम बनाउने अधिकार**ः यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२५. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्ने**ः (१) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

# गण्डकी प्रदेश साझेदारी फर्म ऐन, २०८१

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०१।०८

सम्वत् २०८२ सालको ऐन नं. ०१

**गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको ऐन**

**प्रस्तावना:** गण्डकी प्रदेशभित्र दुई वा दुई भन्दा बढी व्यक्तिको पुँजीलाई एकीकृत गरी उद्योग, व्यापार तथा व्यवसायमा लगानीको अभिवृद्धिका लागि साझेदारी फर्मको दर्ता, नवीकरण र नियमन मार्फत त्यस्ता फर्मको संरक्षण र प्रवर्द्धन गर्दै प्रदेशको आर्थिक समृद्धिमा टेवा पुऱ्याउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गण्डकी प्रदेश साझेदारी फर्म ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने जिल्ला स्थित कार्यालय सम्झनु पर्छ।

(ख) "तेस्रो पक्ष" भन्नाले साझेदारी व्यवसायका सम्बन्धमा साझेदार बाहेकका अरु कुनै व्यक्ति सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(च) "फर्म" भन्नाले दफा ६ बमोजिम दर्ता भएको साझेदारी

फर्म सम्झनु पर्छ ।

(छ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) “व्यवसाय” भन्नाले कानून बमोजिम कुनै उद्योग, व्यापार वा वाणिज्य सम्बन्धी पेसा वा व्यवसाय सञ्चालन गर्ने काम सम्झनु पर्छ ।

(झ) “साझेदारी” भन्नाले दफा ६ बमोजिम दर्ता भएको फर्मबाट गरिने व्यवसाय सम्झनु पर्छ ।

(ञ) स्थानीय तह भन्नाले प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ ।

३. **साझेदारी कायम हुने**: (१) दुई वा दुई भन्दा बढी व्यक्तिले मुनाफा बन्डा लगाउने गरी एउटै नाम राखी कुनै साझेदारले सबै साझेदारका लागि वा सबै साझेदारले प्रत्येक साझेदारका लागि सबै व्यवसायमा भाग लिन अनुसूची-१ बमोजिमको ढाँचामा कबुलियत गरी यस ऐन बमोजिम कार्यालयमा दर्ता भएको फर्म साझेदारी कायम भएको मानिने छ ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्ने व्यक्तिलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ ।

(३) साझेदारले सामूहिक रुपमा व्यवसाय सञ्चालन गर्दा फर्मको नामबाट गर्नु पर्नेछ र त्यस्तो फर्म दफा ६ बमोजिम दर्ता गराउनु पर्नेछ ।

४. **सङ्गठित संस्था साझेदारी नहुने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित संस्था कुनै साझेदारी व्यवसायको साझेदार हुने सक्ने छैन ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि सङ्गठित संस्था भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई छुट्टै कानूनी अस्तित्व भएका कम्पनी, सार्वजनिक संस्थान र निगम जस्ता कानूनी व्यक्ति सम्झनु पर्छ ।

५. **एकाघर सगोलको व्यवसाय साझेदारी नहुने**: एकाघर सगोलका अंशियारहरूले कबुलियत गरी साझेदारीमा व्यवसाय चलाएका रहेनछन् भने सगोलको व्यवसाय यस ऐनको तात्पर्यका लागि साझेदारी मानिने छैन ।

परिच्छेद-२

## फर्मको दर्ता सम्बन्धी व्यवस्था

६. **फर्मको दर्ता गर्नुपर्ने**: (१) साझेदारी कायम भएको छ महिना भित्र यस ऐन बमोजिम कार्यालयमा साझेदारी फर्मको दर्ता गराउनु पर्नेछ। त्यस्तो फर्म दर्ताको लागि साझेदारहरूको आपसी कबुलियत र साझेदारहरूबिचको फर्म दर्ता गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि समेत राखी अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा दरखास्तसँग सम्बन्धित विवरण चेक जाँच गरी फर्म दर्ता हुन सक्ने देखिएमा अनुसूची-३ बमोजिमको दस्तुर लिई कार्यालयले त्यस्तो फर्म दर्ता गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको फर्मको कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्तवालालाई फर्म दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दरखास्त चेकजाँच गर्दा फर्म दर्ता हुन नसक्ने देखिएमा वा आवश्यक कागजात नपुगेमा कार्यालयले सोको कारण सहित सात दिन भित्र दरखास्तवालालाई लिखित जानकारी दिनु पर्ने छ।

७. **फर्म दर्ताको अभिलेख**: दफा ६ बमोजिम दर्ता भएको फर्मको अभिलेख अनुसूची-५ बमोजिमको ढाँचामा कार्यालयको दर्ता किताबमा अनिवार्य रूपमा राख्नु पर्नेछ।

८. **फर्मको नाम भ्रमपूर्ण राख्न नहुने**: (१) फर्मको नाम राख्दा दोहोरो अर्थ नलाग्ने गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फर्मको नाम राख्दा पहिले दर्ता भैसकेको कुनै व्यवसाय, कम्पनी, रजिष्टर्ड ट्रेडमार्क, पेटेन्ट, डिजाइन वा अन्तर्राष्ट्रिय रुपमा ख्याती प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सिर्जना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सिर्जना हुने गरी राख्न पाइने छैन।

(३) दर्ता भइसकेको कुनै व्यवसायको नाम उपदफा (२) बमोजिम भ्रमपूर्ण रहेको भनी दरखास्त परेमा कार्यालयले आवश्यक छानबिन गर्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा व्यवसायको नाम भ्रमपूर्ण रहेको देखिएमा कार्यालयले पैँतिस दिनको अवधि तोकी त्यस्तो नाम परिवर्तन गर्न सम्बन्धित साझेदारलाई आदेश दिनेछ।

(५) उपदफा (४) बमोजिमको आदेश सम्बन्धित फर्मले पालना गर्नु पर्नेछ।

९. **अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र लिनु पर्नेछ।

१०. **अद्यावधिक गर्नु पर्नेः** यो ऐन प्रारम्भ हुनु अघि साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएका साझेदारी फर्मले नवीकरण गर्नु पूर्व यस ऐन बमोजिम फर्मको अद्यावधिक गर्नु पर्नेछ।

११. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्नेः** (१) फर्म दर्ता गर्नको लागि दफा ६ बमोजिम पेस गरेको दरखास्त र फर्मको कबुलियत विवरणमा पछि कुनै हेरफेर गर्नु परेमा सो कुरा खुलाई कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण हेरफेर गर्न कार्यालयबाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो विवरण हेरफेर भएको मानिनेछ।

१२. **नवीकरण गर्नु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको फर्मले प्रत्येक आर्थिक वर्ष भुक्तान भएको मितिले नब्बे दिनभित्र नवीकरणका लागि अनुसूची-६ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्यादभित्र दरखास्त परेमा कार्यालयले अनुसूची-७ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो फर्मको नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम म्यादभित्र नवीकरण हुन नसकेका फर्मले अनुसूची-७ बमोजिमको शुल्क र जरिबाना तिरी नवीकरण गर्न सक्नेछन्।

१३. **स्थानीय तहमा साझेदारी फर्मको दर्ता**: (१) दश लाख रुपैयाँसम्मको कूल पुँजी भएको साझेदारी फर्मको दर्ता, नवीकरण तथा तत्सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही सम्बन्धित स्थानीय तहको कानून बमोजिम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम साझेदारी फर्म दर्ता तथा नवीकरण गर्दा प्राप्त हुने दस्तुरको चालीस प्रतिशत रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१४. **विवरण माग गर्न सक्ने**: (१) यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मसँग कार्यालयले त्यस्तो फर्मसँग सम्बन्धित विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण सम्बन्धित कार्यालयलाई पेस गर्नु त्यस्तो फर्मको कर्तव्य हुनेछ।

१५. **फर्म खारेज गर्न सक्ने**: (१) यस ऐन बमोजिम दर्ता भएको फर्म कार्यालयले देहायको अवस्थामा खारेज गर्न सक्नेछः

(क) साझेदारहरूले मनासिव कारण खुलाई फर्म खारेज गरी पाउँ भनी अनुसूची-८ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिएमा,

(ख) कार्यालयले माग गरेको दफा १४ बमोजिमको विवरण पेस नगरेमा,

(ग) कार्यालयको सहमति बिना कुनै फर्मले फर्म दर्ताको प्रमाण पत्रमा उल्लिखित उद्देश्य वा फरक ठेगानामा व्यवसाय सञ्चालन गरेमा,

(घ) उद्योग सम्बन्धी फर्मले कार्य सञ्चालन गरी कार्यालयलाई जानकारी नदिई उद्योग बन्द गरेमा,

(ङ) उद्योग सम्बन्धी फर्मले दर्ता प्रमाणपत्रमा उल्लिखित सर्त अनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार, उपकरणको खरिद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण कार्यालयमा नदिएमा,

(च) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य काम गरेमा।

(२) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम कार्यालयबाट फर्म खारेज गर्नु अघि सम्बन्धित फर्मलाई सफाइको सबुत पेस गर्न उचित अवसर दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम कार्यालयबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मको साझेदार कसैको नाममा एक वर्ष सम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

परिच्छेद-३

## साझेदारको आपसी सम्बन्ध

१६. **साझेदारको आपसी सम्बन्धः** (१) साझेदारको आपसमा भएको लिखित कबुलियतद्वारा साझेदारमा हक र दायित्व कायम हुनेछ।

(२) साझेदारीको कबुलियतमा उल्लेख भएका विषयको हकमा सोही बमोजिम र उल्लेख नभएकोमा यस ऐन बमोजिम हुनेछ।

१७. **साझेदारीमा रहेको जायजेथाः** साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछः

(क) साझेदारी व्यवसाय सुरु हुँदा त्यसका लागि जम्मा गरिएको सम्पूर्ण जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले व्यवसाय गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको व्यवसायबाट प्राप्त हुन आएको ख्याती (गुड विल)।

**स्पष्टीकरणः** अन्यथा प्रमाणित भएकोमा बाहेक फर्मको रकम लगानी गरी प्राप्त भएको सबै सम्पत्ति र हक फर्मको निमित्त प्राप्त गरेको मानिनेछ।

१८. **साझेदारको मृत्यु भएपछिको दायित्वः** (१) कुनै साझेदारको मृत्युपछि

पनि साझेदारी फर्म सञ्चालन रहि रहेकोमा त्यस्तो साझेदारको मृत्युपछि हकवालालाई हक हस्तान्तरण हुनु अगावै भएको कुनै कामकारबाही वा कारोबारको कारणबाट सिर्जना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन ।

(२) साझेदारको मृत्युपछि हकवालालाई हक हस्तान्तरण गर्ने प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै साझेदारको मृत्युपछि हक हस्तान्तरण गर्न वा साझेदारी विघटन भई सम्पत्ति बाँडफाँट गर्न कुनै साझेदार उपस्थित नहुने वा बेपत्ता भएमा प्रचलित कानून बमोजिम सूचना जारी गर्ने र म्याद तामेल गर्न हुनेछ ।

१९. **साझेदारी सम्पत्तिको प्रयोग**: साझेदारीको सम्पत्ति साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारले अरु काममा लगाउन वा लगाउन दिन हुँदैन ।

२०. **पुँजी थप्न बाध्य नहुने**: अरु साझेदारले माग गरे पनि साझेदारी कबुलियतमा तोकेको रकम भन्दा बढी पुँजी थप्न कुनै साझेदार बाध्य हुने छैन ।

२१. **सट्टा राख्न नपाउने**: कुनै साझेदारले अन्य साझेदारको मन्जुरी बिना अन्य कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन वा साझेदार राख्न पाउने छैन ।

२२. **साझेदारको कारोबारमा भाग लिन पाउने**: (१) कबुलियत बमोजिम भाग लिन नपाउने साझेदारले बाहेक अन्य साझेदारले विरोध नगरेसम्म प्रत्येक साझेदारले फर्मको सबै कारोबारमा भाग लिन पाउनेछन् ।

तर, सबै साझेदारको मन्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न पाइने छैन ।

(२) साझेदारीको सबै वा कुनै काम सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुई भन्दा बढी साझेदारहरूले संयुक्त रूपमा गर्ने कबुलियत भएकोमा कुनै मनासिब माफिकको कारण परी कबुलियत बमोजिम यस्ता सबै साझेदारहरूले सो काम गर्न नभ्याउने भएमा निजहरूले आफू मध्येबाट कसैलाई सो काम गर्न अख्तियारी दिन सक्नेछन् ।

२३. **श्रेस्ता हेर्न नक्कल लिन पाउने**: साझेदारीको हिसाब किताबको श्रेस्ता हेर्न

चाहेमा हरेक साझेदारले त्यस्तो श्रेस्ता हेर्न पाउने छन् र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सो श्रेस्ताको सक्कल बमोजिमको नक्कल उतारी आफ्नो सहीछाप गरी दिनु पर्नेछ।

२४. **पारिश्रमिक र ब्याजः** (१) साझा कामको व्यवस्थापन गरे वापतको परिश्रमिक कबुलियतमा तोकिए बमोजिम हरेक साझेदारले पाउने छन्।

(२) कुनै साझेदारले कबुलियत बमोजिम भन्दा थप पुँजी लगानी गरेको भए बढीमा दश प्रतिशतसम्म लिखत बमोजिमको ब्याज लिन पाउनेछ।

(३) कुनै साझेदारले जानी जानी वा लापरवाही गरी साझेदारी व्यवसायमा हानि नोक्सानी पुर्‍याएमा त्यसको बिगो निजले नै व्यहोर्नु पर्नेछ।

२५. **मुनाफा फर्मको हुनेः** फर्मको कुनै कारोबारको सिलसिलामा वा फर्मको धनमालको उपयोग गरी वा फर्मको कारोबारको सम्बन्धबाट वा फर्मको नाममा कुनै साझेदारले नाफा आर्जन गरेमा सो नाफा र त्यसको हिसाब समेत फर्मलाई बुझाउनु पर्नेछ।

२६. **साझेदारले बुझाएको रकम हिसाबमा देखाउनु पर्नेः** दफा २४ र २५ बमोजिम कुनै साझेदारले रकम तिरे बुझाएमा सो रकम फर्मको आर्थिक वर्षको नाफा नोक्सानीको हिसाब श्रेस्तामा स्पष्ट देखाउनु पर्नेछ।

२७. **नाफा नोक्सानको बाँडफाँटः** (१) साझेदार बिचमा नाफा नोक्सान हिसाब गरी बाँडफाँट गर्दा कबुलियतमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा लगानीको अनुपातमा बाँडफाँट गर्नु पर्नेछ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पुँजीमा ब्याज दिने लिने कबुलियत भए सो ब्याज मुनाफाबाट मात्र तिर्नु पर्नेछ।

२८. **मुनाफा पाउन नसक्नेः** कुनै साझेदारले फर्मलाई बुझाउनुपर्ने आफ्नो भागको पुँजी पूर्ण रुपमा चुक्ता नगरेसम्म निजले फर्मबाट पाउनुपर्ने मुनाफा पाउन सक्ने छैन।

तर, कुनै साझेदारले बुझाएको पुँजी रकम बराबर हुन आउने मुनाफाको हिस्सा निजलाई बाँडफाँट गर्न यस दफाले बाधा पुर्‍याएको मानिने छैन।

परिच्छेद-४

## फर्म र तेस्रो पक्ष बिचको सम्बन्ध

२९. **साझेदारले काम गर्न हुने**: (१) दफा २२ मा उल्लिखित कबुलियतको अधीनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न सक्नेछ।

(२) कुनै साझेदारले फर्मको कारोबार चलाउनलाई गरेको कामबाट सिर्जना भएको दायित्व फर्मको हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कारोबार गर्दा कुनै साझेदारले जालसाजी गरेमा अरु साझेदारले न्यायिक निरुपणको लागि अधिकार प्राप्त अदालतमा उजुर गर्न सक्नेछन्।

३०. **साझेदारले गरेको काममा फर्म बाध्य हुने**: (१) साझेदारले कबुलियतद्वारा साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्नेछ।

(२) कबुलियतमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको बन्देज फर्मसँग कारोबार गर्ने तेस्रो पक्षलाई थाहा रहेनछ भने हरेक साझेदारले फर्मको निमित्त गरेको कारबाहीको सम्बन्धमा फर्मको दायित्व हुनेछ।

३१. **नयाँ साझेदार जवाफदेही नहुने**: (१) आफू साझेदार हुनुभन्दा अगाडि भए गरेको साझेदारी कामको सम्बन्धमा नयाँ हुने साझेदार जवाफदेही हुने छैन।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई फर्मको अघिको काममा तेस्रो पक्ष प्रतिको दायित्वबाट सो तेस्रो पक्षसँगको कबुलियतद्वारा र साझेदारी कायम रहेका बाँकी साझेदारको मन्जुरीले मात्र उन्मुक्ति हुन सक्नेछ।

(३) तेस्रो पक्षलाई कुनै साझेदार साझेदारीबाट अलग भएको छ भन्ने थाहा भएमा अलग हुने साझेदार आफू अलग भई सकेपछि अरु साझेदारले फर्मको नामबाट भए गरेका काम प्रति निजको जवाफदेहीता हुने छैन।

३२. **साझेदारले आफ्नो हक बिक्री गर्न सक्ने**: अरु साझेदारको मन्जुरीमा कुनै साझेदारले फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा

बन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधि भित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ।

तर, त्यस्तो व्यक्ति सो फर्मको साझेदार मानिने छैन र सबै साझेदारहरूको मन्जुरी बिना निजलाई सो फर्मको हिसाब किताब जाँच्ने अधिकार हुने छैन।

३३. **जवाफदेही हुने**: (१) आफू साझेदार रहँदा फर्मको निमित्त गरिएका सबै काम उपर संयुक्त वा व्यक्तिगत रूपमा प्रत्येक साझेदार जवाफदेही हुनेछ।

(२) उपदफा (१) बमोजिमको जवाफदेही साझेदारले साझेदारी फर्ममा गरेको पुँजी लगानीको प्रतिशत वा कबुलियत बमोजिम हुनेछ।

परिच्छेद- ५

## साझेदारीको विघटन

३४. **लिखित सूचनाद्वारा विघटन हुने**: (१) कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाईएको छ भने जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन सक्नेछ।

(२) साझेदारको बिचमा अन्यथा मन्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मिति देखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मिति देखि साझेदारी विघटन भएको मानिनेछ।

३५. **साझेदारी विघटन हुन सक्ने**: (१) सबै साझेदारको मन्जुरी वा कबुलियत बमोजिम साझेदारी विघटन हुन सक्नेछ।

(२) साझेदारमा जुनसुकै व्यहोराको कबुलियत भएको भए तापनि कुनै साझेदारले देहायका अवस्थामा जुनसुकै बखत साझेदारी विघटन गराउन सक्नेछः

(क) कुनै साझेदार आफूले गरेको कबुलियत बमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा,

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम

नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मन्जुरी बेगर कसैलाई हक छाडी दिएमा,

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउमा परेमा,

(घ) अर्को साझेदारले फर्मको काम कारबाहीमा जालसाज वा लापरवाही गरेमा,

(ङ) अर्को साझेदारले कैदको सजाय पाएमा ।

(३) साझेदारको बिच एक आपसमा भएको कबुलियतको अधीनमा रही कुनै साझेदारी सिमित समयको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ ।

(४) कुनै साझेदारको मृत्यु भएमा साझेदारी तुरुन्त विघटन हुनेछ ।

तर, साझेदारको मृत्यु पछि मृतक साझेदारको हकवालाले चाहेमा साझेदार बिचको आपसी सहमतिबाट कबुलियत गरी साझेदारलाई निरन्तरता दिन बाधा पर्ने छैन ।

(५) कुनै साझेदार साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी तुरुन्त विघटन हुनेछ ।

३६. **तेस्रो पक्ष प्रतिको दायित्व पूरा गर्नुपर्ने:** साझेदारी विघटन भएको कुरा सार्वजनिक नगरिएको कारण त्यस्तो विघटनको जानकारी फर्मसँग सम्बन्धित तेस्रो पक्षलाई नभएमा साझेदारी विघटन भएपनि फर्मको नाममा गरेको कामकारबाहीबाट तेस्रो पक्ष प्रतिको दायित्व सबै साझेदारले पूरा गर्नु पर्नेछ ।

तर, मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जाय जेथाबाट निजको मृत्यु भएको वा दामासाहीमा परेका मिति पछिको काम कारबाहीबाट सिर्जित दायित्व बापत तिर्नु पर्ने छैन ।

३७. **वारेसद्वारा भाग लिन हुने:** दफा ३५ को उपदफा (३) को अधीनमा

रही हरेक साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी विघटनको प्रक्रियामा भाग लिन सकिनेछ।

३८. **विघटन भएपछि पनि कायम रहने:** फर्मको विघटनको काम टुङ्ग्याउनलाई जो आवश्यक काम कारबाही र विघटन हुनु पहिले सुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि फर्मलाई बाध्य गर्न र साझेदारहरूको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहनेछ।

३९. **फर्मको हिसाब फछ्र्यौट गर्ने:** साझेदारहरूको बिचमा भएको कबुलियत र दफा ३५ को उपदफा (३) को अधीनमा रही विघटन भएका व्यवसायको हिसाब फछ्र्यौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) फर्मको हितमा बाधा नपर्ने गरी फर्मको सम्पूर्ण सम्पत्ति नगदमा परिणत गर्नु पर्नेछ,

(ख) पुंजी घटेको समेतको नोक्सानी पहिले मुनाफाबाट, त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानाबाट पुंजी लगानीको अनुपातमा असुलउपर गर्नु पर्नेछ,

(ग) पुँजीको कमी भर्ना गर्न लगायत फर्मको सम्पत्ति देहायका क्रम र तरिकाबाट उपयोग गर्नु पर्नेछः-

(१) फर्मले तेस्रो पक्षलाई तिनुपर्ने ऋण रकम रहेछ भने सो ऋण,

(२) पुँजी बाहेकको साझेदारले दिएको थप कर्जाको दामासाहीले,

(३) साझेदारले बुझाएका पुँजीको दामासाही,

(४) शेष बाँकी सम्पत्ति साझेदारको भाग हिस्सा बमोजिम मुनाफा बाँड्नमा।

४०. **सम्पत्ति भाग नलाग्ने:** साझेदारका बिचमा कबुलियत भएको भए तापनि फर्मको ऋण र दायित्व चुक्ता नगरी साझेदार बिच सम्पत्ति बन्डा गर्न सकिने छैन।

४१. **लिक्विडेटर नियुक्त गर्न सक्ने**: (१) फर्मको हिसाव किताब फछ्र्यौट गर्न साझेदारबिच विवाद उत्पन्न भई फर्म विघटन गर्न सबुत प्रमाण सहित कुनै साझेदारले कार्यालय समक्ष निवेदन दिएमा कार्यालयले त्यस्तो फर्मको विघटन गर्ने कार्य गर्न लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लिक्विडेटरले साझेदारी बिचको कबुलियत र यो ऐन बमोजिम फर्म विघटनको कार्य र हिसाब किताब फछ्र्यौट गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त लिक्विडेटर कार्यालय प्रति जवाफदेही हुनु पर्नेछ।

(४) लिक्विडेटरको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धित फर्मले तोके बमोजिम हुनेछ।

(५) लिक्विडेटरले सम्बन्धित फर्मको हिसाब किताब फछ्र्यौट तथा फर्मको विघटन सम्बन्धमा कार्यालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा कार्यालय प्रमुखले फर्मको विघटन सम्बन्धी आवश्यक निर्णय गर्न सक्नेछ।

## परिच्छेद-६

## कसूर र जरिबाना सम्बन्धी व्यवस्था

४२. **कसूर**: कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः

(क) फर्म दर्ता नगराई फर्म सञ्चालन गरेमा,

(ख) फर्म दर्ताको लागि दरखास्त दिँदा झुट्ठा विवरण दिएको पाइएमा,

(ग) दर्ता भएको फर्मले अनुमति नलिई फर्म दर्ता प्रमाणपत्रमा तोकेभन्दा बाहेकको व्यवसाय गरेमा,

(घ) फर्मले तोकिएको म्यादभित्र सूचना नदिएमा वा झुट्ठा सूचना दिएमा,

(ङ) यो ऐन बमोजिम नवीकरण नगराई फर्म वा कुनै पनि व्यक्तिले फर्म सम्बन्धी कार्य गरेमा,

(च) कार्यालयको स्वीकृति नलिई स्थानान्तरण गरेमा,

(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गरेमा।

४३. **जरिबानाः** (१) दफा ४२ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने फर्मका प्रत्येक साझेदारलाई पहिलो पटकका लागि कार्यालय प्रमुखले दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा सुरूमा हुने जरिबानाको शत प्रतिशत थप जरिबाना गरी निज संलग्न रहेको कुनै पनि फर्म दर्ता गर्न रोक लगाइनेछ।

(२) दफा ४२ को खण्ड (ख) अन्तर्गतको कसूर गर्ने फर्मलाई कार्यालय प्रमुखले त्यस्तो फर्म खारेज गरी दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ।

(३) दफा ४२ को खण्ड (ग), (घ) र (ङ) अन्तर्गतको कसूर गर्ने साझेदारी फर्मलाई कार्यालय प्रमुखले तीन हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ।

(४) दफा ४२ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने फर्मलाई कार्यालय प्रमुखले पाँच हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ।

(५) दफा ४२ को खण्ड (छ) अन्तर्गतको कसूर गर्ने साझेदारी फर्मका प्रत्येक साझेदारलाई कार्यालय प्रमुखले दुई हजार रुपैयाँ जरिबाना गरी कानून बमोजिम गर्न निर्देशन दिन सक्नेछ।

## परिच्छेद-७

## विविध

४४. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** दफा ४१ को उपदफा (६) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने साझेदारले त्यस्तो सूचना पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

४५. **उजुरी गर्न सक्नेः** (१) दफा ४३ बमोजिम कार्यालयले गरेको निर्णय उपर

चित्त नबुझ्ने साझेदारले त्यस्तो सूचना पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालयको सचिव समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरीका सम्बन्धमा सचिवले गरेको निर्णय अन्तिम हुनेछ।

४६. **वातावरणमा पर्ने प्रतिकूल असरको निराकरण गर्नु पर्नेः** फर्म दर्ता गरे पछि व्यापार व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित फर्मको हुनेछ। वातावरण परीक्षणबाट सो व्यापार व्यवसाय प्रचलित वातावरण कानून तथा मापदण्ड विपरीत देखिएमा कार्यालयले दर्ता खारेज गर्न सक्नेछ।

तर, त्यसरी दर्ता खारेज गर्नुअघि त्यस्तो वातावरण कानून र मापदण्ड पालना गर्ने मुनासिव माफिकको समय दिनु पर्नेछ।

४७. **अनुगमन तथा मूल्याङ्कनः** (१) मन्त्रालय, निर्देशनालय वा कार्यालयले समय समयमा यस ऐन बमोजिम स्थापना तथा सञ्चालन भएका फर्मको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा कुनै जानकारी वा विवरण माग गरी वा नगरी कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित फर्मको कर्तव्य हुनेछ।

४८. **विद्युतीय माध्यमको प्रयोगः** यस ऐन बमोजिम फर्म दर्ता, अभिलेखीकरण, नवीकरण लगायतका प्रशासन सम्बन्धी कार्य गर्दा विद्युतीय माध्यमको समेत प्रयोग गरिनेछ।

४९. **नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ।

(२) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

५०. **अनुसूची हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

५१. **<u>यसै ऐन बमोजिम हुने</u>:** (१) यस ऐनमा उल्लिखित विषयमा यसै ऐन बमोजिम हुने र यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएका फर्म र तत् सम्बन्धी काम कारबाहीहरू यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**साझेदारी कबुलियतनामाको ढाँचा**

लिखतम् हामी तपसिलका साझेदारीहरूको आगे हामीले साझेदारीमा निम्न बमोजिमको व्यवसाय साथै माग तत्पर भई निम्न दफाहरूमा उल्लेख भएका विषयहरूमा सोही बमोजिम र अन्य विषयहरूमा निर्णय लिनु परेमा साझेदारहरूको आपसी छलफल तथा निर्णयद्वारा निर्णय गर्न र गण्डकी प्रदेश साझेदारी ऐन, २०८१ बमोजिम हुने गरी निम्न बमोजिम सर्तको पालना गर्नेगरी आफ्नो मनोमानी खुसीराजीसँग साक्षी रोहबरमा ................................बैठक बसी आजको मितिमा कबुलियतनामा लेखी एक प्रति हामी साझेदारहरूले बुझिलियौं/दियौं र अर्कोप्रति यस .......................कार्यालयमा पेस गरेका छौं ।

**फर्मको नाम ठेगाना तथा उद्देश्यः**

१. फर्मको नाम

२. फर्मको ठेगाना

३. फर्मको उद्देश्य

**साझेदारीको तीन पुस्ते र ठेगानाः**

यस फर्ममा निम्न मालिकहरू या साझेदारहरू रहने छन्ः-

| साझेदारको नाम | बुवा/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

प्रत्येक साझेदारहरू यस फर्मका मालिक हुनेछन् ।

साझेदारहरूले निम्न बमोजिमका पुँजी लगानी गर्ने छौं र पुँजी लगानीको अनुपातमा फर्मको कारोबारबाट भएको नाफा वा नोक्सान बाँडफाँड गर्न मञ्जुर छौं ।

(१) श्री .................... तर्फबाट रकम रु ( ) प्रतिशत ।

(२) श्री ................... तर्फबाट रकम रु ( ) प्रतिशत ।

(३) श्री.................... तर्फबाट रकम रु ( ) प्रतिशत ।

(४) श्री.................... तर्फबाट रकम रु ( ) प्रतिशत ।

(५) श्री.................. तर्फबाट रकम रु ( ) प्रतिशत ।

साक्षी/रोहबर

| | नामथर, | ठेगाना, | नागरिकता नं |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| (३) | | | |

मितिः

अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**फर्म दर्ताको लागि दिने दरखास्तको ढाँचा**

मितिः- ..................

श्रीमान् कार्यालय प्रमुख ज्यू,

................................ ।

महोदय,

हामीहरूले साझेदारी फर्म खोली तपसिलमा लेखिए बमोजिमको उद्योग/व्यवसाय चलाउन मन्जुर गरेकोले मन्जुरीको कबुलियतनामाको कागज समेत सामेल राखी निवेदन गरेका छौं । दर्ता गर्दा लाग्ने दस्तुर लिई तल लेखिएको नामको फर्म हामीहरूका नाममा दर्ता गरी पाऊँ । लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**तपसिलः**

(क) फर्मको पूरा नामः

(ख) फर्मको पूरा ठेगानाः

(ग) फर्मको उद्देश्य र कार्यान्वयन गर्न खोजेको फर्मको छोटकरी विवरणः

(घ) कारोबार गर्ने मुख्य चीजवस्तुको विवरणः

(ङ) प्रत्येक साझेदारको पूरा नाम, थर र स्थायी ठेगाना (तीन पुस्ते विवरण सहित)ः

(च) साझेदारको किसिम, प्रत्येक साझेदारले लगानी गरेको पुँजी रकम र अंशः

(छ) कुनै साझेदारको अधिकार उपर कुनै बन्देज लगाएको भए सो कुराः

(ज) सिमित दायित्व भएको साझेदारी भए प्रत्येक साझेदारको दायित्वको विवरण र त्यसको सीमाः

(झ) फर्मको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरूको नामः

(ञ) मुनाफा निर्धारण गर्ने तरिकाः

(ट) साझेदारहरू बिच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिकाः

(ठ) कार्यालयले तोकेको अन्य विवरणहरू ।

भवदीय,

दरखास्तवालाको सहीछाप

अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**फर्म दर्ताका लागि लाग्ने दस्तुर सम्बन्धी विवरण**

देहायको पुँजी भएको साझेदारी फर्म दर्ता गर्दा देहायबमोजिम दस्तुर लाग्नेछः

| क्र.स. | पुँजीको सीमा | दर्ता दस्तुर |
|---|---|---|
| १. | पाँच लाख रुपैयाँ सम्म पुँजी भएको | एक हजार पाँच सय रुपैयाँ मात्र |
| २. | पाँच लाख रुपैयाँ भन्दा बढी दश लाख रुपैयाँ सम्म | दुई हजार पाँच सय रुपैयाँ मात्र |
| ३. | दश लाख रुपैयाँ भन्दा बढी बिस लाख रुपैयाँ सम्म | चार हजार रुपैयाँ मात्र |
| ४. | बिस लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँ सम्म | सात हजार रुपैयाँ मात्र |
| ५. | पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँ सम्म | बाह्र हजार रुपैयाँ मात्र |
| ६. | एक करोड रुपैयाँ भन्दा बढी | पन्ध्र हजार रुपैयाँ मात्र |

**नोटः** महिला, दलित समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्र, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूमात्र साझेदार रहेको साझेदारी फर्म दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

अनुसूची-४

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**फर्म दर्ता प्रमाण–पत्रको ढाँचा**

कार्यालयको नाम

**साझेदारी फर्म दर्ताको प्रमाणपत्र**

दर्ता नं. मितिः.........

यस कार्यालयमा मिति.................मा दर्ता भएको .................... नामको निम्न अनुसारको विवरण भएको साझेदारी फर्म गण्डकी प्रदेश साझेदारी ऐन, २०८१ बमोजिम दर्ता/अद्यावधिक गरी यो प्रमाणपत्र दिइएको छ।

फर्मको नामः

फर्मको ठेगानाः

फर्मको उद्देश्य र कारोबारः

साझेदारहरूको विवरणः

कुल पुँजीः

.........................

दर्ता गर्ने अधिकारी

**नोटः** यो प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष भुक्तान भएको मितिले नब्बे दिनभित्रमा नवीकरण गराउनु पर्नेछ। उद्देश्यमा लेखिए बाहेक यो फर्मबाट अरु काम गर्नु हुँदैन। नवीकरण गराउँदा यो प्रमाणपत्र साथमा लिएर आउनु पर्नेछ।

अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

**दर्ता किताबको ढाँचा**

फर्मको नाम र ठेगानाः

फर्म दर्ता नं. र मितिः

फर्मको उद्देश्य र कारोबारः

पुँजीः

(क) चालु पुँजीः

(ख) चुक्ता पुँजीः

साझेदारहरूको विवरण

| साझेदारहरूको नाम | नागरिकता प्रमाणपत्र नं., जारी जिल्ला र मिति | ठेगाना | लगानीको हिस्सा | सम्पर्क नं. | साझेदारहरूको फोटो |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-६

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**साझेदारी फर्मको नवीकरणका लागि दिने दरखास्तको ढाँचा**

मितिः............

श्रीमान् कार्यालय प्रमुख ज्यू,

...................... ।

**विषयः साझेदारी फर्मको नवीकरण सम्बन्धमा ।**

महोदय,

यस कार्यालयमा मिति .......... मा दर्ता भएको (दर्ता नं........) ............... नामको साझेदारी फर्म नवीकरणको लागि तपसिल बमोजिमका कागजात संलग्न राखी दरखास्त गरेका छौँ ।

**तपसिलः**

१. फर्म दर्ताको सक्कल प्रमाणपत्र

२. करचुक्ता प्रमाणपत्र

३. लेखा परीक्षण प्रतिवेदन

**भवदीय**

फर्मको छाप साझेदारको नाम र दस्तखत

## अनुसूची-७
(दफा १२ को उपदफा (२) र (३) सँग सम्बन्धित)

**नवीकरण शुल्क सम्बन्धी विवरण**

यस ऐन बमोजिम दर्ता/अद्यावधिक भएको साझेदारी फर्मले प्रत्येक आर्थिक वर्ष भुक्तान भएको मितिले नब्बे दिन भित्र नवीकरण गराउँदा देहाय बमोजिमको दस्तुर लाग्नेछः-

| क्र.स. | पुँजीको सीमा | नवीकरण दस्तुर |
|---|---|---|
| १. | पाँच लाख रुपैयाँ सम्म पुँजी भएको | दुई सय रुपैयाँ मात्र |
| २. | पाँच लाख रुपैयाँ भन्दा बढी दश लाख रुपैयाँ सम्म | तीन सय रुपैयाँ मात्र |
| ३. | दश लाख रुपैयाँ भन्दा बढी बिस लाख रुपैयाँ सम्म | पाँच सय रुपैयाँ मात्र |
| ४. | बिस लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँ सम्म | एक हजार रुपैयाँ मात्र |
| ५. | पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँ सम्म | एक हजार पाँच सय रुपैयाँ मात्र |
| ६. | एक करोड रुपैयाँ भन्दा बढी | दुई हजार रुपैयाँ मात्र |

**नोटः** नब्बे दिनपछि नवीकरण गराउँदा आर्थिक वर्षको अन्तिमसम्मका लागि नवीकरण दस्तुरको दोब्बर दस्तुर र एक आर्थिक वर्ष व्यतित भइसकेको फर्मको हकमा नवीकरण शुल्कको दोब्बर दस्तुरका अतिरिक्त एक लाख रुपैयाँ देखि बिस लाख रुपैयाँसम्म पूँजी भएका साझेदारी फर्मलाई प्रत्येक आर्थिक वर्षको एक हजार रुपैयाँ र बिस लाख रुपैयाँ भन्दा माथि जतिसुकै रुपैयाँ भएपनि प्रत्येक आर्थिक वर्षको दुई हजार रुपैयाँका दरले जरिबाना लाग्नेछ।

अनुसूची-८

(दफा १५ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

**फर्म खारेजीको निवेदनको ढाँचा**

मितिः-..........

श्रीमान् कार्यालय प्रमुख ज्यू,

........................ ।

महोदय,

यस कार्यालयमा मिति ...................मा दर्ता भएको ................. नामको साझेदारी फर्म गण्डकी प्रदेश साझेदारी ऐन, २०८१ को दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम देहायका कागजात संलग्न गरी खारेजीका लागि यो निवेदन पेस गरेका छौं ।

१. फर्म दर्ताको सक्कल प्रमाणपत्र,

२. करचुक्ता प्रमाणपत्र,

३. फर्म खारेजी सम्बन्धमा सबै साझेदारहरूको सर्वसम्मत निर्णय,

४. फर्मले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व बाँकी नरहेको स्वघोषणा ।

फर्मको छाप

भवदीय,

साझेदारहरूको नाम र दस्तखत

# गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०१।१५

सम्वत् २०८२ सालको ऐन नं. ०४

**जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, ओसारपसार, व्यावसायिक प्रयोग लगायतका कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण तथा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "केन्द्र" भन्नाले दफा १० बमोजिम स्थापना भएको विषादी नियमन तथा व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

(ख) "जीवनाशक विषादी" भन्नाले बोट बिरुवा, कृषिजन्य पदार्थ, वन तथा वन पैदावार, जीव, पशुपन्छी तथा जनस्वास्थ्य, भण्डारण प्याकेजिङ र निर्माण कार्यमा हानि पुऱ्याउने रोग, किरा, सुलसुले, निमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वानस्पतिक, जैविक तथा रासायनिक पदार्थ सम्झनु पर्छ र सो शब्दले देहायका पदार्थलाई समेत जनाउँछः-

(१) हानिकारक जीवहरूको शिकार गरेर, परभक्षी बनेर, परजीवी बनेर, रोग लगाएर सोको वृद्धि

कम गराउने तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने (फेरोमोन, एट्र्याक्टयान्ट, रिपेलेन्ट, डिटरेन्ट) पदार्थ,

(२) हानिकारक जीवहरूको नियमित वृद्धि र प्रजनन कार्यमा असर पर्ने (ईन्सेक्ट ग्रोथ रेगुलेटर) पदार्थ र झारनाशक विषादी,

(३) वनस्पतिको वृद्धि नियन्त्रण गर्ने (प्लान्ट ग्रोथ रेगुलेटर/इन्हिविटर) पदार्थ,

(४) पात पतिङ्गर झार्ने (डिफोलियन्ट) पदार्थ,

(५) ओसिलोपन कम गर्ने तथा सुकाउने (डेसिकेन्ट) पदार्थ,

(६) फलफूल पतल्याउने (थिनिङ्ग एजेन्ट) पदार्थ,

(७) समय नपुग्दै फल, फूल झर्ने लगायतका समस्याको नियन्त्रण गर्न प्रयोग हुने पदार्थ,

(८) कृषि बाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने (डिसइन्फेक्टेन्ट) पदार्थ,

(९) बीउ अङ्कुराउन/अंकुरण नियन्त्रण गर्न प्रयोग गरिने पदार्थ,

(१०) फल पकाउने तथा उत्पादन उपरान्त संरक्षणका लागि प्रयोग गरिने पदार्थ (प्रिजर्भेटिभ)।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "निरीक्षक" भन्नाले दफा १५ बमोजिमको जीवनाशक विषादी निरीक्षक सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(च) "इजाजतपत्र" भन्नाले दफा ४ बमोजिमको

इजाजतपत्र सम्झनु पर्छ ।

(छ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(झ) "मिसावट गरिएको विषादी" भन्नाले विषादीमा हुनुपर्ने कुनै सक्रिय तत्व घटी वा बढी भएको, वा न्यून गुणस्तरको विषादी वा विषादीको सूचकपत्र (लेवल) मा उल्लेख गरिए बमोजिमको गुण, मात्रा वा विशेषता नभएको विषादी सम्झनु पर्छ ।

(ञ) "सङ्घीय ऐन" भन्नाले "जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६" लाई सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा ७ बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्छ ।

३. **जीवनाशक विषादी पञ्जीकरण गराउनु पर्ने**: (१) कुनै व्यक्ति, संस्था वा निकायले प्रदेशभित्र कुनै जीवनाशक विषादी वा त्यस्तो विषादीको सक्रिय तत्व समेतको उत्पादन, संश्लेषण, भण्डारण, व्यावसायिक प्रयोग, बिक्री वितरण, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ, विसर्जन, आयात वा निर्यात गर्नु पूर्व सङ्घीय ऐन बमोजिम पञ्जीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जीवनाशक विषादीको पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायले केन्द्रमा निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनहरू केन्द्रले मन्त्रालय मार्फत सङ्घीय ऐनको दफा १४ बमोजिमको निकायमा पठाउनेछ ।

(४) सङ्घीय ऐन अनुसार पञ्जीकरण गरिएका प्रदेश भित्र बिक्री वितरण गरिएका विषादीहरूको विवरण केन्द्रले बार्षिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

४. **इजाजतपत्र लिनुपर्ने**: (१) पञ्जीकरण वा पुनःपञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा

छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले केन्द्रबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) कुनै व्यक्ति, सङ्घ संस्था वा निकायले जैविक विषादीको मात्र बिक्री वितरण गर्न चाहेमा निजलाई केन्द्रले निःशुल्क इजाजतपत्र प्रदान गर्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम दिइने इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) बमोजिमको अवधि समाप्त हुनुभन्दा अगावैको पैँतिस दिन भित्र सम्बन्धित इजाजतपत्रवालाले नवीकरणको लागि केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम नवीकरण नगराउने इजाजतपत्र वालाले उपदफा (३) बमोजिमको अवधि समाप्त भएको तीस दिनभित्र दोब्बर दस्तुर सहित इजाजतपत्र नवीकरणका लागि केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम इजाजतपत्र नवीकरण नगर्ने इजाजतपत्रवालाले अनुसूची-१ बमोजिमको जरिबाना तिरी थप एकसय पचास दिनभित्र इजाजतपत्र नवीकरणका लागि मनासिब कारण सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(७) उपदफा (४), (५) र (६) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी केन्द्रले इजाजतपत्रको म्याद समाप्त भएको मितिदेखि थप दुई वर्षको लागि इजाजतपत्रको नवीकरण गर्न सक्नेछ।

(८) इजाजतपत्र प्राप्ति, नवीकरण तथा जरिबाना शुल्क सम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम हुनेछ।

(९) उपदफा (७) बमोजिम पनि नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ र केन्द्रले खारेज भएका इजाजतपत्र सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धित सबैलाई जानकारी गराउनु पर्नेछ।

(१०) उपदफा (१) र उपदफा (२) बमोजिमको इजाजतपत्र

सम्बन्धी निवेदनको ढाँचा र प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक विषादी प्रयोग मुक्त क्षेत्र घोषणा गरेका स्थानमा रासायनिक विषादीको भण्डारण, बिक्री वितरण र व्यावसायिक प्रयोगको लागि इजाजतपत्र दिइने छैन ।

५. **योग्यता सम्बन्धी व्यवस्थाः** इजाजतपत्र प्राप्त गर्न चाहने व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

(ख) इजाजतपत्र प्राप्त गर्नको लागि कम्तीमा एस.ई.ई. वा सो सरहको योग्यता भएको,

(ग) खुा विषादी विक्रेता सम्बन्धी विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री वितरण सम्बन्धी तालिममा सहभागी भई केन्द्रले सञ्चालन गरेको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र प्राप्त गरेको ।

६. **इजाजतपत्र खारेज गर्न सकिनेः** (१) समितिले केन्द्रको सिफारिसमा देहाय बमोजिमको अवस्थामा इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिम इजाजतपत्र नवीकरण नभएमा,

(ख) इजाजतपत्रवालाको मृत्यु भएमा,

(ग) इजाजतपत्र प्राप्त गर्दाको समयमा पेस गरेको योग्यता सम्बन्धी प्रमाणपत्रहरू झुट्ठा  ठहरिएमा,

(घ) इजाजतपत्र प्राप्त कम्पनी/संस्था वा निकाय खारेज भएमा,

(ङ) इजाजतपत्र प्राप्त गर्दा तोकिएका सर्त र आचारसंहिता उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुपूर्व समितिले सम्बन्धित इजाजतपत्रवालालाई पन्ध्र दिनको समय दिई इजाजतपत्र खारेज

गर्नु नपर्ने कुनै मनासिब कारण भए पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज हुनु नपर्ने कुनै मनासिब कारण पेस नभएमा वा सो समय भित्र कुनै जानकारी प्राप्त हुन नआएमा समितिले पन्ध्र दिनभित्रमा इजाजतपत्र खारेज सम्बन्धमा आवश्यक निर्णय गरी सोको जानकारी सम्बन्धित इजाजतपत्रवालालाई दिनु पर्नेछ।

(४) इजाजतपत्र खारेजी सम्बन्धी प्रक्रिया प्रारम्भ भई उपदफा (३) बमोजिमको निर्णय नभएसम्म उक्त इजाजतपत्र स्वतः निलम्बन भएको मानिनेछ।

(५) उपदफा (४) बमोजिम निलम्बनमा रहेको अवस्थामा व्यवसायिक कारोवार, बिक्री वितरण गर्न पाउने छैन।

७. **प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिः** (१) जीवनाशक विषादीको भण्डारण, बिक्री वितरण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजतपत्र दिने, नवीकरण गर्ने, सोको अनुगमन गर्ने र प्रचलित कानून बमोजिमको मापदण्ड पालना गर्न गराउन एवं अन्य विषादी व्यवस्थापन सम्बन्धी कार्य गर्न गराउन प्रदेशमा एक जीवनाशक विषादी व्यवस्थापन समिति रहनेछ।

(२) समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्ः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) महानिर्देशक, कृषि विकास निर्देशनालय - सदस्य

(ग) महानिर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय - सदस्य

(घ) निर्देशक, कृषि अनुसन्धान निर्देशनालय, गण्डकी प्रदेश - सदस्य

(ङ) प्रमुख, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण सम्बन्धी महाशाखा - सदस्य

(च) प्रमुख, वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयको वातावरण सम्बन्धी महाशाखा - सदस्य

(छ) विषादीसँग सम्बन्धित विज्ञ मध्येबाट मन्त्रालयद्वारा मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ज) विषादी व्यवसायीहरू मध्येबाट मन्त्रालयबाट मनोनीत एक जना - सदस्य

(झ) मन्त्रालयबाट मनोनीत प्रदेश भित्रका कृषक प्रतिनिधि एक जना - सदस्य

(ञ) प्रमुख, केन्द्र - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (छ), (ज) र (झ) बमोजिम मनोनीत हुने सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजलाई पुनः एक पटक मनोनीत गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले समितिको हित विपरीत कार्य गरेमा पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ। तर, निजलाई हटाउनु पूर्व सफाइको मौका दिनु पर्नेछ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ

वा सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिम गठित समितिको सचिवालय केन्द्रमा रहनेछ।

८. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित हुनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** (१) यो ऐन र प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्न मन्त्रालयलाई परामर्श दिने,

(ख) जीवनाशक विषादीको सुरक्षित भण्डारण र प्रयोग, विषादी छर्कने व्यवसाय सञ्चालन सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक पाठ्यक्रम निर्धारण गर्ने,

(ग) विषादी व्यवस्थापनमा संलग्न निकायहरूलाई आवश्यक निर्देशन दिने,

(घ) जीवनाशक विषादी सम्बन्धी आचारसंहिता तथा

मापदण्डहरू तर्जुमा गर्न मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(ङ) रासायनिक विषादीको प्रयोगमुक्त क्षेत्रको घोषणा गर्ने साथै घोषणा गरिएको स्थानमा रासायनिक विषादीको प्रयोग गर्नुपर्ने परिस्थिति सिर्जना भएमा सोको लागि केन्द्रको सिफारिसमा स्वीकृत गर्ने,

(च) प्रदेशमा जीवनाशक विषादीको बिक्री वितरण, उपभोग, भण्डारण, ओसारपसार सम्बन्धी कार्यको अनुगमन गर्ने,

(छ) जफत गरिएका विषादीको तोकिए बमोजिम भण्डारण व्यवस्थापन गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) समितिले केन्द्र प्रमुखलाई वा आवश्यकता परेको खण्डमा उपसमिति गठन गरी आफ्नो काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **केन्द्र रहने**: (१) जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्न प्रदेशको कृषि विकास निर्देशनालयको मातहतमा प्रदेश सरकारले एक विषादी नियमन तथा व्यवस्थापन केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको केन्द्र स्थापना नभए सम्मका लागि प्रदेशको बाली संरक्षण प्रयोगशालाले विषादी व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्नेछ ।

(३) केन्द्रका लागि आवश्यक जनशक्ति तथा पूर्वाधार प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

११. **केन्द्रको काम, कर्तव्य र अधिकार**: केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सचिवालयको रुपमा रही कार्य गर्ने,

(ख) इजाजतपत्र सम्बन्धी प्रक्रिया र कार्यविधि/मापदण्डहरू निर्धारणको लागि समितिमा सिफारिस गर्ने,

(ग) विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजतपत्र दिने, नवीकरण गर्ने र सो कार्यको अनुगमन गर्ने,

(घ) इजाजतपत्र खारेजीको लागि उपयुक्त प्राविधिक आधार सहित समितिमा सिफारिस गर्ने,

(ङ) प्रदेशभित्र बिक्री वितरण हुने पञ्जीकृत विषादीको त्रैमासिक विवरण अद्यावधिक गर्ने,

(च) विषादीजन्य दुर्घटना तथा विषादी दुरुपयोगको कारणबाट हुने क्षतिको अभिलेख तयार गरी वार्षिक रुपमा मन्त्रालयमा पेस गर्ने,

(छ) जीवनाशक विषादी सम्बन्धी आचारसंहिता तथा मापदण्डहरू कार्यान्वयन गर्ने,

(ज) विषादीको नमुना सङ्कलन तथा परीक्षण तोकिए बमोजिम गर्ने,

(झ) विषादी व्यवस्थापनसँग सम्बन्धित आवश्यक विवरणहरू अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने,

(ञ) रासायनिक विषादी प्रयोगमुक्त क्षेत्र घोषणाको लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने गराउने,

(ट) निरीक्षकको कामको अनुगमन, निर्देशन तथा पृष्ठपोषण गर्ने,

(ठ) दफा १६ को खण्ड (ञ) बमोजिम निरीक्षकले जफत गरी सिफारिस गरेका विषादी समिति समक्ष पेस गर्ने,

(ड) केन्द्रले गरेका कार्यहरूको वार्षिक प्रतिवेदन समिति र सङ्घीय निकाय समक्ष पेस गर्ने,

(ढ) रासायनिक विषादी प्रयोगको न्यूनीकरणका लागि आवश्यक जनशक्तिको क्षमता विकास तथा पूर्वाधारहरू विकास गर्ने,

(ण) कृषि उपजको नमुना सङ्कलन तथा विषादीको

अवशेष परीक्षण, विश्लेषण र नियमन गर्न कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग समन्वय गर्ने,

(त) विशेष परिस्थितिहरू जस्तै बाली बिरुवाहरूमा शत्रु जीवहरूको क्षति न्यूनीकरण गर्न अन्य कुनै उपायहरूबाट सम्भव नभएमा समितिको सिफारिसमा केन्द्रले रासायनिक विषादीको प्रयोगका लागि इजाजतपत्र दिने,

(थ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

१२. **जीवनाशक विषादी प्रयोगः** (१) जीवनाशक विषादीको जथाभावी प्रयोग गर्न तथा त्यस्तो विषादीको अवशेष निर्धारण गरिएको हदभन्दा बढी मात्रा हुने गरी प्रयोग गर्न पाइने छैन ।

(२) मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादीको बिक्री, वितरण, भण्डारण वा प्रयोग गर्न पाइने छैन ।

(३) जीवनाशक विषादीको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले विषादी प्रयोग तथा विसर्जन गर्दा लगाइने सुरक्षित पहिरन बिक्रीको लागि राख्नु पर्नेछ ।

(४) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण वा बिक्री वितरण तथा ओसारपसार गर्दा तोकिए बमोजिमका आवश्यक सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ ।

(५) जुन उद्देश्यको लागि जीवनाशक विषादीको पञ्जीकरण गरिएको हो सोही प्रयोजनको लागि मात्र जीवनाशक विषादीको प्रयोग गर्नु पर्नेछ ।

(६) दफा (४) को उपदफा (१०) बमोजिमको निर्धारित क्षेत्रमा रासायनिक विषादीको भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न पाइने छैन ।

(७) जीवनाशक विषादीको प्रयोग पश्चात प्याकेट, खोल, बट्टा आदि तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(८) मौरीपालन व्यवसाय सञ्चालन भएको स्थान वरिपरि

जीवनाशक विषादी प्रयोग गर्दा प्रयोगकर्ताले अनिवार्य रुपमा रासायनिक विषादी प्रयोग गर्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै मौरीपालक कृषकलाई जानकारी गराउनु पर्नेछ।

(९) जीवनाशक विषादी प्रयोगकर्ताले विषादी प्रयोग पश्चात उक्त स्थानमा प्रयोग भएको विषादीको विवरण खुलाई सचेतना सम्बन्धी सङ्केत टाँस गर्नु पर्नेछ।

(१०) जीवनाशक विषादी प्रयोगकर्ताले विषादी प्रयोग पश्चात उक्त विषादीको पर्खने अवधि भन्दा अगावै कृषि उपज टिपाई तथा बिक्री वितरण गर्न पाइने छैन।

(११) गर्भवति महिला, बालबालिका तथा मादकपदार्थ सेवन गरेका व्यक्तिहरूलाई जीवनाशक विषादीको बिक्री वितरण तथा प्रयोगमा संलग्न गराउन पाइने छैन।

(१२) पशुपन्छीमा बाहिरी परजीवी नियन्त्रण गर्न तयार गरिएको वा कुनै बालीमा छर्कन तयार गरिएको विषादीको घोल प्रयोग गरी बाँकी रहने भएमा त्यस्तो घोल तोकिए बमोजिम विसर्जन गर्नु पर्नेछ।

(१३) जीवनाशक विषादीको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **घरायसी प्रयोगमा आउने विषादीको बिक्री वितरण र प्रयोग सम्बन्धी व्यवस्थाः** कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश भित्र घरायसी प्रयोगमा आउने विषादीहरू जस्तैः लामखुट्टे, साङ्ला, घरमा लाग्ने झिंगा लगायतका जीवहरू नियन्त्रण गर्ने विषादीहरूको बिक्री वितरण गर्दा तोकिएको मापदण्ड पूरा गरी गर्नु पर्नेछ।

१४. **जीवनाशक विषादीको भण्डारण र बिक्री वितरण सम्बन्धी व्यवस्थाः** (१) रासायनिक विषादीको भण्डारण सार्वजनिक स्थलमा गर्न पाइने छैन।

(२) जीवनाशक विषादी भण्डारण कक्ष पक्की ढलान गरेको, सूर्यको किरण प्रत्यक्ष नपर्ने, हावा खेल्ने र तालाबन्दी गर्न सकिने हुनु पर्नेछ।

(३) जीवनाशक विषादी भण्डारण कक्षमा विषादी पोखिदा वा चुहिँदा व्यवस्थापन गर्ने तोकिएको सुरक्षित पहिरन, औजार तथा सामग्री हुनु पर्नेछ।

(४) जीवनाशक विषादी, खाद्य पदार्थ, दाना, लत्ताकपडा, औषधी लगायतका वस्तुहरूको भण्डारण एकै कक्षमा गर्न पाइने छैन ।

(५) इजाजतपत्र प्राप्त व्यक्तिले भण्डारणमा राखिएको जीवनाशक विषादीको विवरण नियमित अद्यावधिक गरी निरीक्षक र केन्द्रले माग गरेमा तोकिएको ढाँचामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

(६) जीवनाशक विषादीको भण्डारण र बिक्री कक्षमा बस्दा वा पस्दा तोकिएको सुरक्षात्मक उपायहरू अवलम्बन गर्नु पर्नेछ ।

(७) जीवनाशक विषादीको भण्डारण र बिक्री कक्षमा खाद्यपदार्थको भण्डारण र उपभोग गर्न पाइने छैन ।

(८) जीवनाशक विषादीको खतराको स्तर र सविन्यासको आधारमा भिन्दाभिन्दै सुरक्षित तवरले भण्डारण गर्नु पर्नेछ ।

(९) रासायनिक विषादी बिक्री गर्दा बिक्री पूर्व केन्द्रले तोकेको ढाँचामा विषादी खरिदकर्ता र प्रयोग गर्नुपर्ने बाली, बालीमा देखिएको समस्या र सो को सही पहिचान र क्षेत्रफल सम्बन्धी विवरण लिई सो को आधारमा आवश्यक पर्ने विषादीको परिमाण मिल्दो वा सो भन्दा नजिकको माथिल्लो परिमाणमा प्याकेजिङ गरिएको विषादी बिक्री गरी सो को लगत राख्नु पर्नेछ ।

१५. **निरीक्षक नियुक्ति गर्न सक्ने**: (१) मन्त्रालयले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेको प्रदेश कृषि सेवा बाली संरक्षण समूहमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई समितिले निर्धारण गरेको पाठ्यक्रम बमोजिमको तालिममा सहभागी भए पश्चात जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि निरीक्षक नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जीवनाशक विषादी निरीक्षक नियुक्त भएमा मन्त्रालयले नेपाल सरकारको कृषि विषय हेर्ने मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

१६. **निरीक्षकको काम, कर्तव्य र अधिकार**: यस ऐन र प्रचलित कानूनमा व्यवस्था गरिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको काम,

कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको निर्धारित मापदण्ड बमोजिम भण्डारण, बिक्री वितरण, व्यावसायिक प्रयोग गरे नगरेको आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी केन्द्र समक्ष प्रतिवेदन पेस गर्ने,

(ख) जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको निरीक्षण गरी आवश्यक कारबाही गर्ने,

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको पालना भए नभएको विषयमा अनुगमन गरी केन्द्रमा सिफारिस गर्ने,

(घ) जीवनाशक विषादीको संश्लेषण, उत्पादन, भण्डारण, निकासी, पैठारी, ओसारपसार, व्यावसायिक प्रयोग, प्याकेजिङ तथा विसर्जन लगायतका काम हुने स्थानमा प्रवेश गरी आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी केन्द्रमा प्रतिवेदन पेस गर्ने,

(ङ) अनुगमनको क्रममा मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादी भेटिएमा त्यस्तो विषादीको बिक्री वितरण रोक्का राख्ने वा वितरण कक्षमा सिलबन्दी गर्ने,

(च) कुनै व्यक्ति, संस्था वा निकायमा रहेका जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको अध्ययन तथा विश्लेषण गर्ने,

(छ) तोकिए बमोजिमको प्रक्रिया अपनाई जीवनाशक विषादी तथा बालीको नमुना सङ्कलन र विश्लेषण गर्ने, गराउने,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना

भए नभएको विषयमा अनुगमन गर्ने र उल्लङ्घन भएमा वा भएको आशंका भएमा सोको अनुसन्धान गर्ने गराउने र सो सम्बन्धी प्रतिवेदन केन्द्र समक्ष पेस गर्ने,

(झ) खण्ड (ज) बमोजिम अनुसन्धान गर्दा प्रचलित कानूनको उल्लङ्घन भएको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएको उपकरण, विषादी, अभिलेख, कागजपत्र वा अन्य सम्बन्धित सामग्री जफत गरी सम्बन्धित उल्लङ्घनकर्तालाई जफतको भरपाई दिने,

(ञ) खण्ड (झ) बमोजिम जफत गरिएका जीवनाशक विषादीको सुरक्षित तवरले भण्डारणको व्यवस्था मिलाउने,

(ट) प्रचलित कानून एवं तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

१७. **भण्डारण सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा सुरक्षित भण्डारण गृह निर्माण नहुन्जेल यो ऐन उल्लङ्घनकर्ता स्वयम्ले दफा १६ को खण्ड (ञ) बमोजिम जफत गरिएका जीवनाशक विषादी वर्गीकरण अनुसार सिलबन्दी गरी सुरक्षित स्थानमा राख्नु पर्नेछ र समितिले माग गरेका बखत बुझाउनु पर्नेछ।

(२) भण्डारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेः** रासायनिक विषादीको प्रयोगबाट मानव, पशुपन्छी, बिरुवा, तथा वातावरणीय स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी घरेलु तथा जैविक विषादीको प्रयोग तथा प्रवर्द्धनात्मक विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१९. **महामारी रोग तथा किरा व्यवस्थापनः** (१) विभिन्न बालीहरूमा लाग्ने रोग र किराहरू जसले छोटो समयमा धेरै क्षेत्रमा फैलिई बाली, वस्तु र उत्पादनलाई नोक्सान गरी क्षति पुऱ्याउने महामारी रोग तथा किराको क्षति न्यूनीकरण गर्न मन्त्रालयले रोग तथा किराको महामारी व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(२) बालीमा लाग्ने रोग तथा किराको महामारी नियन्त्रण गर्न सम्बन्धित स्थानीय तहले रोग तथा किराको महामारी नियन्त्रण समिति गठन गर्न सक्नेछ।

२०. **कसूरः** कसैले देहाय बमोजिमका कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ४ बमोजिम इजाजतपत्र नलिई पञ्जीकरण वा पुनःपञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय विषादी सम्बन्धी कारोवार गरेमा,

(ख) दफा ४ विपरीत रासायनिक विषादी प्रयोग मुक्त क्षेत्र घोषणा गरेका स्थानमा रासायनिक विषादीको भण्डारण, बिक्री वितरण र व्यावसायिक प्रयोग गरेमा,

(ग) दफा ५ मा तोकिएको योग्यता सम्बन्धी कागजात झुट्ठा पेस गरेमा,

(घ) दफा ६ को उपदफा (५) को विपरीत कार्य गरेमा,

(ङ) दफा १२ को उपदफा ९ वमोजिमको राख्नुपर्ने विवरण नराखेमा,

(च) दफा १२ विपरीत जीवनाशक विषादीको अवशेष निर्धारण गरिएको हदभन्दा बढी मात्रा हुने गरी खाद्यवस्तु उत्पादन तथा बिक्री वितरण गरेमा वा मिसावट गरिएको विषादी बिक्री वितरण गरेमा,

(छ) दफा १२ विपरीत विषादीको जथाभावी प्रयोग वा मिसावटयुक्त विषादीको प्रयोग गरेमा,

(ज) दफा १२ विपरीत रासायनिक विषादी प्रयोग गर्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै मौरीपालक कृषकलाई जानकारी नगरेमा,

(झ) जैविक विषादीको मात्र कारोबार गर्ने इजाजत लिई अन्य विषादीको कारोवार गरेमा,

(ञ) मापदण्ड पूरा नभएको वा नक्कली विषादीको प्रयोग वा कारोबार गरेमा,

(ट) विषादी व्यवस्थापनमा तथा विषादी निरीक्षकलाई निरीक्षणको कार्यमा अवरोध पुऱ्याएमा,

(ठ) वातावरणीय प्रदूषण हुने गरी विषादीको प्रयोग गरेमा,

(ड) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा आचार संहिता विपरीत हुने गरी अन्य कसूर गरेमा ।

२१. **दण्ड जरिबाना**: दफा २० बमोजिमको कुनै कसूर गरेमा देहाय बमोजिम दण्ड जरिबाना हुनेछः-

(क) खण्ड (क) बमोजिमको कुनै कसूर गरेमा पचास हजार रुपैया देखि एक लाख रुपैयाँसम्म जरिबाना वा तीन महिना कैद वा दुबै सजाय,

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा बिस हजार देखि तीस हजार रुपैयाँसम्म जरिबाना वा दुई महिना कैद वा दुबै सजाय,

(ग) खण्ड (ग) बमोजिमको कसूर गरेमा दश हजार देखि बिस हजार रुपैयाँसम्म जरिबाना एक महिना कैद वा दुबै सजाय,

(घ) खण्ड (घ) बमोजिमको कसूर गरेमा दश हजार देखि बिस हजार रुपैयाँसम्म जरिबाना वा एक महिना कैद वा दुबै सजाय,

(ङ) खण्ड "ङ" बमोजिमको कसूर गरेमा पाँच हजार देखि बिस हजार रुपैंयाँ सम्मको जरिबाना,

(च) खण्ड (च) बमोजिमको कसूर गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना वा तीन महिना कैद वा दुबै सजाय,

(छ) खण्ड (छ) बमोजिमको कुनै कसूर गरेमा पाँच हजार

देखि बिसहजार रुपैयाँसम्म जरिबाना,

(ज) खण्ड (ज) बमोजिमको कुनै कसूर गरेमा पाँच हजार देखि दश हजार रुपैयाँसम्म जरिबाना,

(झ) खण्ड (झ) बमोजिमको कसूर गरेमा यसै दफाको खण्ड (क) बमोजिमको सजाय,

(ञ) खण्ड (ञ), (ट), (ठ) र (ड) बमोजिमको कुनै कसूर गरेमा पाँच हजार देखि बिसहजार रुपैयाँसम्म जरिबाना वा एक महिना कैद वा दुबै सजाय ।

२२. **निरीक्षकले तत्काल सजाय गर्न सक्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसूर पहिलो पटक गर्नेलाई पाँच हजार रुपैयाँ, दोस्रो पटक गर्नेलाई दश हजार रुपैयाँ, तेस्रो वा सो भन्दा बढी पटक गर्नेलाई बिस हजार रुपैयाँको जरिबाना निरीक्षकले तत्काल गर्न सक्नेछः-

(क) रासायनिक विषादीको भण्डारण सार्वजनिक स्थलमा गरेमा, जीवनाशक विषादी भण्डारण कक्ष पक्की ढलान गरेको, सूर्यको किरण प्रत्यक्ष नपर्ने, हावा खेल्ने र तालाबन्दी गर्न सकिने नभएमा,

(ख) जीवनाशक विषादी, खाद्य पदार्थ, दाना, लुगाफाटा, औषधी लगायतका वस्तुहरूको भण्डारण एकै कक्षमा राखेमा,

(ग) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण वा बिक्री वितरण तथा ओसारपसार गर्दा तोकिए बमोजिमका आवश्यक सुरक्षात्मक उपाय नअपनाएमा,

(घ) जीवनाशक विषादीको भण्डारण र बिक्री कक्षमा बस्दा वा पस्दा तोकिएको सुरक्षात्मक उपायाहरू अवलम्बन नगरेमा,

(ङ) जीवनाशक विषादीको भण्डारण र बिक्री कक्षमा खाद्यपदार्थको भण्डारण र उपभोग गर्ने गरेमा,

(च) जीवनाशक विषादीको खतराको स्तर र सविन्यासको

आधारमा भिन्दा भिन्दै सुरक्षित तवरले भण्डारण नगरेमा।

(२) उपदफा (१) बमोजिमको जरिबाना रकम निरीक्षकले प्रदेश सञ्चित कोषमा दाखिला गर्न लगाई अभिलेख राख्नु पर्नेछ।

(३) दफा २० बमोजिमका कसूरमा दण्ड जरिबानाका लागि प्रतिवेदन सहित सङ्घीय ऐनले तोकेको निकायमा कारबाहीका लागि सिफारिस गरी पठाउने।

२३. **मुद्दाको अनुसन्धान र दायरीः** (१) यस ऐन बमोजिमको मुद्दाको अनुसन्धान तथा तहकिकात दफा १५ बमोजिमको निरीक्षकले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान तथा तहकिकातको कार्य समाप्त भएपछि निरीक्षकले केन्द्र प्रमुख समक्ष आवश्यक कारबाहीको लागि पेस गर्नेछ।

(३) मुद्दाको अनुसन्धान र दायरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **पुनरावेदन गर्न सक्नेः** यस ऐन बमोजिम कसूर सम्बन्धी मुद्दामा केन्द्र प्रमुखले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

२५. **अनुसन्धानको लागि लेखी पठाउनेः** सङ्घीय कानून बमोजिमको कसूर गरेको पाइएमा निरीक्षक वा केन्द्र वा समिति वा मन्त्रालयले त्यस्तो कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

२६. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) जीवनाशक विषादी बिक्री वितरण तथा भण्डारणको प्रयोग वा विसर्जन गर्ने क्रममा कुनै दुर्घटना भएमा सम्बन्धित इजाजतपत्रवालाले पीडितलाई तोकिए बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारणको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति हुनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको कार्यालयबाट अधिकृतस्तरको प्रतिनिधि एक जना -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना -सदस्य

(घ) जिल्ला उद्योग वाणिज्य सङ्घको प्रतिनिधि एक जना -सदस्य

(ङ) सम्बन्धित जिल्ला हेर्ने उपभोक्ता मञ्चको अध्यक्ष/प्रतिनिधि -सदस्य

(च) भेटेरेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट अधिकृतस्तर एक जना -सदस्य

(छ) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सम्बन्धित स्थानको प्रतिनिधि एक जना -सदस्य

(ज) सम्बन्धित जिल्लाको विषादी व्यवसायीको तर्फबाट एक जना -सदस्य

(झ) सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रको प्रमुख -सदस्य सचिव

तर, दफा २० बमोजिमको कसूर गरेको मानिने कार्य गरेको कारणबाट कुनै प्रकारको क्षति पुग्न गएको अवस्थामा क्षतिपूर्ति दिइने छैन।

२७. <u>**अनुगमन सम्बन्धी व्यवस्थाः**</u> (१) जीवनाशक विषादी सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन गर्ने जिम्मेवारी केन्द्रको हुनेछ।

(२) समिति, मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले समेत आवश्यकता अनुसार जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमन प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा त्रैमासिक रुपमा मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

२८. **सहयोग गर्नुपर्ने**ः जीवनाशक विषादीको निरीक्षणमा आउने कर्मचारी वा पदाधिकारी वा निरीक्षकको परिचयपत्र लिई आउने कर्मचारीलाई सम्बन्धित व्यक्ति, संस्था तथा निकायले निरीक्षण तथा अन्य विषादी व्यवस्थापन कार्यमा सहयोग गर्नु पर्नेछ।

२९. **प्रचलित कानून बमोजिम हुने**ः जीवनाशक विषादी नियमन तथा व्यवस्थापन सम्बन्धी अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

३०. **बचाउ**ः यो ऐन लागु हुनु भन्दा पहिले प्रचलित कानून बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

३१. **नियम बनाउने अधिकार**ः (१) यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

**अनुसूची–१**

दफा ४ को उपदफा (८) सँग सम्बन्धित

**इजाजतपत्र प्राप्ति, नवीकरण तथा जरिबाना शुल्क सम्बन्धी व्यवस्था**

| क्र.सं. | विवरण | इजाजतपत्र शुल्क | नवीकरण शुल्क | | जरिबाना शुल्क( प्रत्येक दिनको) |
|---|---|---|---|---|---|
| | | | नवीकरण शुल्क | नवीकरण विलम्ब शुल्क | |
| क. | जीवनाशक विषादीको बिक्री वितरणको लागि | रु.२००० ।- | रु.१०००।- | रु.२०००।- | रु. १०० ।- |
| ख. | जीवनाशक विषादीको व्यावसायिक /छर्कने व्यवसायीको लागि | रु. ३०००।- | रु.२०००।- | रु.५०००।- | रु.२०० ।- |
| ग. | जैविक विषादीको मात्र कारोबार गर्ने व्यवसायीको लागि | निशुल्क | रु. ५००।- | रु.१०००।- | रु. ५० ।- |

# गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

<u>२०८२।०६।२१</u>

<u>सम्वत् २०८२ सालको ऐन नं. ०९</u>

**<u>गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** गण्डकी प्रदेशमा स्थानीय कच्चा पदार्थबाट परम्परागत घरेलु मदिराको व्यवस्थित उत्पादन, व्यवस्थापन, नियमन तथा बजारीकरण मार्फत स्वदेशी उत्पादनलाई अभिवृद्धि गरी मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन र साँस्कृतिक रितिरिवाजको जगेर्ना गर्दै स्थानीय जनता र समग्र प्रदेशको आर्थिक वृद्धिको लागि स्थानीय रूपमा मदिराको गुणस्तरीय उत्पादन र बिक्री वितरण समेतमा नियमनका साथै विषाक्त रहित घरेलु मदिराको प्रयोगलाई सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले दफा ४ बमोजिम घरेलु मदिराको उत्पादन मात्र गर्ने व्यक्तिलाई दिइएको इजाजतपत्र सम्झनु पर्छ र सो शब्दले दफा ३० बमोजिम मर्चाको उत्पादन गरी बिक्री वितरण गर्न दिइएको इजाजत पत्र समेतलाई जनाउँछ।

(ख) "उत्पादक" भन्नाले परम्परागत घरेलु मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा यस ऐन बमोजिम

दर्ता भएको उद्योगलाई सम्झनु पर्छ र सो शब्दले घरेलु मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त व्यक्तिबाट सङ्कलन गरी गुणस्तरीय परीक्षण र आवश्यकता अनुसार थप प्रशोधन गर्दै बोटलिङ तथा प्याकेजिङ गरी आफ्नै ब्राण्डको नाममा बिक्री वितरण गर्ने उद्योग समेतलाई जनाउँछ।

(ग) "उत्पादन" भन्नाले घरेलु मदिरा तयार गर्नका लागि आवश्यक कच्चा पदार्थ पकाउने, फर्मेन्टेसन गर्ने, तताउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउनेगरी कुनै कुराको समिश्रण गर्ने वा घरेलु मदिरा तयार गर्नको लागि अपनाइने सबै विधि वा कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो मदिराको प्रशोधन समेतलाई जनाउँछ।

(घ) "उद्योग" भन्नाले यस ऐन बमोजिम घरेलु मदिरा उत्पादन, सङ्कलन, प्रशोधन, गुणस्तर परीक्षण, प्याकेजिङ, लेबलिङ तथा ब्राण्डिङ गर्न दर्ता भएको माइक्रोब्रुअरी उद्योग सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयलाई सम्झनु पर्छ।

(च) "घरेलु मदिरा" भन्नाले अन्न, फलफूल वा जडीबुटीमा मर्चा मिसाएर निश्चित समयसम्म फर्मेन्टेसन गराई स्थानीय वा नवीनतम प्रविधिको प्रयोग गरी तयार पारिएको अल्कोहलजन्य पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, ताडी, वाईन, महुवा, तोङ्वा, छ्याङ समेतलाई जनाउँछ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ज) “प्याकेजिङ” भन्नाले घरेलु मदिरालाई बोतल, कन्टेनर, क्यान, कार्टुन, बाकस वा कुनै भाँडोमा राखेर छोप्ने वा बिर्को बन्द गर्ने कार्य सम्झनु पर्छ।

(झ) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ञ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकारको उद्योग तथा वाणिज्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) “मर्चा” भन्नाले विभिन्न जडीबुटीमा प्राकृतिक रुपमा अवस्थित यिस्ट (Yeast), मोल्ड (Mold) र जीवाणु (Bacteria) को उपयुक्त समिश्रणलाई स्टार्चयुक्त अन्नबाली (कोदो, चामल, गहुँ, जौ, उवा वा अन्य अन्न) को पिठोमा मोलेर आवश्यक विधि र प्रक्रिया पूरा गरी बनाएको घरेलु मदिरा उत्पादनमा प्रयोग हुने वस्तु सम्झनु पर्छ।

(ठ) “लेबलिङ” भन्नाले दफा २४ बमोजिम घरेलु मदिराको प्याकेजिङमा उल्लिखित विवरण वा सङ्केतलाई सम्झनु पर्छ र सो शब्दले दफा ३१ बमोजिम मर्चाको प्याकेजिङमा उल्लिखित विवरण वा सङ्केत समेतलाई जनाउँछ।

(ड) “वास” भन्नाले दफा ९ मा उल्लिखित अन्न वा फलफूल पानी र मर्चासँग मिसाई घरेलु मदिरा उत्पादन गर्न योग्य बनेको वस्तुलाई सम्झनु पर्छ।

(ढ) “सङ्कलन” भन्नाले इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिरा प्रशोधन, बोटलिङ, प्याकेजिङ, ब्राण्डिङ तथा लेबलिङ गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि सङ्कलन तथा भण्डारण गर्ने कार्य सम्झनु पर्छ।

परिच्छेद-२

## घरेलु मदिराको उत्पादन तथा बिक्री वितरणको दर्ता तथा इजाजत सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र लिनु पर्ने वा उद्योग दर्ता गर्नु पर्ने**: (१) यस ऐन बमोजिम कुनै पनि व्यक्तिले इजाजतपत्र नलिई घरेलु मदिराको उत्पादन गर्न वा कुनै व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको व्यवसायिक उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्कृति, परम्परा, रितिरिवाज, घरायसी प्रयोजन तथा निजी उपयोगको लागि वार्षिक साठी लिटरसम्म घरेलु मदिरा र साठी लिटर सम्म जाँड उत्पादन गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

४. **उद्योग दर्ता वा इजाजतपत्रको लागि निवेदन दिनु पर्ने**: (१) घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता वा इजाजतपत्र लिनको लागि देहायका विवरण तथा कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछः

(क) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ख) कम्तीमा अठार वर्ष पूरा भएको व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) घरेलु मदिराको उत्पादन, सङ्कलन वा बिक्री वितरणको लागि प्रयोग गरिने स्थान तथा आवश्यक पर्ने भाँडा तथा मेसिनरी सम्बन्धी विवरण,

(घ) घरेलु मदिरा उत्पादनको लागि चाहिने अन्न तथा फलफूल जस्ता कच्चा पदार्थको आपूर्ति गर्ने क्षेत्र र तत् सम्बन्धी व्यवस्था,

(ङ) उद्योग स्थापनाका लागि उद्योग रहने स्थानको साँध संधियारहरूको मञ्जुरीनामा सहितको स्थानीय

सर्जमिन मुचुल्का,

(च) इजाजतपत्रको लागि घरेलु मदिराको उत्पादन सम्बन्धी कार्ययोजना,

(छ) उद्योगको परियोजना प्रस्ताव ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा कार्यालयले तोकिएबमोजिमको ढाँचामा इजाजतपत्र वा उद्योगको दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिन वा उद्योग दर्ता गर्न नमिल्ने देखिएमा सोको कारण र आधार खुलाई सात दिनभित्र निर्णय गरी सम्बन्धित निवेदकलाई त्यस्तो निर्णयको लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्र वा दर्ता प्रमाण पत्र दिँदा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अतिरिक्त इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले पालना गर्नु पर्ने सर्त समेत निर्धारण गरी दिनु पर्नेछ ।

(५) घरेलु मदिराको इजाजतपत्र तथा उद्योगको दर्ता दस्तुर र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **सहकारीले घरेलु मदिरा उत्पादन सम्बन्धी उद्योग दर्ता गर्न सक्ने**: (१) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उत्पादनमूलक कृषि सहकारीले घरेलु मदिरा उत्पादन सम्बन्धी उद्योग दर्ता गर्न चाहेमा दफा ४ बमोजिम उद्योग दर्ता गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम उद्योग दर्ता गर्न चाहने सहकारी संस्थाले दफा ४ को उपदफा (१) मा उल्लिखित कागजात सहित देहाय बमोजिका कागजात संलग्न गरी कार्यालय समक्ष निवेदन दिनु पर्नेछः

(क) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्बन्धमा साधारण सभाबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र,

(घ) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, र

(ङ) शेयर सदस्यहरूको शेयर लगत सहितको विवरण।

६. **दर्ता प्रमाणपत्र तथा इजाजतपत्रको अवधि र नवीकरणः** (१) दफा ४ वा ५ बमोजिम इजाजतपत्र वा उद्योग दर्ता प्रमाणपत्रको अवधि सोही आर्थिक वर्षको असार मसान्तसम्मको लागि मात्र हुनेछ।

(२) इजाजतपत्र तथा दर्ता प्रमाणपत्र नवीकरणका लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदनका सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी उद्योग दर्ता वा इजाजत शुल्कको दश प्रतिशत रकम लिई दर्ता प्रमाणपत्र वा इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगर्ने उद्योगले देहाय बमोजिमको नवीकरण दस्तुरका अतिरिक्त थप जरिबाना तिरी नवीकरण गर्न सक्नेछः

(क) एकानब्बेऔँ दिन देखि सो आर्थिक वर्षको मसान्तसम्म नवीकरण दस्तुरका अतिरिक्त नवीकरण दस्तुरको शत प्रतिशत थप शुल्क,

(ख) खण्ड (क) बमोजिमको अवधि समाप्त भएपछि प्रत्येक आर्थिक वर्षको लागि खण्ड (क) बमोजिमको दस्तुरका अतिरिक्त दुई हजार पाँच सय रुपियाँ थप जरिबाना।

७. **दर्ता प्रमाणपत्र वा इजाजतपत्र खारेज गर्न सकिनेः** (१) कुनै कारणले घरेलु मदिरा उत्पादन गर्न वा उद्योग सञ्चालन गर्न नसक्ने भएमा त्यस्तो व्यक्तिले इजाजतपत्र वा उद्योगको दर्ता खारेजीका लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले त्यस्तो व्यक्ति वा उद्योगले आफूले बुझाउनु पर्ने कर लगायतको सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको अवस्थामा इजाजतपत्र वा उद्योग दर्ता खारेज गरिदिनु पर्नेछ।

(३) कार्यालयले देहायको अवस्थामा दफा ४ बमोजिम दिएको दर्ता प्रमाणपत्र वा इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) दर्ता प्रमाणपत्र वा इजाजतपत्र नवीकरण नगरेमा,

(ख) दर्ता प्रमाणपत्र वा इजाजतपत्रमा तोकिएका सर्त पालना नगरेमा,

(ग) उत्पादित घरेलु मदिराको गुणस्तर कायम नगरेमा,

(घ) अखाद्य र मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने वस्तुको प्रयोग गरी घरेलु मदिरा उत्पादन गरेमा,

(ङ) घरेलु मदिरा उत्पादनका लागि इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले त्यस्तो मदिराको उत्पादनको लागि स्थानीय रुपमा उत्पादन नभएको वा पैठारी गरेको कच्चा पदार्थको प्रयोग गरेमा,

(च) प्रचलित कानून बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाएमा,

(छ) अन्य प्रचलित कानून विपरीतका कार्य गरेमा।

(४) उपदफा (३) बमोजिम उद्योगको इजाजतपत्र वा दर्ता प्रमाणपत्र खारेज गर्नु अघि उपदफा (३) को खण्ड (घ) मा उल्लिखित अवस्थामा बाहेक उद्योगलाई मनासिब माफिकको कारण पेस गर्न कम्तीमा पन्ध्र दिनको समय दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम उद्योग खारेज भएमा त्यस्तो उद्योग सञ्चालन गरेको व्यक्तिले दुई वर्षसम्म पुनः सोही प्रकृतिको उद्योग दर्ता गर्न वा इजाजतपत्र लिन पाउने छैन।

८. **जानकारी दिनु पर्नेः** इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन सुरू गरेको मितिले तीन दिनभित्र कार्यालयलाई जानकारी दिनु पर्नेछ।

परिच्छेद-३

## घरेलु मदिराको उत्पादन, गुणस्तर नियन्त्रण, प्याकेजिङ र लेबलिङ सम्बन्धी व्यवस्था

९. **घरेलु मदिराको उत्पादनः** (१) यस ऐन बमोजिम इजाजतप्राप्त व्यक्ति वा दर्ता भएको उद्योगले घरेलु मदिरा उत्पादन गर्दा देहाय बमोजिमको अन्न वा फलफूलमा मर्चाको प्रयोग गरी उत्पादन गर्नु पर्नेछः

(क) कोदो, फापर, उवा, जौ, गहुँ र मकै मध्ये कुनै एक,

(ख) स्याउ, सुन्तला, खुर्पानी, मौवा, अम्बा, लिची, ऐसेलु, चुत्रो, डिम्बर लगायत अन्य फलफूल मध्ये कुनै एक,

(ग) जडीबुटी ।

(२) घरेलु मदिरा उत्पादन गर्दा उपदफा (१) को खण्ड (क) वा (ख) वा (ग) मा उल्लिखित खाद्य पदार्थ मध्ये कुनै एक खाद्य पदार्थको मात्र ब्राण्डिङ हुने गरी उत्पादन गर्नु पर्नेछ ।

तर घरेलु मदिराको गुणस्तरमा कुनै परिवर्तन नहुने गरी मदिराको स्वादमा मिठास दिन अन्य कुनै खाद्य पदार्थको न्यून परिमाणमा मिश्रण गर्न सकिनेछ र त्यस्तो खाद्य पदार्थको पूर्व जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

१०. **स्थानीय कच्चा पदार्थ प्रयोग गर्नु पर्नेः** (१) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन गर्नको लागि स्थानीय रुपमा उत्पादन भएका कच्चा पदार्थ प्रयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योग आफैँले खेती गर्ने वा जग्गा भाडामा लिई प्रचलित कानून बमोजिम कृषि फर्म सञ्चालन गर्न वा गण्डकी प्रदेश भित्रका व्यक्ति वा समुदायसँग सम्झौता गरी मदिरा बनाउनको लागि चाहिने अन्न वा फलफूल उत्पादनको लागि लगानी गर्न वा आपूर्ति सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(३) घरेलु मदिरा उत्पादनको लागि आवश्यक पर्ने अन्न वा फलफूल जस्ता कच्चा पदार्थ उपदफा (२) बमोजिम प्रदेशभित्रबाट उपलब्ध हुन नसक्ने भएमा कार्यालयको स्वीकृति लिई नेपालको अन्य क्षेत्रमा उब्जाईएको अन्न वा फलफूल खरिद गरी प्रयोग गर्न सकिनेछ ।

(४) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिरा उत्पादनको लागि आवश्यक पर्ने अन्न वा फलफूल जस्ता कच्चा पदार्थको आपूर्ति सम्बन्धमा अभिलेख अद्यावधिक राख्नु पर्नेछ।

(५) कार्यालय वा तोकिएको अधिकारीले उपदफा (४) बमोजिमको विवरण कुनै पनि समयमा जाँच गर्न तथा त्यस्तो विवरणको यकिन गर्नको लागि उब्जाईने स्थानको समेत स्थलगत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

११. **उत्पादनमा स्वच्छता र गुणस्तर कायम गर्नु पर्ने**: (१) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन, बोटलिङ तथा प्याकेजिङ गर्दा स्वच्छता र गुणस्तर कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि कम्तीमा पनि देहाय बमोजिमको व्यवस्था कायम गर्नु पर्नेछः

(क) वास बनाउनको लागि फरमेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानी, मर्चा जस्ता पदार्थ सफा, स्वच्छ र स्वस्थकर पदार्थको प्रयोग गर्ने,

(ख) घरेलु मदिरा राख्न तथा उत्पादन गर्न प्रयोग गरिने भाँडा तथा औजारहरू स्वच्छ तथा सफा हुनु पर्ने र काठ, माटो वा तामाको भाँडामात्र प्रयोग गर्नु पर्ने,

(ग) घरेलु मदिरा राख्ने तथा उत्पादन गर्ने स्थान स्वच्छ तथा सफा हुनु पर्ने,

(घ) घरेलु मदिराको उत्पादनमा कुनै पनि अखाद्य वस्तु मिसाउन नहुने,

(ङ) सरुवा वा सङ्क्रमित रोग लागेका व्यक्ति वा कामदारलाई त्यस्तो रोग निको नभएसम्मको लागि घरेलु मदिराको उत्पादन, प्रशोधन तथा प्याकेजिङको काममा नलगाउने, र

(च) तोकिए बमोजिमका अन्य व्यवस्थाको पालना गर्नु पर्ने।

१२.  **सङ्कलन, बोटलिङ, प्याकेजिङ तथा लेबलिङः** (१) उद्योगले इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिराको सङ्कलन गरी वा आफूले उत्पादन गरेको घरेलु मदिरा उपयुक्त तवरले बोटलिङ, प्याकेजिङ तथा लेबलिङ गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन गरिएको घरेलु मदिराको बोटलिङ, प्याकेजिङ तथा लेबलिङ गर्दा उद्योगले त्यस्तो मदिराको गुणस्तर, स्वाद र बासनामा एकरुपता ल्याउनको लागि आवश्यकता अनुसार थप शुद्धीकरण वा प्रशोधन गर्न सक्नेछ।

१३.  **सम्झौता गर्नु पर्नेः** (१) दफा १२ बमोजिम सङ्कलन, बोटलिङ, प्याकेजिङ तथा लेबलिङ गरी बिक्री गर्ने उद्योगले इजाजतपत्र प्राप्त व्यक्तिसँग घरेलु मदिरा सङ्कलन सम्बन्धमा सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका विषयहरू खुलाउनु पर्नेछः-

(क) उद्योगले वर्षभरीमा उत्पादकबाट खरिद गर्ने घरेलु मदिराको अनुमानित परिमाण,

(ख) घरेलु मदिराको सम्बन्धमा उत्पादकले प्रयोग गर्ने कच्चापदार्थ, मर्चा, उत्पादन र भण्डारणमा प्रयोग हुने सामानहरूमा एकरुपता र कायम गर्नुपर्ने गुणस्तर,

(ग) उत्पादकले घरेलु मदिरा उपलब्ध गराउने अनुमानित अवधि,

(घ) उत्पादकले घरेलु मदिरा उत्पादनको लागि प्रयोग हुने कच्चा पदार्थको आपूर्ति गरिने क्षेत्र वा स्थान र आपूर्तिकर्ता सम्बन्धी विवरण,

(ङ) घरेलु मदिरा खरिद, सङ्कलन तथा भुक्तानी सम्बन्धी अन्य आवश्यक विषयहरू।

१४.  **घरेलु मदिराको गुणस्तर कायम गर्नु पर्नेः** यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा दर्ता भएको उद्योगले दफा ९ बमोजिम उत्पादित घरेलु मदिराको परीक्षण गरी तोकिए बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ।

१५. **मात्रा वा गुणस्तर जाँच गर्न सक्ने**: (१) प्रदेश सरकारले तोकेको अधिकारीले जुनसुकै बखत घरेलु मदिरा र त्यसको चुहान (डिस्टिलेसन) मा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको जाँच गर्न सक्नेछ।

(२) उद्योगले आफूले सङ्कलन गर्ने घरेलु मदिरा उत्पादन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिराको स्वच्छता, गुणस्तर तथा अल्कोहलको मात्रा कुनै पनि बखत जाँच गर्न सक्नेछ।

(३) उत्पादकले घरेलु मदिरामा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशतभन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रूपबाट फरक पार्न पाइने छैन।

(४) यस दफा बमोजिम घरेलु मदिराको मात्रा वा गुणस्तर जाँच गर्न प्रदेश सरकारले प्रयोगशाला स्थापना गर्न वा प्रदेश भित्रकै कुनै प्रयोगशालामा गुणस्तर जाँच गर्ने गरी तोक्न सक्नेछ।

१६. **ब्राण्डिङ गर्ने**: (१) उद्योगले घरेलु मदिराको ब्राण्डिङको लागि उचित र उपयुक्त ब्राण्ड कायम गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम ब्राण्ड कायम गर्दा कुनै समूह वा स्थान विशेषको सामूहिक मार्क वा भौगोलिक पहिचान वा परम्परागत सीप वा ज्ञानको विषय भएमा त्यस्तो समूह वा व्यक्तिसँगको परामर्शमा ब्राण्डिङ गर्नु पर्नेछ।

(३) इजाजतपत्र प्राप्त व्यक्तिबाट घरेलु मदिराको उत्पादन तथा सङ्कलन गरी ब्राण्डिङ गर्दा उपदफा (२) को प्रयोजनको लागि त्यस्तो उद्योगले सम्बन्धित व्यक्ति वा समूहको सहमतिमा सामूहिक मार्क वा भौगोलिक पहिचान वा परम्परागत सीप वा ज्ञानको ब्राण्डिङ प्रयोग र त्यसको लाभको बाँडफाँट सम्बन्धमा सम्झौता गर्नु पर्नेछ।

(४) कुनै व्यक्तिको परम्परागत ज्ञानमा रहेको सूत्र वा फर्मूलाको प्रयोग गरी घरेलु मदिराको उत्पादन गर्ने भएमा उत्पादकले त्यस्तो सूत्र वा फर्मुलाको प्रयोग गर्ने र त्यसको लाभको बाँडफाँटको सम्बन्धमा सम्बन्धित व्यक्तिसँग सम्झौता गर्नु पर्नेछ।

१७. **उत्पादकको दायित्व**: यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा दर्ता

भएको उद्योगले घरेलु मदिराको उत्पादन वा प्याकेजिङ गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) त्यस्तो मदिरा तोकिएको गुणस्तर भएको सुनिश्चित गर्ने,

(ख) त्यस्तो मदिराको उत्पादन सङ्कलन, प्रशोधन तथा प्याकेजिङ गर्दा खाद्य स्वच्छता र व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने,

(ग) घरेलु मदिराको उत्पादन, प्रशोधन तथा प्याकेजिङ सम्बन्धी विवरण तयार गरी सुरक्षित रुपमा राख्ने,

(घ) पहिचान पद्धति (ट्रसियाविलिटी) कायम गर्ने ।

१८. **घरेलु मदिराको बोटलिङः** कसैले पनि प्लाष्टिकको बोतल वा पोका (पाउच) मा घरेलु मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु वा गराउनु हुँदैन ।

तर अनुमति लिएर तोकिए बमोजिमको गुणस्तर भएको प्लाष्टिक बोतलको प्रयोग गर्न सकिनेछ ।

१९. **उद्योगको जिम्मेवारी हुनेः** (१) यस ऐन बमोजिम घरेलु मदिराको उत्पादन, सङ्कलन, बोटलिङ तथा प्याकेजिङ गरेको घरेलु मदिराको गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी दायित्व सम्बन्धित उद्योगको हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि उद्योगले सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिको उत्पादन स्थलको निरीक्षण तथा अनुगमन गर्ने, उत्पादनको क्रममा कुनै सुधार गर्नु पर्ने भएमा सुधार गर्न निर्देशन दिने तथा गुणस्तर र खाद्य स्वच्छता सम्बन्धी मापदण्ड पूरा नगरेको घरेलु मदिरा त्यस्तो मापदण्ड पूरा नभएसम्म खरिद गर्न इन्कार गर्न सक्नेछ ।

२०. **अभिलेख राख्नु पर्नेः** उत्पादकले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, बोटलिङ, प्याकेजिङ तथा बिक्री वितरण सम्बन्धमा देहाय बमोजिमको विवरण तोकिए बमोजिमको ढाँचामा तयार गरी अद्यावधिक रुपमा अभिलेख राख्नु पर्नेछः-

(क) वास बनाउनको लागि फरमेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानीको मात्रा सम्बन्धी विवरण,

(ख) चुहान (डिस्टिलेसन) को लागि तयार भएको वास डिस्टिलेसन प्लान्टमा हाल्नु अगावै डिष्टिल गर्ने वासको परिमाण,

(ग) वासबाट चुहान भएको मदिराको परिमाण र त्यसको प्रतिशत वा मात्रा,

(घ) मदिरा बनाउन प्रयोग गरेको अन्न वा फलफूलको हिसाब राखी त्यसबाट के कति मदिरा उत्पादन भयो सोको विवरण तथा त्यस्तो अन्न वा फलफूल उत्पादन गरिएको क्षेत्र र उत्पादक वा आपूर्तिकर्ताको विवरण,

(ङ) उत्पादकले आफूले उत्पादन तथा सङ्कलन र बिक्री वितरण गरेको घरेलु मदिराको उत्पादन तथा सङ्कलन र बिक्रीको दैनिक हिसाब, र

(च) तोकिए बमोजिमका अन्य विवरण।

२१. **खोज तथा अनुसन्धान गर्न गराउन सक्ने**: (१) प्रदेश सरकार, स्थानीय तह, सङ्घ संस्था, उत्पादक वा अन्य कुनै व्यक्तिले घरेलु मदिराको गुणस्तरमा सुधार गर्न, परम्परागत ज्ञानलाई वैज्ञानिक रुपमा जानकारी दिन, घरेलु मदिराको उत्पादन, सङ्कलन तथा उपयोगका सम्बन्धमा सुधार तथा सुझाव दिन, उत्पादन प्रक्रियालाई वैज्ञानिक र आधुनिक बनाउन, घटक (इन्ग्रेडियन्ट) को छनौट र प्रयोगमा विविधता र स्तरीय बनाउन, स्वाद तथा बासनाको सम्बन्धमा सुधार गर्न तथा उत्पादनका उपकरण सम्बन्धमा सुधार गर्न समेतको लागि आवश्यक खोज तथा अनुसन्धान गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रदेश सरकार, स्थानीय तह, सङ्घ संस्था, उत्पादक वा अन्य कुनै व्यक्तिले अनुसन्धानशाला वा प्रचलित कानून बमोजिम प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछन्।

२२. **अनुगमन तथा निरीक्षण**: (१) घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन,

बोटलिङ, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण सम्बन्धमा यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने व्यवस्था पालना गरे नगरेको वा खाद्य स्वच्छता र गुणस्तर कायम गरे नगरेको विषयमा मन्त्रालय, निर्देशनालय, कार्यालय, सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारले तोकेको अधिकारीले समय समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा उत्पादकलाई सुधारको लागि कुनै निर्देशन दिन आवश्यक देखिएमा अवधि तोकी सुधार गर्नको लागि निर्देशन समेत दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित उत्पादकको कर्तव्य हुनेछ।

२३. **घरेलु मदिराको वर्गीकरणः** यस ऐन बमोजिम दर्ता भएको उद्योगले उत्पादनमा प्रयोग भएको अन्न, फलफूल वा जडीबुटी र अल्कोहलको मात्रा तथा गुणस्तरका आधारमा घरेलु मदिरालाई तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ।

२४. **घरेलु मदिराको प्याकेजिङ तथा लेबलिङः** (१) उद्योगले उत्पादन, सङ्कलन, प्रशोधन तथा बोटलिङ गरेको घरेलु मदिरालाई सुरक्षित रुपमा अन्तःशुल्क स्टिकर सहितको सिल प्याकेजिङ गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(२) घरेलु मदिराको प्याकेजिङ गर्दा निम्न विषय लेबलमा उल्लेख गर्नु पर्नेछः-

(क) घरेलु मदिराको नाम, उत्पादकको नाम र ठेगाना,

(ख) घरेलु मदिराको सम्मिश्रण भएमा सोको विवरण,

(ग) घरेलु मदिराको परिमाण (लिटरमा), बिक्री मूल्य, ब्याच नम्बर, बोतलको सिलसिलेवार नम्बर, उत्पादन मिति र त्यस्तो मदिरामा रहेको अल्कोहलको प्रतिशत र मात्रा,

(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने भएमा

त्यस्तो अवधि,

(ङ) निश्चित अवस्था र तरिकाले सेवन गर्दा स्वाद र गुणमा फरक पर्ने भएमा सो सम्बन्धी विवरण,

(च) त्यस्तो मदिराको परम्परागत उपयोगको बारेमा जानकारी दिन चाहेमा त्यस्तो जानकारी सम्बन्धी विवरण।

(३) उपदफा (१) बमोजिम लेबलमा लगाउने विवरण सर्वसाधारणले बुझ्ने गरी उद्योगले नेपाली र अंग्रेजी भाषामा लेख्नु पर्नेछ। नेपाली र अंग्रेजी भाषाका अतिरिक्त अन्य भाषामा पनि त्यस्तो विवरण लेख्न सकिनेछ।

परिच्छेद-४

**घरेलु मदिराको बिक्री वितरण र नियन्त्रण सम्बन्धी व्यवस्था**

२५. घरेलु मदिराको बिक्री वितरणः (१) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिरा उद्योगलाई मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(२) उद्योगले प्रचलित कानून बमोजिम मदिराको बिक्री वितरणको इजाजतपत्र प्राप्त फर्म बाहेक अरुलाई त्यस्तो मदिरा खुद्रा वा थोक कुनै पनि प्रकारले बिक्री वितरण गर्न पाउने छैन।

(३) विद्यालय, धार्मिक स्थल, सार्वजनिक स्थलमा घरेलु मदिराको उत्पादन, बिक्री वितरण तथा उपभोग गर्न पाइने छैन।

तर परम्परागत रुपमा मदिरा चढाँइदै आएका देवी देवताका मठ मन्दिरमा घरेलु मदिराको प्रयोग गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) कसैले पनि अठार वर्ष उमेर पूरा नभएको व्यक्तिलाई घरेलु मदिराको उत्पादन, बिक्री वितरण वा ओसारपसार तथा उपभोगमा प्रयोग गर्न पाइने छैन।

२६. **घरेलु मदिरा तथा अन्य वस्तुको खानतलासी, कब्जा वा जफतः** (१) कुनै व्यक्ति, उद्योग, फर्म वा संस्थाले यस ऐन विपरीत घरेलु मदिराको उत्पादन,

सङ्कलन, प्रशोधन, बोटलिङ, प्याकेजिङ तथा बिक्री वितरण वा निकासी पैठारी गरेमा सो कार्यसँग सम्बन्धित घरेलु मदिरा, कच्चा पदार्थ वा उपकरण कार्यालय वा तोकिएको अधिकारीले खानतलासी, कब्जा वा जफत गर्न सक्नेछ।

(२) कार्यालय वा तोकिएको अधिकारीले उपदफा (१) बमोजिम खानतलासी, कब्जा वा जफत गर्दा सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(३) कार्यालय वा तोकिएको अधिकारीले उपदफा (१) बमोजिम खानतलासी, कब्जा वा जफत गरेको घरेलु मदिरा, कच्चा पदार्थ तथा उपकरणको प्रतिवेदन सहितको जानकारी मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

## परिच्छेद - ५

## मर्चाको उत्पादन, इजाजत र गुणस्तर सम्बन्धी व्यवस्था

२७. **मर्चा बनाउन प्रयोग हुने कच्चा पदार्थ**: (१) मर्चा बनाउन प्रयोग हुने कच्चा पदार्थहरू स्वच्छ, सङ्क्रमणरहित र खाद्य प्रयोजनका लागि उपयुक्त हुनु पर्नेछ।

(२) मर्चामा प्रयोग हुने जीवाणु (माइक्रोअर्गानिज्म वा यिस्ट) प्रजातिहरू प्रदेश सरकारले तोकेको प्रयोगशालाबाट प्रमाणित भएको हुनु पर्नेछ।

(३) मर्चाको लागि कच्चा पदार्थको प्रयोग गर्नु अगाडि प्राथमिक प्रशोधन (क्लिनिङ, ड्राइङ आदि) अनिवार्य गर्नु पर्नेछ।

२८. **मर्चाको उत्पादन**: (१) दफा २७ बमोजिमको कच्चा पदार्थ प्रयोग गरी मर्चाको उत्पादन गर्दा देहाय बमोजिमका मापदण्डको पालना गर्नु पर्नेछः-

(क) सङ्क्रमणरहित वातावरणमा उत्पादन गर्नु पर्नेछ।
(ख) तापमान र आद्रता सन्तुलित अवस्थामा हुनु पर्नेछ।
(ग) असल उत्पादन अभ्यासको अवलम्बन गर्नु पर्नेछ।
(घ) तोकिए बमोजिमका अन्य मापदण्डको पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उत्पादन भएको मर्चाको गुणस्तर

प्रदेश सरकारले स्थापना गरेको वा प्रदेश सरकारले तोकेको प्रयोगशालाबाट अनिवार्य परीक्षण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परीक्षण गर्दा तोकिएको गुणस्तर नभएको मर्चा प्रयोग गर्न पाइने छैन।

२९. **परम्परागत रुपमा मर्चाको उत्पादन गर्न सकिने**: (१) परम्परागत रुपमा प्रमाणित ज्ञान, सीप, प्रविधि र सूत्रको आधारमा समेत मर्चाको उत्पादन गर्न सकिनेछ।

(२) मर्चामा प्रयोग गरिने जडीबुटीको पहिचान, संरक्षण, संवर्धन हुने गरी व्यवसायिक उत्पादन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उत्पादन गरिएको मर्चाको प्रयोग गर्नु अघि दफा २८ को उपदफा (२) बमोजिम परीक्षण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम परीक्षण गर्दा तोकिएको गुणस्तर भएको मर्चा मात्र घरेलु मदिराको उत्पादनमा प्रयोग गर्नु पर्नेछ।

३०. **मर्चाको उत्पादन गरी बिक्री वितरण गर्न इजाजत लिनुपर्ने**: (१) घरेलु मदिरामा प्रयोग हुने मर्चा उत्पादन गर्ने व्यक्ति, उद्योग, फर्म वा संस्थाले यस ऐन बमोजिम इजाजतपत्र लिएर मात्र बिक्री वितरण गर्नु पर्नेछ।

तर उत्पादकले आफैँ मर्चाको उत्पादन गरी घरेलु मदिरा उत्पादन गर्दा यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(२) मर्चाको उत्पादन तथा बिक्री वितरण सम्बन्धी इजाजत पत्रको लागि दिइने निवेदन, इजाजतपत्रको ढाँचा, इजाजत दस्तुर र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **मर्चाको प्याकेजिङ, लेबलिङ र भण्डारण**: (१) मर्चा उत्पादन भएपछि मर्चाको सुरक्षित प्याकेजिङ गरी लेबलिङमा देहाय बमोजिमका विवरणहरू अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछः-

(क) उत्पादनको नाम, उत्पादन मिति र म्याद समाप्त हुने मिति,

(ख) प्रयोग भएका कच्चा पदार्थको विवरण,

(ग) उत्पादकको नाम, ठेगाना र इजाजत नम्बर,

(घ) प्रयोगको मात्रा र विधि,

(ङ) तौल र मुल्य (एमआरपी), र

(च) भण्डारण सम्बन्धी जानकारी ।

(२) उपदफा (१) बमोजिम उत्पादित मर्चाको प्याकेजिङमा मर्चाको प्रयोग विधि र मात्रा विस्तृत रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

(३) मर्चा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र उत्पादित मर्चा चिसो, सुख्खा, अँध्यारो, स्वच्छ र सुरक्षित स्थानमा भण्डारण गर्नु पर्नेछ ।

(४) उत्पादित मर्चामा त्रुटि वा खराबी देखिएमा वा गुणस्तरको नभएमा वितरित मर्चालाई सङ्कलन गरी उद्योगले उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(५) मर्चाको उत्पादन, गुणस्तर र भण्डारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-६

## कसूर र सजाय सम्बन्धी व्यवस्था

३२. **कसूर**ः कसैले देहायको कार्य गरेमा घरेलु मदिराजन्य कसूर गरेको मानिनेछः-

(क) दर्ता प्रमाणपत्र वा इजाजतपत्र नलिई मर्चा तथा घरेलु मदिराको व्यवसायिक उत्पादन, सङ्कलन, प्रशोधन, बोटलिङ, प्याकेजिङ तथा बिक्री वितरण गरेमा,

(ख) प्रचलित कानून बमोजिम इजाजतपत्र नलिई मर्चा तथा घरेलु मदिराको निकासी पैठारी गरेमा,

(ग) निर्धारित गुणस्तर कायम नगरी मर्चा तथा घरेलु मदिराको उत्पादन गरेमा,

(घ) अखाद्य वस्तुको प्रयोग गरी मर्चा वा घरेलु मदिरा उत्पादन तथा बिक्री वितरण गरेमा,

(ङ) दर्ता तथा इजाजतपत्रमा तोकिएको सर्त पालना नगरी उत्पादन गरेमा,

(च) प्रचलित कानून बमोजिम तिर्नुपर्ने राजस्व नतिरेमा वा छली गरेमा,

(छ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीमा भएका व्यवस्था विपरीतको कार्य गरेमा।

३३. **सजाय तथा जरिबाना**: (१) दफा ३२ बमोजिमको कसूरमा कार्यालय वा तोकिएको अधिकारीले त्यस्तो व्यवसाय तुरुन्त बन्द गरी सिल लगाई देहाय बमोजिमको सजाय तथा जरिबाना गर्न सक्नेछः

(क) दफा ३२ को खण्ड (क) वा (ख) वा (छ) बमोजिमको कसूर गरेमा बिगो जफत गरी बिगो बमोजिम जरिबाना,

(ख) दफा ३२ को खण्ड (ग) वा (ङ) बमोजिमको कसूर गरेमा बिगो जफत गरी मर्चाको हकमा पाँच हजार रुपियाँ देखि पच्चिस हजार रुपियाँसम्म र घरेलु मदिराको हकमा दश हजार रुपियाँ देखि पचास हजार रुपियाँसम्म जरिबाना,

(ग) दफा ३२ को खण्ड (घ) बमोजिमको कसूर गरेमा बिगो जफत गरी मर्चाको हकमा पच्चिस हजार रुपियाँ देखि पचास हजार रुपियाँसम्म र घरेलु मदिराको हकमा पचास हजार रुपियाँ देखि एकलाख रुपियाँसम्म जरिबाना सहित प्रचलित कानून बमोजिमको सजाय,

(घ) दफा ३२ को खण्ड (च) बमोजिमको कसूर गरेमा तिर्नुपर्ने राजस्व बराबरको रकम र पाँच हजार रुपियाँ देखि पचास हजार रुपियाँ थप जरिबाना।

(२) उपदफा (१) बमोजिमको सजाय तथा जरिबाना उपर चित्त नबुझेमा उत्पादकले सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

३४. **दुःख दिने नियतले खानतलासी, कब्जा वा जफत गर्नेलाई सजायः** यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब आधार नभई अरूलाई दुःख दिने तथा क्षति पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति पुऱ्याउन लगाउने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

परिच्छेद-७

## विविध

३५. **वातावरण प्रदूषण गर्न नहुने**ः (१) उत्पादकले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, बोटलिङ, प्याकेजिङ तथा बिक्री वितरण गर्दा वातावरण प्रदूषण नहुने गरी गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम मर्चा तथा घरेलु मदिरा उत्पादन गर्ने उद्योगले प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सो समेत गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

३६. **वार्षिक विवरण उपलब्ध गराउनु पर्ने**ः उत्पादकले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, बोटलिङ, प्याकेजिङ तथा बिक्री वितरण सम्बन्धमा तोकिए बमोजिमका विवरण कार्यालयलाई प्रत्येक वर्ष उपलब्ध गराउनु पर्नेछ।

३७. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३८. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने**ः यस ऐन र ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

# गण्डकी प्रदेश खानी तथा खनिज पदार्थ अन्वेषण र व्यवस्थापन ऐन, २०८२

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०८।२१

सम्वत् २०८२ सालको ऐन नं. १३

**गण्डकी प्रदेशमा खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन गर्न बनेको ऐन**

**प्रस्तावनाः** विकास र वातावरण बिच सन्तुलन कायम गरी प्रदेशको आर्थिक विकासमा टेवा पुऱ्याउनका लागि प्रदेशभित्रका खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश खानी तथा खनिज पदार्थ अन्वेषण र व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिप्राप्त व्यक्ति" भन्नाले दफा ६ वा दफा ७ बमोजिम खनिज कार्यको लागि अनुमतिप्राप्त व्यक्ति वा कम्पनी सम्झनु पर्छ।

(ख) "अन्वेषण" भन्नाले खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर वा परिमाण आदि निर्धारण गर्न गरिने सबै प्रकारको खोज, जाँच पड्ताल एवम् सम्भाव्यता अध्ययन सम्बन्धी कार्य सम्झनु पर्छ।

(ग) "खनिज कार्य" भन्नाले खनिज पदार्थको अन्वेषण र व्यवस्थापन कार्य सम्झनु पर्छ।

(घ) "खनिज पदार्थ" भन्नाले जमिनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक (इनअर्गानिक) पदार्थ सम्झनु पर्छ।

(ङ) "खनिज क्षेत्र" भन्नाले दफा ६ बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "व्यवस्थापन कार्य" भन्नाले खनिज पदार्थको अन्वेषण र उत्खनन्, प्रशोधन, वितरण, वातावरणीय अध्ययन समेतको सम्पूर्ण प्रक्रिया अवलम्बन गरी योजनाबद्ध सुरक्षित र दिगो तरिकाले सञ्चालन गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद-२

## खानीको व्यवस्थापन तथा खनिज कार्य

३. **प्रदेश सरकारको सम्पत्ति हुने**: (१) प्रदेशभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमिनको सतह वा भुगर्भभित्र रहेको वा पाइएको खनिज पदार्थ प्रदेश सरकारको सम्पत्ति हुनेछ। उक्त खनिजको खनिज कार्य गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

(२) यस ऐनको अधीनमा रही मन्त्रालयले खनिज कार्य आफैँले गर्ने वा तोकिए बमोजिम योग्यता पुगेको व्यक्ति वा कम्पनीलाई अनुमति प्रदान गरी गराउन सक्नेछ।

४. **खानीको व्यवस्थापन गर्ने**: प्रदेशभित्रको खनिज पदार्थको खनिज कार्यको व्यवस्थापन यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ।

५. **खनिज पदार्थको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि खनिज पदार्थको प्रकृति एवम् महत्त्वको आधारमा खनिज पदार्थलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

(क) खनिज पदार्थको प्रकृतिको आधारमा वर्गीकरणः

(१) धातु खनिज, र

(२) अधातु खनिज ।

(ख) खनिज पदार्थको महत्त्वको आधारमा वर्गीकरणः

(१) अति महत्त्वपूर्ण खनिज,

(२) महत्त्वपूर्ण तथा बहुमूल्य खनिज, र

(३) सामान्य खनिज ।

(२) उपदफा (१) मा उल्लिखित वर्गहरू भित्र तोकिए बमोजिमका खनिज पदार्थ रहनेछन् ।

६. **अनुमति लिई खनिज कार्य गर्न सक्नेः** (१) कुनै पनि व्यक्ति वा कम्पनीले प्रदेश सरकारको अनुमति लिई गुणस्तर तथा परिमाण यकिन नभएको खनिज पदार्थको हकमा अन्वेषण गर्न र गुणस्तर तथा परिमाण यकिन भई सकेको खनिज पदार्थको हकमा व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिनको लागि तोकिए बमोजिमको योग्यता र आर्थिक तथा प्राविधिक क्षमता भएको व्यक्ति वा कम्पनीले तोकिए बमोजिमको प्रस्तावित योजना, विवरण र ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति वा कम्पनी आर्थिक तथा प्राविधिक क्षमता भएको र आवश्यक योग्यता भएको देखिएमा तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा खनिज पदार्थको अन्वेषण गर्न वा व्यवस्थापन कार्य गर्न आवश्यक सर्त तोकी अनुमति दिन सक्नेछ ।

(४) यस दफा बमोजिम खनिज कार्यको लागि अनुमति दिइने खनिज क्षेत्रको आकार तथा क्षेत्रफल तोकिए बमोजिम हुनेछ ।

(५) अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले तोकिए बमोजिमको

योग्यता पुगेका व्यक्ति वा कम्पनीलाई तोकिए बमोजिमको दस्तुर लिई मन्त्रालयले अनुमतिको नामसारी गरिदिन सक्नेछ।

(६) उपदफा (३) बमोजिम प्राप्त अनुमति कम्तीमा एक वर्ष अगावै नामसारी गर्न सकिने छैन।

७. **प्रतिस्पर्धाको आधारमा अनुमति दिन सक्ने**: (१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्थान र तोकेको खनिज पदार्थको खनिज कार्यका लागि मन्त्रालयले प्रतिस्पर्धा गराई अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धा गराउने प्रयोजनको लागि मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम प्रतिस्पर्धा गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **मन्त्रालयलाई जानकारी दिनुपर्ने**: (१) अन्वेषण कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा कम्पनीले अन्वेषण कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी पन्ध्र दिन भित्र मन्त्रालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पत्ता लागेको खनिज पदार्थको दफा ६ बमोजिम छुट्टै अनुमति नलिई त्यस्तो व्यक्ति वा कम्पनीलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्ने अधिकार हुने छैन।

९. **प्राथमिकता दिइने**: दफा ६ वा दफा ७ बमोजिम अन्वेषण भएको खनिज पदार्थको व्यवस्थापन कार्य गर्न अन्वेषण कार्यको अनुमति प्राप्त व्यक्तिलाई तोकिए बमोजिमको आधारमा प्राथमिकता दिइनेछ।

१०. **अनुमतिको अवधि**: दफा ६ वा दफा ७ बमोजिम दिइएको अनुमतिको अवधि देहाय बमोजिम हुनेछः

(क) अति महत्त्वपूर्ण खनिज - चार वर्ष,
(ख) महत्त्वपूर्ण तथा बहुमूल्य खनिज - तीन वर्ष,
(ग) सामान्य खनिज - दुई वर्ष।

११. **व्यवस्थापन अनुमतिः** (१) दफा ६ वा दफा ७ बमोजिम अनुमतिपत्र प्राप्त

गरेको व्यक्ति वा कम्पनीले अन्वेषण सम्बन्धी कार्य सम्पन्न भई गुणस्तर तथा परिमाण यकिन भइसकेको खनिज पदार्थको व्यवस्थापन अनुमति लिन चाहेमा देहायका कागजात तथा विवरण संलग्न गरी अन्वेषण अनुमतिको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै व्यवस्थापन अनुमतिको लागि तोकिएको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछः

(क) खनिज कार्य योजना,

(ख) तोकिएको आर्थिक तथा प्राविधिक योग्यता खुल्ने कागजात,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिस,

(घ) तोकिए बमोजिमका अन्य कागजात तथा विवरण।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी निवेदकलाई मनासिब समयावधि तोकी कुनै थप विवरण तथा कागजात पेस गर्न लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम निवेदकबाट पेस भएका विवरण तथा कागजातबाट निवेदक व्यवस्थापन गर्न सक्षम देखिएमा मन्त्रालयले खनिज क्षेत्रको आकार तथा क्षेत्रफल तोकी त्यस्तो व्यक्ति वा कम्पनीलाई व्यवस्थापन कार्यको अनुमति प्रदान गर्न सक्नेछ।

(४) व्यवस्थापन अनुमतिपत्रको ढाँचा, अवधि, दस्तुर तथा अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले पालना गर्नु पर्ने सर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **अनुमतिको नवीकरणः** (१) खनिज कार्य गर्न अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले प्रत्येक आर्थिक वर्षमा अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(२) नवीकरण सम्बन्धी दस्तुर लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **खर्च रकम वा शेयर लिन सक्नेः** (१) मन्त्रालयले आफूले अन्वेषण गरी वा गर्न लगाई पत्ता लगाएको गुण र परिमाण समेत यकिन भईसकेको खनिज पदार्थको खनिज कार्य गर्न कुनै व्यक्ति वा कम्पनीलाई अनुमति दिँदा त्यस्तो खनिज पदार्थको अन्वेषण गर्दा लागेको खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ।

(२) यस ऐन बमोजिम अनुमति दिई गराइने खनिज कार्यमा प्रदेश सरकार हिस्सेदार बन्ने भएमा खनिज कार्य गर्ने अनुमति दिँदा मन्त्रालयले सो विषय समेत खुलाउनु पर्नेछ।

१४. **खनिज कार्य गर्नु पर्ने**ः (१) मन्त्रालयबाट अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले अन्वेषण अनुमति प्राप्त गरेको मितिले छ महिना भित्र अन्वेषण कार्य सुरू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र अन्वेषण कार्य सुरू गर्न नसकेमा सोको आधार तथा कारण र त्यस्तो आधार कारण पुष्टि गर्ने आवश्यक प्रमाण कागज सहित मन्त्रालयमा जानकारी दिनु पर्नेछ।

(३) व्यवस्थापन अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले अनुमतिपत्र प्राप्त गरेको मितिले एक वर्षभित्र खनिज कार्य सुरू गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र व्यवस्थापन कार्य सुरू गर्न नसकेमा सोको आधार तथा कारण र त्यस्तो आधार कारण पुष्टि गर्ने आवश्यक प्रमाण कागज सहित अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै अवधि थपको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(५) उपदफा (२) र (४) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा मन्त्रालयले अन्वेषण गर्न एक पटकका लागि बढीमा छ महिना र व्यवस्थापन कार्यका लागि बढीमा एक वर्षसम्म खनिज कार्य सुरू गर्ने अवधि थप गर्न सक्नेछ।

१५. **अवधि थप गर्न सक्ने**ः (१) विशेष परिस्थिति परेको कारणले दफा १५ बमोजिमको अवधिभित्र खनिज कार्य सम्पन्न गर्न नसकिने मनासिब आधार भएमा सम्बन्धित व्यक्ति वा कम्पनीले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै मन्त्रालयमा अनुमतिपत्रको अवधि थप गर्नको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले खनिज पदार्थको प्रकृति, भौगर्भिक स्थिति, अन्वेषण र व्यवस्थापन कार्यमा उपयोग भएको प्रविधि तथा कार्य प्रगति समेतको आधारमा आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिब देखिएमा तोकिए बमोजिमको

दस्तुर लिई एक वर्षको लागि अवधि थप गर्न सक्नेछ।

१६. **खनिज पदार्थ हस्तान्तरण गर्नु पर्ने**: (१) यो ऐन बमोजिम खनिज पदार्थको अन्वेषणको क्रममा प्राप्त भएको खनिज पदार्थ अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले मन्त्रालयलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) यस दफा बमोजिम हस्तान्तरण भएको खनिज पदार्थ मन्त्रालयले तोकिए बमोजिम व्यवस्थापन गर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्वेषण गर्दा प्राप्त भएको खनिज पदार्थको जाँच तथा परीक्षण गर्नु पर्ने भएमा मन्त्रालयबाट स्वीकृति लिई आवश्यक परिमाणमा त्यस्तो खनिज पदार्थ अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले आफूसँग राख्न वा परीक्षणको लागि प्रयोगशालामा पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम जाँच तथा परीक्षणबाट प्राप्त नतिजाको जानकारी अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले मन्त्रालयलाई गराउनु पर्नेछ।

१७. **प्रतिवेदन पेस गर्नु पर्ने**: (१) अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले दफा १५ बमोजिम खनिज कार्य सुरू गरेको तीस दिनभित्र सोको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र खनिज कार्य सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) व्यवस्थापन कार्यको अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले खनिज कार्य सम्पन्न भएको तीन महिनाभित्र त्यस्तो खनिज कार्यको सम्बन्धमा एकीकृत अन्तिम प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले पेस गर्ने प्रतिवेदनको ढाँचा तोकिए बमोजिम हुनेछ।

१८. **सार्वजनिक निजी साझेदारीमा खनिज कार्य गर्न सकिने**: (१) प्रदेश सरकारले कुनै खनिज कार्य सार्वजनिक निजी साझेदारीको माध्यमबाट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीको माध्यमबाट खनिज कार्य गर्दा प्रदेश सरकार र निजी क्षेत्रको साझेदारीको अंश तथा अन्य सर्तहरू आपसी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम निजी क्षेत्रसँग साझेदारी गर्दा निजी क्षेत्रको छनौट प्रतिस्पर्धात्मक रुपमा गर्नु पर्नेछ।

(४) सार्वजनिक निजी साझेदारी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१९. **सहउत्पादन वा उपउत्पादन बिक्रीः** (१) व्यक्ति वा कम्पनीले व्यवस्थापन कार्य गर्दा प्राप्त हुने कुनै सहउत्पादन वा उपउत्पादनको बिक्री गर्नु परेमा व्यवस्थापन अनुमतिका लागि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "सहउत्पादन" भन्नाले अनुमतिप्राप्त खनिज बाहेकको अर्को खनिज र "उपउत्पादन" भन्नाले जुन खनिज पदार्थको व्यवस्थापन कार्य गरिएको हो उस्तै प्रकृतिका खनिज पदार्थ सम्झनु पर्छ।

(२) कुनै वस्तु व्यवस्थापन अनुमतिप्राप्त खनिज पदार्थको सहउत्पादन वा उपउत्पादन हो वा होइन भन्ने कुराको निर्धारण मन्त्रालयले गर्नेछ।

२०. **स्थानीय तहसँग सहकार्य गर्न सक्नेः** (१) कुनै स्थानीय तहमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा र माटो वा यस्तै प्रकृतिका निर्माणजन्य खनिज पदार्थ स्थानीय तहको वित्तीय वा मानवीय स्रोत वा अन्य प्राविधिक कारणले स्थानीय तहले व्यवस्थापन गर्न नसक्ने भएमा सम्बन्धित स्थानीय तहको अनुरोधमा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा त्यस्तो खानीको अन्वेषण र व्यवस्थापन कार्य गर्न सक्नेछ।

(२) कुनै ठाउँमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा र माटो वा यस्तै प्रकृतिका निर्माणजन्य खनिज पदार्थ एकभन्दा बढी स्थानीय तहमा फैलिएको भएमा प्रदेश सरकारले त्यस्तो खनिज पदार्थ रहेका स्थानीय तहसँगको सहकार्यमा त्यस्तो खनिज पदार्थको अन्वेषण र व्यवस्थापन कार्य गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको व्यवस्थापन कार्यबाट प्राप्त लाभको प्रचलित कानून बमोजिम बाँडफाँट र अन्य सर्तहरू सम्बन्धित स्थानीय तहसँग भएको सम्झौता बमोजिम हुनेछ।

२१. **प्रदेश सरकारले सहकार्य गर्न सक्ने**: (१) यस ऐन बमोजिम प्रदेश सरकारले अन्वेषण वा व्यवस्थापन गर्न सक्ने खानी अर्को प्रदेशमा समेत फैलिएको भएमा सम्बन्धित प्रदेश सरकारहरूले आपसी सहकार्यमा त्यस्तो खानीको अन्वेषण वा व्यवस्थापन कार्य गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम अन्वेषण र व्यवस्थापन कार्यबाट प्राप्त लाभको प्रचलित कानून बमोजिम बाँडफाँट र अन्य सर्तहरू सम्बन्धित प्रदेश सरकारहरूबिचमा भएको सम्झौता बमोजिम हुनेछ।

२२. **जग्गा प्रयोग गर्न सक्ने**: (१) यस ऐन बमोजिम खनिज कार्य गर्ने कुनै निकाय वा कम्पनीले दफा २७ बमोजिम निषेधित क्षेत्र बाहेक कसैको निजी जग्गामा अस्थायी रूपमा कुनै यन्त्र, उपकरण, औजारको प्रयोग वा खनिज कार्यसँग सम्बन्धित अन्य कुनै कार्य गर्नु परेमा त्यस्तो जग्गामा जग्गाधनीको सहमतिमा आवश्यक कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले खनिज कार्यको लागि सरकारी वा सार्वजनिक जग्गा प्रयोग गर्नु पर्ने भएमा सम्बन्धित निकायको स्वीकृति लिई नेपाल सरकारले निर्धारण गरे बमोजिमको भू-बहाल बुझाई त्यस्तो जग्गा प्रयोग गर्न सक्नेछ।

२३. **रकम भराई दिनुपर्ने**: अन्वेषण गर्ने अनुमतिप्राप्त व्यक्ति वा कम्पनी बाहेक मन्त्रालयले अन्य व्यक्तिलाई खनिज पदार्थको व्यवस्थापन कार्य गर्ने अनुमति दिइएमा वा मन्त्रालय आफैंले व्यवस्थापन कार्य गरेमा वा अनुमतिप्राप्त व्यक्ति वा कम्पनी बाहेक दफा १८ बमोजिम सार्वजनिक निजी साझेदारीमा व्यवस्थापन कार्य गरेमा त्यस्तो खनिज पदार्थको स्तर, मात्रा तथा गुणस्तर समेतको आधारमा अन्वेषण गर्ने अनुमतिप्राप्त व्यक्ति वा कम्पनीलाई अन्वेषण गर्दा लागेको खर्च दफा ३४ बमोजिमको समितिको सिफारिसको आधारमा मन्त्रालयले भराई दिनु पर्नेछ।

२४. **जानकारी दिने**ः यस ऐन बमोजिम अनुमतिपत्र दिएको, अनुमतिपत्र नवीकरण गरेको तथा खनिज कार्य गरेको जानकारी मन्त्रालयले नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई दिनु पर्नेछ।

२५. **विवरण पठाउने**ः यस ऐन बमोजिम खनिज पदार्थको अन्वेषणको कार्य सम्पन्न भए पछि मन्त्रालयले अन्वेषणको प्राप्त नतिजा सहितको विवरण नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

२६. **समन्वय गर्नु पर्ने**ः यस ऐन बमोजिम खनिज व्यवस्थापन कार्य गर्दा गराउँदा प्रदेश सरकारले नेपाल सरकार तथा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

२७. **खनिज कार्य गर्न नसकिने**ः खानी सम्बन्धी सङ्घीय कानून बमोजिम राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्त्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गरिएकोमा त्यस्तो क्षेत्रमा यस ऐन बमोजिम खनिज कार्य गर्न सकिने छैन।

## परिच्छेद-३

## सुविधा तथा सहुलियत

२८. **हातहतियार राख्न सक्ने**ः (१) अनुमति प्राप्त व्यक्ति वा कम्पनीले खनिज कार्यको सिलसिलामा जीउज्यान तथा धन सम्पत्तिको सुरक्षाका लागि प्रचलित कानूनको अधीनमा रही आवश्यक हातहतियार राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको हातहतियारको विवरण अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

२९. **विष्फोटक पदार्थको प्रयोग**ः खनिज कार्यका लागि चाहिने विष्फोटक पदार्थ अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले प्रचलित कानूनको अधीनमा रही आयात, सञ्चय, ओसार-पसार र प्रयोग गर्न सक्नेछ।

३०. **सञ्चार उपकरण राख्न सक्ने**ः अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले प्रचलित कानूनको अधीनमा रही खनिज कार्यको लागि आवश्यक सञ्चार उपकरण राख्न सक्नेछ।

३१. **अन्य सुविधा तथा सहुलियत**ः यस ऐनमा उल्लिखित सुविधा तथा सहुलियतको अतिरिक्त अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले खनिज कार्य गर्दा पाउने अन्य सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## **निर्देशक समिति**

३२. **निर्देशक समितिः** (१) यस ऐन बमोजिम हुने खनिज कार्यको सम्बन्धमा आवश्यक समन्वय तथा निर्देशन दिन देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) मुख्यमन्त्री -संयोजक

(ख) खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्री - सह संयोजक

(ग) वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्री - सदस्य

(घ) प्रदेश सभाको खानी तथा खनिज सम्बन्धी विषय हेर्ने समितिको सभापति -सदस्य

(ङ) प्रदेश सरकारको प्रमुख सचिव -सदस्य

(च) खनिज कार्य गरिने स्थानीय तहको प्रमुख वा अध्यक्ष -सदस्य

(छ) उद्योग वाणिज्य महासङ्घको प्रदेश प्रतिनिधि -सदस्य

(ज) संयोजकले मनोनयन गरेको खानी सम्बन्धी विज्ञ -सदस्य

(झ) खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजलाई पुनः मनोनयन गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सदस्यले पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा निजलाई संयोजकले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(४) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र रहेको खनिज पदार्थको सम्भाव्यता अध्ययन तथा उपयोगमा सहजताका लागि नीतिगत सुधार गर्नु पर्ने विषयमा प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली कार्यान्वयन गर्न सम्बन्धित निकायबिच समन्वय कायम गर्ने,

(ग) यस ऐन बमोजिम भएको खनिज कार्यको समीक्षा गर्ने,

(घ) यस ऐन बमोजिम भएको खनिज कार्यको सम्बन्धमा अनुगमन गरी सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आवश्यक निर्देशन दिने,

(ङ) यस ऐन बमोजिम खनिज कार्य गर्दा आइपरेका समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

३४. **प्रदेश खानी तथा खनिज विकास समितिः** (१) यस ऐन बमोजिम हुने खनिज कार्यको अनुमति जारी गर्ने सम्बन्धमा मन्त्रालयलाई प्राविधिक राय सिफारिस गर्न तथा निर्देशक समितिलाई आवश्यक सुझाव सहित सिफारिस गर्न देहाय बमोजिमको प्रदेश खानी तथा खनिज विकास समिति रहनेछः-

(क) खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री -संयोजक

(ख) आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ग) वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(घ) माइनिङ ईन्जिनियर, भूगर्भविद् र वातावरणविद्हरू मध्येबाट संयोजकले मनोनयन गरेका एक/एक जना गरी तीनजना -सदस्य

(ङ) खानी तथा खनिज सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ । निजलाई पुनः मनोनयन गर्न सकिने छ ।

(४) प्रदेश खानी तथा खनिज विकास समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) प्रदेश खानी तथा खनिज विकास समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **प्रदेश खानी तथा खनिज विकास समितिको काम, कर्तव्य र अधिकारः** प्रदेश खानी तथा खनिज विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश भित्र खानी तथा खनिज पदार्थको सम्भाव्यता अध्ययन तथा उपयोगमा सहजताका लागि नीतिगत सुधार गर्नु पर्ने विषयमा निर्देशक समिति समक्ष पेस गर्ने,

(ख) खनिज कार्यको लागि प्राप्त निवेदन उपर जाँचबुझ तथा अध्ययन गर्ने,

(ग) खनिज कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) प्रदेश भित्रका खनिज कार्यहरूसँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदन, माइनिङ स्किम अनुसार भए नभएको अनुगमन गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-५

## विविध

३६. **जग्गा प्राप्त गर्ने**: (१) यस ऐन बमोजिम खनिज कार्यका लागि अस्थायी वा स्थायी तवरले प्राप्त गर्नुपर्ने जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा सम्बन्धित जग्गाधनीलाई प्रचलित कानून बमोजिम मुआब्जा दिन वा जग्गाको क्षेत्रफलको आधारमा खनिज कार्यबाट प्राप्त हुने लाभमा हिस्सेदार वा अस्थायी रुपमा उपयोग गर्ने जग्गाको हकमा आपसी समझदारीमा गर्न सकिनेछ ।

३७. **वातावरणीय अध्ययन गर्नुपर्ने**: (१) यस ऐन बमोजिम खनिज कार्य गर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको प्रतिवेदनमा

उल्लिखित विषय पालना गरी वातावरण संरक्षणका सम्बन्धमा अधिकतम् उपायहरू अपनाउनु पर्नेछ।

(३) खनिज कार्यको लागि अनुमति प्राप्त व्यक्ति वा कम्पनीले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन मन्त्रालयले सम्बन्धित व्यक्ति वा कम्पनीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्ति वा कम्पनीको कर्तव्य हुनेछ। त्यस्तो निर्देशन पालना नगर्ने व्यक्ति वा कम्पनीलाई वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

३८. **रोयल्टी तथा अन्य दस्तुर**ः खनिज कार्यको व्यवस्थापन गर्ने अनुमति प्राप्त व्यक्ति वा कम्पनीले मन्त्रालयलाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिए बमोजिमको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउनु पर्नेछ।

३९. **निरीक्षण तथा जाँचबुझ गर्ने**ः (१) मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्ने प्रयोजनको लागि मन्त्रालयले तोकिए बमोजिम योग्यता पुगेका कर्मचारीलाई खनिज निरीक्षकको रुपमा खटाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जनुसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमतिप्राप्त व्यक्ति वा कम्पनीको कर्तव्य हुनेछ।

४०. **विज्ञको सेवा लिन सक्ने**ः यस ऐन बमोजिम गरिने खनिज कार्य गर्दा वा गराउँदा तथा सोको अनुगमन तथा जाँचबुझ गर्दा मन्त्रालयले खनिज सम्बन्धी विज्ञको सेवा लिन सक्नेछ।

४१. **आदेश दिन सक्ने**ः खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई

हुन सक्ने क्षति, कसैको जीउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठानमा हानि नोक्सानी हुन नदिन, भू-क्षय हुन नदिन मन्त्रालयले आवश्यक आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित व्यक्ति वा कम्पनीको कर्तव्य हुनेछ।

४२. **विशेष अधिकारः** (१) प्रदेश सरकारले प्रादेशिक सुरक्षा वा सार्वजनिक हितका लागि आवश्यक देखेमा खनिज कार्य तुरुन्त रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्ति वा कम्पनीलाई पर्न गएको हानि नोक्सानीको लागि मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

४३. **सजायः** (१) कसैले यस ऐन बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा प्रदेश सरकारले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा व्यवस्थापन कार्य गरेको खनिज पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो व्यक्ति वा कम्पनीलाई एक लाख रुपियाँ देखि पाँच लाख रुपियाँ सम्म जरिबाना गर्न सक्नेछ।

(२) अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले दफा ४१ बमोजिम दिएको आदेश पालना नगरेमा त्यस्तो आदेश पालना नगरेसम्म मन्त्रालयले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ र त्यस्तो आदेश पालना नगरेको कारणबाट खानी तथा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा क्षति भएमा एक लाख रुपियाँसम्म जरिबाना गर्न सक्नेछ र क्षतिको आधारमा मनासिब क्षतिपूर्ति समेत त्यस्तो अनुमति प्राप्त व्यक्ति वा कम्पनीबाट भराउनेछ।

(३) अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले दफा १७ बमोजिमको विवरण पेस नगरेमा त्यस्तो विवरण पेस नगरेसम्म मन्त्रालयले खनिज कार्य स्थगन गर्न सक्नेछ।

(४) अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले उपदफा (१), (२) वा (३) मा लेखिए देखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम

विपरीतको कुनै काम गरेमा मन्त्रालयले निजलाई एक लाख रुपियाँसम्म जरिबाना गर्ने वा खनिज कार्य गर्न दिइएको अनुमति रद्द गर्न सक्नेछ।

(५) उपदफा (१), (२), (३) वा (४) बमोजिम सजाय गर्नु भन्दा अगाडि मन्त्रालयले सम्बन्धित व्यक्ति वा कम्पनीलाई स्पष्टीकरण पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) यस ऐन बमोजिम अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले खनिज कार्य गर्दा कसैले बाधा विरोध गरेमा वा त्यस्तो कार्य गर्न अवरोध सिर्जना गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(७) उपदफा (१), (२), (३) वा (४) बमोजिम भएको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले पैँतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

४४. **प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा उल्लिखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

४५. **नियम बनाउने अधिकार**: यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।